# लेखापरीक्षण प्रतिवेदन
# बाँके
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. उच्चअदालत तुलसीपुर, नेपालगञ्ज, इजलास | ३ |
| | ३.२. बाके जिल्ला अदालत | ३ |
| | ३.३. क्षेत्रिय  निर्वाचन कार्यालय | ४ |
| | ३.४. उच्च सरकारी वकिल कार्यालय, नेपालगंज | ४ |
| | ३.५. अञ्चल प्रहरी कार्यालय, भेरी | ४ |
| | ३.६. अञ्चल सशस्त्र प्रहरी गुल्म | ५ |
| | ३.७. अध्यागमन कार्यालय | ५ |
| | ३.८. आन्तरिक राजश्व कार्यालय, नेपालगञ्ज | ५ |
| | ३.९. श्री नं.४ वाहिनी, बाँके | ११ |
| | ३.१०. कर्णाली वेशीन कार्यालय | १२ |
| | ३.११. कपास विकास समिति | १२ |
| | ३.१२. कारागार कार्यालय | १४ |
| | ३.१३. कोहलपुर नगर बिकास समितिको कार्यालय | १४ |
| | ३.१४. खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | १६ |
| | ३.१५. जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन | १८ |
| | ३.१६. जिल्ला कृषि विकास कार्यालय | २० |
| | ३.१७. जिल्ला जनस्वास्थ्य कार्यालय | २१ |
| | ३.१८. जिल्ला पशु सेवा कार्यालय | २३ |
| | ३.१९. जिल्ला प्रशासन कार्यालय | २३ |
| | ३.२०. जिल्ला प्रहरी कार्यालय | २४ |
| | ३.२१. जिल्ला प्राविधिक कार्यालय | २५ |
| | ३.२२. जिल्ला वन कार्यालय | २५ |
| | ३.२३. जिल्ला विकास समितिको कार्यालय | २८ |
| | ३.२४. जिल्ला सरकारी वकिल कार्यालय | ३३ |
| | ३.२५. जिल्ला शिक्षा कार्यालय | ३३ |
| | ३.२६. डिभिजन सडक कार्यालय | ३७ |
| | ३.२७. तेस्रो साना शहरी सरसफाई तथा खानेपानी आयोजना | ४२ |
| | ३.२८. दंगा नियन्त्रण प्रहरी गण | ४३ |
| | ३.२९. नेपालगञ्ज भन्सार कार्यालय | ४३ |
| | ३.३०. नापी कार्यालय | ४५ |
| | ३.३१. पर्यटन कार्यालय | ४६ |

| | | |
|---|---|---|
| ३.३२. | पुल योजना पश्चिम क्षेत्र सेक्टर नं. ३ | ४७ |
| ३.३३. | भूमिगत जलसिंचाइ विकास डिभिजन | ५० |
| ३.३४. | भूमिगतजलश्रोत विकास समिति | ५१ |
| ३.३५. | भेरी अञ्चल अस्पताल | ५२ |
| ३.३६. | भेरी प्राविधिक शिक्षालय | ५४ |
| ३.३७. | मध्यपश्चिमाञ्चल सिंचाइ विकास डिभिजन | ५५ |
| ३.३८. | मध्य पश्चिम क्षेत्रीय प्रहरी तालीम केन्द्र | ५७ |
| ३.३९. | मध्य पश्चिमाञ्चल क्षेत्रिय मेडिकल स्टोर | ५७ |
| ३.४०. | महेन्द्र बहुमुखी क्याम्पस | ५७ |
| ३.४१. | मालपोत कार्यालय | ५८ |
| ३.४२. | सशस्त्र प्रहरी वल बागेश्वरी | ५९ |
| ३.४३. | सशस्त्र प्रहरी बल, सीमा सुरक्षा कार्यालय | ६० |
| ३.४४. | सशस्त्र प्रहरी तालिम केन्द्र, नौवस्ता | ६० |
| ३.४५. | सशस्त्र प्रहरी वल त्रिपुरा | ६१ |
| ३.४६. | सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय | ६१ |
| ३.४७. | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ६१ |
| ३.४८. | सिक्टा सिंचाइ आयोजना | ६४ |
| ३.४९. | स्थानीय विकास कोष समितिको सचिवालय | ६९ |
| ३.५०. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | ७० |
| ३.५१. | हुलाकी राजमार्ग आयोजना | ७२ |
| ३.५२. | क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, खजुरा | ७३ |
| ३.५३. | क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय | ७५ |
| ३.५४. | क्षेत्रिय प्रहरी अस्पताल | ७६ |
| ४. | आन्तरिक लेखापरीक्षण | ७६ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ७८ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ८१ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको कार्यालयको आय व्यय विवरण | ८३ |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ८५ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्थाः** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्यः** सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्रः** यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धतिः** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ६४ कार्यालयको विस्तृत र ४९ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण:** यस जिल्लास्थित ११३ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.१९ अर्ब ९२ करोड ३८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष ६४ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ९९५ र रु १ अर्व २१ करोड २४ लाख ६१ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ४८ कार्यालयको प्रतिक्रिया बाट फछ्र्यौट र समायोजन भएका ३५३ दफा र रु.१८ करोड ४७ लाख २४ हजार मिलान गरी ६४ कार्यालयको दफा ६४२ को १ अर्व २ करोड ७७ लाख ३७ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.१४ लाख ६६ हजार र प्रतिक्रियाबाट रु.१ लाख ११ हजार समेत रु.१५ लाख ७७ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.७ करोड ६१ लाख ६२ हजार, अनियमित रु.३७ करोड ५५ लाख ७८ हजार र पेश्की रु.५७ करोड ५९ लाख ९१ हजार यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव:** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## उच्च अदालत तुलसीपुर, नेपालगञ्ज, इजालास

१ **आन्तरिक नियन्त्रण:** बिभिन्न ऐन नियम एवं कार्यबिधिमा उल्लेख भएका कार्यालयको कामसंग सम्बन्धित आन्तरिक नियन्त्रणको व्यबस्थाको कार्यान्वयन गर्नु पर्दछ। आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम पुराना सामानको मर्मत संभार र लिलाम बिक्री कार्य भएको छैन। मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन । नियमावलीमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

२ **खर्च शीर्षक फरक:** आर्थिक कार्यविधि नियमावली,२०६४ को दफा ३५ अनुसार सम्बन्धित खर्च शीर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था छ। कार्यालयले करारका कर्मचारीहरुलाई अन्य सेवा शुल्कबाट तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलव र महंगी भत्ता शीर्षकवाट खर्च भुक्तानी दिएको देखिएकोले रु.११ लाख २ हजार नियमित गर्नुपर्दछ ।

## बाँके जिल्ला अदालत, नेपालगञ्ज

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक मूल्याङ्कनबाट कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणित गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको जस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

२. **अख्तियारी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ भन्ने व्यवस्था रहेको छ। कार्यालयमा प्राप्त बिभिन्न बजेट शीर्षकहरुको अख्तियारी मध्ये केही शीर्षकको अख्तियारी आर्थिक बर्ष शुरु भएको ९ महिना ढिलागरी पठाएको छ ।

३. **मुद्धाको स्थिति:** जिल्ला अदालतमा गतवर्षको मौज्दात सरि आएको १३६४ मुद्धा मध्ये यो वर्ष २२७८ थप भई ३६४२ पुगेकोमा यस वर्ष फछ्र्यौट भै १३२० मुद्धा आगामी वर्षको लागि जिम्मेवारी सरेको अवस्था छ । प्रत्येक वर्ष जिम्मेवारी सर्ने मुद्धाको अनुपात वरावरीकै नजिक रहेको कारण वाँकी मुद्धा छिटो टुङ्गाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४. **चाडपर्व खर्च:** निजामती.सेवा ऐन २०४९ दफा १२८(३) अनुसार कर्मचारीले आफ्नो धर्म परम्परा अनुसार चाड पर्व खर्च पाउने व्यवस्था छ। चाडपर्व खर्च भुक्तानीको अभिलेख राखी सोही अनुसार कर्मचारीको मुख्यचाड अनुसार भुक्तानी गर्नुपर्नेमा कार्यालयले नयाँ नियुक्त ५ कर्मचारीलाई चैते दशैमा चाडपर्व खर्च भुक्तानी गरेको र पुनः २०७३ सालको वडा दशैमा पर्व खर्च भुक्तानी गरेकोले दोहोरो रकम रु.८८ हजार असुल हुनुपर्दछ ।

५. **खर्च शीर्षक:** करारका कर्मचारीहरुलाई तलब खर्च लेख्दा अन्य सेवा शुल्कबाट खर्च लेख्नुपर्नेमा तलब भत्ता शीर्षकबाट रु १८ लाख ३२ हजार खर्च लेखेको खर्च समर्थन गराई नियमित गर्नुपर्दछ ।

६. **पेश्की वाँकी:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयको आर्थिक वर्षको अन्तमा फछ्र्यौट नभएको पेश्की रु ५ लाख ३६ हजार नियमानुसार फछ्र्यौट गर्नु पर्ने देखिन्छ ।

७. **लगत कट्टी मिन्हा:** जिल्ला अदालत नियमावली २०५२ को नियम ७१ अनुसार लगत अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । अदालतको राजस्वको आर्थिक विवरणवाट रु.५७लाख ६ हजार लगत कट्टा

मिन्हा गरेकोमा फछ्र्यौट समितिको वैठक न्यूनतम वर्षमा ४ पटक वस्नुपर्नेमा एक पटक पनि वसेको छैन। समितिवाट लगत कट्टा हुने रकमको अभिलेख समेत अदालतले नराखेको कारण यो वर्ष लगत कट्टा गरिएको रु.५७ लाख ६ हजारको सम्वन्धमा यकिन हुन सकिएको छैन।

८. **नगद वाँकी:** आर्थिक कार्यविधि नियमावली २०६४ ले व्यक्तिगत धरौटी रकम अन्य प्रयोजनमा खर्च गर्न नपाउने व्यवस्था गरेको छ। उक्त नियमावलीले गरेको व्यवस्था विपरित धरौटी रकम बैक दाखिला नगरी अन्य प्रयोजनमा खर्च गरेको देखियो। २०७३ पौष मसान्तमारु ७ लाख ६९ हजार नगद मौज्दात नै रहेको छ। धरौटीको रकम अन्य प्रयोजनमा खर्च गरेको अवस्थामा सो रकममा व्याज गणना गरी असुल गर्नुपर्दछ।

९. **धरौटी**: आर्थिक कार्यविधि नियमावली २०६४ ले वाँकी धरौटीको नाम नामेसी सहित धरौटी रकम भिडान गरी राख्नु पर्ने व्यवस्था गरेको छ। अदालतको धरौटी खाता वमोजिम मौज्दात रकम रु ४ करोड २६ हजार ९३ हजार रहेको छ। एकीकृत धरौटी विवरण वमोजिम रु ४ करोड २३ लाख ९७ हजार रहेको छ। फरकरु २ लाख ८ हजार नगद वाँकी र रु ८७ हजार गत/विगत वर्षहरु देखि वैक वाँकी रहेकोमा हिसाब मिलान गरेको छैन।

## क्षेत्रिय निर्वाचन कार्यालय

१ **भ्रमण खर्च:** भ्रमण खर्च नियमावली २०६४ अनुसार एक कर्मचारीले कालिकोट देखि नेपालगंज सम्मको भ्रमण खर्च भुक्तानी गर्दा बढी भुक्तानी दिएको रु ४८००।- असुल गर्नुपर्दछ।

## उच्च सरकारी वकिल कार्यालय

१. **पेश्की:** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ७४ को उपनियम ३ बमोजिम सरकारी कार्यालयहरुले तोकिदिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ। यस कार्यालयले पेश गरेको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म भवन निर्माण बापतको मोविलाईजेशन पेश्की रु ६६ लाख फछ्र्यौट गर्न बाँकी रहेको नियमानुसार फछ्र्यौट हुनुपर्ने देखिन्छ।

२. **खर्च शीर्षक फरक:** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार एक खर्च शिर्षकमा विनियोजन भएको रकम अर्को खर्च शिर्षकमा खर्च गर्नु हुदैन। कार्यालयमा रहेका सवारी साधन को सवारी साधन कर भुक्तानी गर्दा तलब भत्ता शीर्षकबाट रु १८ हजार खर्च लेखेको देखिएकोले खर्च समर्थन गराई नियमित गर्नुपर्दछ।

३. **सम्झौता नगरी कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक निकायले काम गराउदा के, कुन कार्य, कति समयमा गर्ने हो सबै विषय खुलाई सम्वन्धित पक्षहरु विच सम्झौता गरी कार्य गर्नु पर्दछ। सर्भे डिजाइनको कार्य जिल्ला प्राविधिक कार्यालय तथा शहरी विकास कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीवाट गराउनु पर्नेमा कार्यालयले एक कन्सल्टेन्सीसंग रु २ लाख ९४ हजारको भवनको डिजाइनको कार्य सम्झौता नगरी सोझै गराएको अनियमित देखिन्छ।

## अञ्चल प्रहरी कार्यालय

१. **बार्षिक प्रतिवेदन:** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९० बमोजिम प्रत्येक कार्यालयले आफ्नो आर्थिक कारोबारको अनुसूचि २११ बमोजिमको ढाँचामा संक्षिप्त आर्थिक तथा बार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको २१ दिनभित्र दुई प्रति पठाउनु पर्ने व्यबस्था गरिएको छ। बार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी पेश भएको देखिएन। अत: रितपूर्वक संक्षिप्त आर्थिक तथा बार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी पेश हुनुपर्दछ।

२. **खरिद योजना**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ (१) मा वार्षिक १० लाख रुपैयाभन्दा बढी रकमको खरिद गर्नुपर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयको अख्तियारी प्राप्त गरेका पुर्ननिर्माण तथा पूँजिगत कार्यक्रममा समेत रु.१२ लाख २० हजार खर्च गरेकोमा फर्निचर, मेशिनरी औजार, सार्वजनिक निर्माण लगायतका कार्य लक्ष्य अनुसार खरिद गरेको भएता पनि खरिद योजना बनाएको पाईएन ।

## अञ्चल सशस्त्र प्रहरी गुल्म

१. **वीमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ वमोजिम रु.१० लाखभन्दा वढी मूल्यको निर्माणको वीमा गर्नुपर्ने व्यवस्था छ । गणले यसको हाताभित्र मल्टी स्टोरी कार्यालय भवन वोलपत्रको माध्यमवाट प्रतिस्पर्धा गराई घटीवाला एक निर्माण व्यवसायीसंग सम्झौता गरी मिति २०७३।१२।२९ मा कार्यादेश दिइएकोमा विमा गरेको छैन । नियममा तोकिए बमोजिम बीमा गरी जोखिम न्यूनिकरण गर्नुपर्दछ ।

## अध्यागमन कार्यालय

१ **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० (१) मा कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा १ पटक जिन्सी निरीक्षण गरी वा गर्न लगाइ प्रतिवेदन लिनुपर्ने र नियम ५०(३) मा लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत संभार गर्नुपर्ने भए ३ महिनाभित्र गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयको अभिलेख अनुसार १०६ प्रकारका मालसामानहरु मध्ये चालु हालतमा नरहेका ४९ प्रकारका सामानहरुको सम्बन्धमा प्रतिवेदनले औंल्याएका व्यहोरा कार्यान्वयन गरेको देखिएन ।

२ **कार्य विवरण:** निजामती सेवा ऐन २०४९ को दफा ५ बमोजिम कार्यरत निजामती कर्मचारीलाई कामको जिम्मेवारी सहितको कार्य विवरण दिनुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्षको शुरुमा कर्मचारीहरुलाई निजहरुले वर्षभरीमा सम्पादन गर्नुपर्ने कार्यको जिम्मेवारी तयार गरी सम्वन्धित कर्मचारीहरुलाई दिएको नदेखिदा यसमा सुधार हुनुपर्दछ ।

## आन्तरिक राजश्व कार्यालय, नेपालगञ्ज

१. **आय विवरण:** आयकर ऐन, २०५८ को दफा ९६ अनुसार यो वर्ष आय विवरण दाखिला गर्नुपर्ने ४७८१९ करदातामध्ये २१५४६ करदाता (४५.०५ प्रतिशत) ले मात्र आय विवरण दाखिला गरेको अभिलेख बाट देखिन्छ । आय विवरण दाखिला नगर्ने २६२१३ करदाता (५४.९५ प्रतिशत) को खोजि गरी आय विवरण दाखिला गर्ने लगाउने कार्य भएको समेत पाइएन । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएका ६८३६ करदाताहरु ले मूल्य अभिबृद्धि कर विवरण बुझाउनु पर्नेमा ९५७ (१४ प्रतिशत) ले डेविट विवरण, १५३७ (२२ प्रतिशर्त ले केडिट विवरण, ११२३ ( १६ प्रतिशत) ले शुन्य विवरण पेश गरेको र ३२२० (५२ प्रतिशत) ले विवरण पेश नगरेकोमा बजार अनुगमन गरी यस्ता विवरणको छानविन बढाउनुपर्ने देखिन्छ । व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या २२७५८ रहेकोमा आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गरेको अभिलेख रहेको पाइएन । अन्त:शुल्क ऐन, २०५८ को दफा १० अनुसार नवीकरण गराएका व्यक्ति, फर्म वा संस्थाको अभिलेख राखेको पाइएन । आयकर तर्फ आय विवरण पेश नगर्ने २६२१३ करदाताहरुले आर्थिक कारोबार गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन गरिनुपर्दछ ।

२. **राजश्वको आर्थिक विवरण:** आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ दिन भित्र लगती राजस्व रकम र असुल हुन बाकी रकम तथा हसवली राजस्व समेतको कच्चावारी समेत भिडाई राजस्वको वार्षिक आर्थिक विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएको ढांचामा राजश्वको आर्थिक विवरण तयार गरेको छैन ।

कार्यालयले पेश गरेको आर्थिक विवरण अनुसार रु १ अर्व ३७ करोड ०२ लाख ९७ हजार राजश्व आम्दानी गरेको देखिएकोमा सिस्टमको शीर्षकगत विवरण अनुसार रु १ अर्व ३७ करोड ७६ लाख ३४ हजार आम्दानी गरेको देखिन्छ । फरक परेको रु ७३ लाख ३६ हजार सम्बन्धमा स्पष्ट गरिनुपर्दछ । कार्यालयले लगत बांकी, लगत कट्टा मिनाहा, कायमी लगत र लगत बांकीको विवरण खुल्ने आर्थिक विवरण तयार नगरेकोले तयार गर्नु पर्दछ ।

३ **राजश्व लेखा प्रणाली**: विद्युतीय कर प्रणालीमा राजश्व लेखाप्रणाली सम्बन्धि अलग पोर्टल को व्यवस्था गरेकोमा म.ले.प.फा.नं.हरु क्रमश: ११, १०८क, १०८ख, १०, १०८, २३, ९, १५क र १९३ नराखेकोले राख्नु पर्दछ ।

४ **मूल्य अभिवृद्धि कर कोषः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ५१ अनुसार कोषमा जम्मा हुन आएको रकमबाट विभागले आदेश दिएको रकम फिर्ता दिई बाँकी रहने व्यवस्था भए अनुसार यस वर्ष रु १ करोड ४३ लाख ४७ हजार फिर्ता भएको देखिन्छ । एक करदाताले आय वर्ष २०७२।७३ मा रु ६७ लाख ३२ हजार मु.अ.कर फिर्ता माग गरेकोमा रु ६२ लाख ९१ हजार प्राप्त गरेको देखिन्छ ।- करदाताले २०६९ फागुनमा रु ८७ लाख ३१ हजार मु.अ.कर फिर्ता दावी गरेकोमा कार्यालयले २०७० बैशाख महिनामा रु १० लाख ३९ हजार क्रेडिट एडभाईस दिएको छ । यो वर्ष करदाताले २०७२ पौष महिनामा क्रेडिट रहेको रु ७९ लाख ९७ हजार मु.अ.कर फिर्ता दावी गरेको मु.अ.कर विवरणबाट देखिन्छ । उक्त विवरण बमोजिम करदाताले २०७० माघ महिनासम्मको मात्र मु.अ.कर फिर्ता प्राप्त गर्नेपर्ने हुन्छ । करदाताको २०७० बैशाखमा देखिएको क्रेडिट रकम रु १७ लाख ५२ हजार- मध्ये माघ, फागुन र चैत्र को क्रेडिट रकम रु ७ लाख २६ हजार मात्र फिर्ता प्राप्त गर्ने सक्दछ । तसर्थ उक्त दावीमा ३ वर्ष अधिको पुरानो मु.अ.कर रु १ लाख २५ हजार रहेकोमा कार्यालयले मु.अ.कर फिर्ता परीक्षण गर्दा रु ७ लाख १६ हजार घटाएको देखिएकोले बाँकी रकम रु ३ लाख ०९ हजार बढि फिर्ता गरेको देखिएकोले सम्बन्धित बाट असुल गर्नुपर्ने देखिएको छ ।

५ **करको दायरा विस्तारः** आयकर ऐन, २०५८ को दफा ७८ मा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्ने वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनु पर्ने व्यवस्था रहेको छ ।आन्तरिक राजश्व कार्यालयले आफ्नो कार्याक्षेत्र भित्र कारोबार गर्ने करदाताको कारोबार वा पेशा वा व्यवसायको प्रकृति खुल्ने गरी स्थायी लेखा नम्बर दिने गरेको छैन । जसले गर्दा संस्था, प्राइभेट कम्पनी आदिले स्थायी लेखा नम्बर लिए नलिएको अनुगमन गर्ने सकिने अवस्था छैन । प्राइभेट फर्म सम्बन्धि मापदण्ड, २०७१ को दफा १२ अनुसार रु.५० लाखभन्दा बढि पूँजी देखाई यस कार्यालयको कार्य क्षेत्रभित्र दर्ता भएका प्राइभेट फर्मको विवरण सम्बन्धित निकायबाट लिई मूल्य अभिबृद्धिमा दर्ता भए नभएको सम्बन्धमा अनुगमन गर्नु पर्ने देखिन्छ ।

६. **अनुमानित करको विवरणः** आयकर ऐन, २०५८ को दफा ९४ मा किस्ता वन्दीमा कर दाखिला गर्ने र दफा ९५ मा दाखिला गर्नु पर्ने अनुमानित करको विवरण बुझाउनु पर्ने व्यवस्था रहेको छ । त्यस्तै आयकर नियमावली, २०५९ को नियम ३३ मा अनुमानित करको विवरण आवश्यक नपर्ने व्यक्तिहरु तोकिएको छ भने नियम ३४ अन्तर्गत करको ढाँचा तोकिएको छ । यस्तो विवरण नबुझाउने लाई ऐनको दफा ११७(क) अनुसार शुल्क तथा दफा ११८(१) अनुसार व्याज लाग्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत आयकरतर्फ दर्ता भएका करदाताहरु मध्ये अनुमानित आय विवरण दाखिला गर्ने करदाताको अभिलेख अद्यावधिक गरेको पाइएन । अनुमानित कर विवरण पेश गर्नु पर्ने करदाताले समयमा पेश गरे नगरेको सम्बन्धमा अभिलेख राखी अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

७ **कागजातको ढाँचाः** आयकर ऐन, २०५८ को दफा ७७ मा आयकर ऐन र ऐन अन्तर्गत बनेको नियमावली बमोजिम आवश्यक तथा आयकर ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने सूचना, विवरण तथा जानकारीहरु समावेश हुने गरी विभागले समय समयमा आवश्यक कागजात, आय विवरण लगायतका विवरणहरु, कर कट्टी विवरण दाखिला गर्ने तरिका र ढाँचा तथा अभिलेखको ढाँचा तोक्न सक्ने व्यवस्था रहेको छ। यस वर्ष कर परीक्षण भएका कुनै पनि कम्पनीको वित्तीय विवरण सो ढाँचा अनुरुप तयार गरी पेश गर्ने गरेको देखिएन र कर परीक्षण प्रतिवेदनमा ढाँचा पालना नभएको सम्बन्धमा उल्लेख गर्ने गरेको देखिएन। करदाताको आय विवरण पूर्ण वा अन्य कर परीक्षण गर्ने छनौट भएपछि कार्यालयले आयकर ऐन २०५८ को दफा ८३(१) बमोजिम कागजात तथा फाँटवारी पेश गर्ने आदेश दिने गरेको छ। करदाताले पेश गरेको आय विवरण तथा वित्तीय विवरण एवं कर निर्धारण आदेश बाहेक यसरी माग भएका कागजात (बैंक विवरण, अन्य सरकारी निकायले उपलव्ध गराएका जानकारी आदि), कर परीक्षकको कार्यपत्रको अभिलेख कर परीक्षण फाइलमा राख्ने गरेको छैन । अभिलेख अध्यावधिक गर्नु पर्दछ।

८ **करपरीक्षण**ः आयकर ऐन, २०५८ को दफा ९५(७), ९६(५), १००(२), १०१ एवं मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २३ तथा अन्तःशुल्क ऐन, २०५८ को दफा १०(घ) आन्तरिक विभागले संशोधित कर निर्धारण गर्ने सक्ने व्यवस्था छ। यसरी गरिएको संशोधित कर निर्धारणमा पुनः संशोधन गर्ने विभागले उपयुक्त ठानेमा जतिपटक पनि संशोधन गर्न सक्ने र यस्तो निर्धारण आय विवरण पेश गरेको मितिले चार वर्षभित्र गरिसक्नु पर्ने व्यवस्था रहेको छ। कर परीक्षणका लागि करदाताको छनौट गर्दा आयकर, मूल्य अभिवृद्धि कर र अन्तः शूल्क तर्फ विभिन्न शीर्षकगत आधारमा करदाता छनोट गर्ने व्यवस्था रहेको छ। तर आन्तरिक राजश्व विभाग एवं कार्यालयले तोकिएका आधारलाई उपयुक्त भार दिई उच्च अंक आउने करदाताहरु मध्येबाट करदाता छनौट गरेको अभिलेख रहेको देखिएन ।आयकर ऐन, २०५८ अनुरुप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरुमा छनौट भई जिम्मेवारी सरेका र यो वर्षआय विवरण पेश गरेका मध्ये ११५ करदाताहरुको मात्र कर परीक्षण भएको छ। यसबाट ज्यादै कम करदाताका फाइल छनौट गर्ने र छनौट भएका मध्ये पनि कम करदाताको मात्र कर परीक्षण हुने गरेको पाइयो। अतः आय विवरण पेश गरेका सबै करदाताहरुको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्ने आवश्यक सुधार गर्दै लानु पर्ने देखिन्छ।

९ **कर छुट पाउने संस्थाः** दर्ता भएका व्यक्तिको अभिलेख कार्यालयमा रहेको कम्प्युटर प्रणालीमा राखिएको भए तापनि स्थायी लेखा नम्बर लिएका मध्ये आयकर ऐन, २०५८ को दफा २(ध) अनुसार कर छुटमा दर्ता भएका संस्थाको छुट्टै अभिलेख राखेको देखिएन। यसबाट स्थायी लेखा नम्बर लिएका करदातामध्ये कति कर छुट्मा छन् सो स्पष्ट नहुने भएको छ। आयकर छुटको प्रमाणपत्र लिएका करदाताहरुले पेश गरेको आय विवरणबाट आयकर लाग्ने आय र आयकर छुट हुने आय रकम एकिन गरी आय कर लाग्ने आयमा कानून अनुसार आयकर भुक्तानी भए नभएको एकिन हुनु पर्दछ। कार्यालयले आयकर छुटको प्रमाणपत्र लिएका करदाता मध्ये आय विवरण बुझाएका करदाताको अलग अभिलेख तयार नगरेकोले आय कर लाग्ने आयमा कर असुल गरे नगरेको परीक्षण गर्ने सकिएन। यस्ता करदाताहरुबाट आय विवरण दाखिला गर्ने लगाई कर लाग्ने कारोबार गरे नगरेको अनुगमन गरी कर लाग्ने कारोबार गरेको देखिएमा कानून अनुसार कर असुल हुनु पर्दछ।

१० **सफ्टवेयर विजकः** मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १८क मा विभागले कुनै करदाताले क्यास मेशिन प्रयोग गर्न सक्ने व्यवस्था भएकोमा मेशिनबाट विजक जारी गर्नुपर्ने कारोबार गर्ने करदाताहरु एवं एकै कम्प्लेक्स वा भवन अन्तरगत रही जुनसुकै कारोबार गर्ने करदाताहरुले यस्तो विजक जारी गर्ने स्वीकृति लिएका सफ्टवेयरहरुको अभिलेख राखी नियमित रुपमा अनुगमन गर्ने कार्य प्रभावकारी रुपमा गर्न सकेको देखिएन।

११ **शिक्षा सेवा शुल्कः** शिक्षण संस्थाहरुले असूल गर्ने, भर्ना शुल्क र मासिक शिक्षण शुल्कमा १ प्रतिशतका दरले शिक्षा सेवा शुल्क असूल गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष रु १८०११( हजारमा) असुल गर्ने लक्ष्य राखेकोमा रु १ करोड ७६ लाख ७३ हजार असुल गरि ९८ प्रतिशत असुल भएको विवरण पेश गरेको छ । स्थायी लेखा नम्बर लिएका शिक्षण संस्थाहरुले शिक्षण सेवा शुल्क नवुझाएको वा कम वुझाएको सम्बन्धमा कार्यालयवाट विद्युतीय माध्यममा अभिलेख राखी नियमित रुपमा अनुगमन भएको देखिएन ।

१२. **स्वास्थ्य सेवा करः** यस वर्ष कार्यालयले रु.३ करोड ४७ लाख ९३ हजारमा शुल्क असुल गर्ने लक्ष्य भएकोमा रु.३०९६२(हजारमा) असुल भएको देखाइएको छ । शुल्क दाखिला गरे नगरेको सम्बन्धमा कार्यालयले विद्युतीय माध्यममा अभिलेख खडा गरी प्रभावकारी रुपमा अनुगमन गर्नुपर्ने देखिन्छ ।

**१३**. **अन्तःशुल्कः** अन्तःशुल्क ऐन, २०५८ को दफा ३ मा अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्काशन गर्दा पैठारी गर्दा र सेवा विकी गर्दा अन्तःशुल्क लाग्ने व्यवस्था रहेको छ भने दफा ४ बमोजिम अन्तःशुल्क असुली गर्नु पर्ने व्यवस्था रहेको छ । यस प्रयोजनका लागि दफा ९ अनुसार इजाजत लिनु पर्ने व्यवस्था गरिएको छ। अन्तशुल्क ईजाजत लिएर मदिरा र चुरोटको कारोबार गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन आवश्यक देखिन्छ ।

१४ **दर्ता अभिलेखः** अन्तः शुल्क नियमावली, २०५९ को नियम ३ र ५ अनुसार मदिरा र इथानोल उत्पादन गर्ने, मदिरा बिकी वितरण, चुरोट, सिगार, सूर्ति, खैनी, पान मसला र अन्य वस्तुहरु पैठारी, निकासी तथा खरिद विकी र उत्पादन गर्ने गरी करदाताहरुले इजाजतपत्र लिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले यसरी इजाजतपत्र लिने एवं नवीकरण गर्ने करदाताहरुको विवरण खुल्ने गरी अभिलेख विद्युतीय माध्यममा राखी अनुगमनलाई प्रभावकारी वनाईनु आवश्यक देखिन्छ ।

१५ **मु.अ.कर दर्ता संगको कारोवारः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु.५० लाख भन्दा वढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेकस वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भएतापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिवाट गराए सरह मानी कर दाखिला गर्नु पर्ने व्यवस्था छ । यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिवाट कर निर्धारण गरी असूल उपर गरिने व्यवस्था छ । करदाताले पेश गरेको स्थिर सम्पतीको विवरण अनुसार यो वर्ष रु ९९ लाख ८६ हजार कुल लागतको भवन निर्माण गरेको देखिन्छ । उक्त निर्माण मु.अ.करमा दर्ता भएको वा नभएको कस मार्फत गराएको हो विवरणमा खुलेको देखिएन तसर्थ ऐनको उक्त दफा बमोजिम यो वर्ष थप भएको रु ९९ लाख ८६ हजार लाई कुल लागत मानी सो को १३ प्रतिशतले हुने रु १२ लाख ९८ हजार र दफा २९ र २६ अनुसार जरिवाना र व्याज समेत असुल गर्नुपर्ने देखिएको छ ।

१६ **लागत खर्चः** मोटरसाईकल तथा जेनेरेटर विकी गर्ने एक करदाताले आय वर्ष २०७१।७२ को फाईल परीक्षण गर्दा आयकर ऐन, २०५८ को दफा १५ मा व्यापार मौज्दातको लागत गणना गर्दा प्रत्यक्ष सामाग्री लागत, प्रत्यक्ष श्रम लागत र कारोबारको शिरोभार लागतको योग वराबर हुने गरि लागत गणना गर्नुपर्ने व्यवस्था छ । करदाताले यो वर्ष रु २० करोड ४१ लाख ८९ हजार खरिद गरेकोमा अन्तिम मौज्दात रु ३ करोड ६९ लाख ३२ हजार रहेको विवरण पेश गरेकोमा प्रत्यक्ष खर्च रु ३८ लाख २५ हजार खर्च कट्टी लिएको देखिन्छ । अन्तिम मौज्दात मुल्यांकन गर्दा खरिदको अनुपातमा प्रत्यक्ष लागत खर्च समावेश नगरिदा मौज्दात मुल्यांकन घट्न गएको छ । तसर्थ करदाताले पेश गरेको विवरण अनुसार अन्तिम मौज्दातमा खरिदको अनुपात ०.१८० ले हुने प्रत्यक्ष खर्च रु ६ लाख ८८ हजार अन्तिम मौज्दातको लागतमा समावेश गरि सो मा आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु १ लाख ७२ हजार दफा १२०(क) बमोजिम शुल्क र सो को व्याज समेत गणना गरि असुल गर्नुपर्ने देखिएको छ ।

१७ **त्रिपाल आयातः** अर्थ मन्त्रालयको च.नं. ८९४ मिति २०७२।०१।१९ को पत्रानुसार भन्सार दरवन्दी ६३.०६ अर्न्तगत पर्ने त्रिपाल आयातमा मिति २०७२।०२।२० सम्म आयात भएमा भन्सार तथा सम्पुर्ण कर महशुल आर्थिक ऐन, २०७१ को दफा १८ बमोजिम छुट दिने नेपाल सरकार(माननिय मन्त्रीस्तर) को मिति २०७२।०१।१८ मा निर्णय भएको छ । सो बमोजिम करदाताले २०१५ जुन ०३ सम्ममा रु ६ करोड ७३ लाख १७ हजार बरावरको त्रिपाल आयात गरेको देखिन्छ । तर त्रिपाल विक्रीमा मु.अ.कर छुट भएको छैन । करदाताले उक्त त्रिपाल विक्रीमा मु.अ.कर उठाएको सम्बन्धमा विवरणमा केही उल्लेख छैन । साथै करपरीक्षणमा पनि उक्त विषयमा केही उल्लेख गरेको देखिएन । तसर्थ उक्त विक्री सम्बन्धमा थप छानविन गरि मु.अ.कर ऐन, २०५२ को दफा ७ बमोजिम कर रु ८७ लाख ५१ हजार दफा २९ बमोजिम शतप्रतिशत जरिवाना र सो को व्याज समेत असुल गर्नुपर्ने देखिएको छ ।

१८ **मु.अ.कर दायित्वः** करदाताको मु.अ.करको विवरण अनुसार डेविट मु.अ.कर रु ७ लाख ४८ हजार देखाएको छ भने वित्तीय विवरण अनुसार रु ९ लाख ८३ हजार मु.अ.कर दायित्व देखाएको छ । यसरी दायित्व बढाएको रकम रु २ लाख ३४ हजार मा आयकर ऐन, २०५८ अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु ५८ हजार दफा १२०(क) बमोजिम शुल्क र सो को व्याज समेत गणना गरि असुल उपर गर्नुपर्ने देखिएको छ ।

१९ **मिस म्याचः** करदाताको मिसम्याच रिर्पोट अनुसार एक करदाताले एक जे.भी. लाई रु १ करोड २५ लाख ८७ हजार रिपोटिङ गरेकोमा उक्त करदाताले खरिद नदेखाएकोले उक्त मिसम्याच रकम बराबरको विक्री लुकेको हुनसक्ने देखिएको रकम रु १ करोड २५ लाख ८७ हजार सम्बन्धमा थप छानविन गरि करदायित्व यकिन गरिनुपर्दछ ।

२० **व्याज खर्चः** कृषि तथा वन सम्बन्धि विविध जडिबुटी जन्य कारोबार गर्ने एक करदाताले आय वर्ष २०७०।७१ मा रु ३ करोड ९ लाख १६ हजार नोक्सानी देखाई पेश गरेको आयविवरण उपर कार्यालयले करपरीक्षण गरेको फाईल परीक्षण गर्दा करदाताको आयविवरण अनुसार करदाताले रु १ करोड ११ लाख १० हजार नरेश दयार र कुमद दयार संग तथा अल्पकालीन सापटी भनी रु १६ करोड ४७ लाख गरि जम्मा १७ करोड ५८ हजार ऋण लिएको देखाई रु १ करोड ४८ लाख ८२ हजार व्याज खर्च कट्टी लिएको विवरण पेश गरेको छ । यसरी व्यक्तिगत सापटी तथा नगद प्रवाह विवरणमा नदेखिएको उक्त ऋणको व्याज खर्च कट्टी नियमसम्मत देखिएन । करदाताले सापटी रकम रु १ करोड ११ लाख १० हजार को १५ प्रतिशतले हुने रु १६ लाख ६६ हजारलाई आयमा समावेस गरी सोमा आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु ४ लाख १६ हजार दफा १२०(क) बमोजिम शुल्क र सो को व्याज समेत गणना गरि असुल गर्नुपर्ने देखिएको छ ।

२१ **अग्रीमकरः** औषधियुक्त बस्तु उत्पादन गर्ने एक करदाताले आय वर्ष २०७०।७१ मा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अग्रीम कर कट्टी गर्नेपर्ने देखिएको व्यवसाय प्रर्वद्धन शिर्षकमा रु ७९ लाख ९९ हजार को १५ प्रतिशतले हुन आउने रु ११ लाख ९९ हजार असुल गरि दाखिला गर्नुपर्ने देखिएको छ ।

२२ **संचालक सापटीः** करदाताको वासलात अनुसार गत वर्ष सेयर एपलिकेसन मनि भनी ८ लाख ३४ हजार संचालक सापटी लिएको देखिएकोमा यो वर्ष ३ करोड ५३ लाख ०३ हजार पुगेको देखिन्छ । शेयर पुंजी संरचनामा कुनै परिवर्तन भएको देखिएन । यसरी शेयर बृद्धिका लागि सापटी लिएको रकमको पुंजी बृद्धि सम्बन्धमा सम्बन्धित निकार्यबाट पुंजी बृद्धिको प्रमाण पेश गर्नेपर्ने देखिन्छ । साथै उक्त रकम कर चुक्ता भएको श्रोतबाट प्राप्त भए नभएको सम्बन्धमा छानविन गरिनुपर्दछ । यसरी पुंजी बृद्धिको लागि सापटी लिई अनावश्यक दायित्व बढाएको रकम रु ३ करोड ५३ लाख ०३ हजार सम्बन्धमा थप छानविन गरि करदायित्व यकिन गरिनुपर्ने देखिन्छ ।

२३ **संरचना निर्माणमा मु.अ.कर:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु.५० लाख भन्दा वढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेकस वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भएतापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिवाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ। यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिवाट कर निर्धारण गरी असूल उपर गरिने व्यवस्था छ। करदाताले पेश गरेको वासलातमा यो वर्ष पूजी वृद्धिभनीरु ६ करोड २४ लाख ९२ हजार देखाएको छ । उक्त निर्माण मु.अ.करमा दर्ता भएको वा नभएको कस मार्फत गराएको हो विवरणमा खुलेको देखिएन तसर्थ ऐनको उक्त दफा बमोजिम यो वर्ष थप भएको रु ६ करोड २४ लाख ९२ हजार लाई कुल लागत मानी सो को १३ प्रतिशतले हुने रु ८१ लाख २३ हजार र दफा २९ र २६ अनुसार जरिवाना र व्याज समेत असुल गर्नुपर्ने देखिएको छ।

२४ **सापटी कर:** धातुजन्य कारोबार गर्ने एक करदाताको वासलात अनुसार गत वर्ष रु ६ करोड ३२ लाख पुँजी रहेकोमा यो वर्ष रु ८ करोड भएको विवरण पेश गरेको छ। थप गरेको पुंजी रु १ करोड ६८ लाख उक्त रकम कर चुक्ता प्राप्त श्रोतबाट प्राप्त भए नभएको सम्बन्धमा थप छानविन गरि करदायित्व एकिन गरिनुपर्ने देखिन्छ।

२५ **पूजीगत निर्माण:** होटल व्यवसाय गर्ने एक करदाताले आय वर्ष २०७१।७२ मा करदाताको आयविवरण अनुसार यो वर्ष रु १० करोड २६ लाख ५३ हजार वरावरको पुजीगत निर्माण गरेको विवरणबाट देखिन्छ। सो मध्ये करदाताले परचेज अफ कन्ट्रक्सन मेटिरियल एण्ड लेबर कस्ट भनी रु ६ करोड ६१ लाख १३ हजार खर्च गरेको विवरण पेश गरेको छ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनको लागि निर्माण गरिने रु.५० लाख भन्दा वढीको भवन वा अपार्टमेन्ट वा सपिङ कम्प्लेक्स वा विभागले तोकेका यस्तै प्रकारका अन्य संरचना दर्ता नभएको व्यक्तिवाट निर्माण गराएको भएतापनि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिवाट गराए सरह मानी कर दाखिला गर्नु पर्नेछ। यसरी दाखिला नगरेमा सो संरचनाको स्वामित्व रहेका व्यक्तिवाट कर निर्धारण गरी असूल उपर गरिने व्यवस्था छ। करदाताको आयविवरण अनुसार यो वर्ष रु १० करोड २६ लाख ५३ हजार वरावरको पुजीगत निर्माण गरेको विवरणबाट देखिन्छ। सो मध्ये करदाताले निर्माण सामाग्री खर्च भनी रु ६ करोड ६१ लाख १३ हजार खर्च गरेको विवरण पेश गरेको छ। करदाताले उक्त पुंजीगत निर्माण मु.अ.करमा दर्ता भएको वा नभएको कस मार्फत गराएको हो विवरणमा खुलेको देखिएन तसर्थ ऐनको उक्त दफा बमोजिम यो वर्ष गरेको खर्च दावी गरेको रु ६ करोड ६१ लाख १३ हजार लाई कुल लागत मानी सो को १३ प्रतिशतले हुने रु ८५ लाख ९४ हजार र दफा २९ र २६ अनुसार जरिवाना र व्याज समेत असुल गर्नुपर्ने देखिएको छ।

२६ **आय प्रमाणिकरण:** प्लाईउड र विद्युतिय रिक्साको कारोबार गर्ने एक करदाताको आयविवरण अनुसार करदाताले व्यवसायबाट Withdraw गरेको रकम रु ७० लाख लाई आयकर ऐन, २०५८ को दफा २७ बमोजिम चारित्रीकरण र प्रमाणिकरण गरि १५ प्रतिशतले हुने व्याज रकम रु १० लाख ५० हजार लाई आयमा समावेश गरि सो मा आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम २५ प्रतिशत कर रु २ लाख ६२ हजार दफा १२०(क) बमोजिम शुल्क र सो को व्याज समेत गणना गरि असुल गर्नुपर्ने देखिएको छ।.

२७ **वैंकिङ व्यवसाय:** आयकर ऐन २०५८ को अनुसुची १ को २ को २ अनुसार कुनै आय वर्षमा कुनै बैंक वित्तीय संस्था सामान्य वीमा व्यवसाय संचालन गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने उल्लेख छ। आयकर ऐन, २०५८, नेपाल राष्ट बैंक ऐन २०५८, एवं बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६३ बमोजिम बैंकिङ व्यवसाय संचालन गर्न नेपाल राष्ट बैंक संग लघु कर्जाको कारोबार गर्ने अनुमती समेत लिई व्यवसाय संचालन गर्दै आएको महिला उपकार

मञ्चले लघुकर्जा कारोबार तर्फको कारोबार एवं सामाजिक कार्यको छुट्टाछुट्टै वित्तीय विवरण बनाएको देखिन्छ। करदाताले यो वर्ष वित्तीय कारोवार माइक्रोफाइनाइस बाट आर्जन गरेको बचत रकम रु ३ करोड १ लाख १८ हजार आयकर ऐन, २०५८ बमोजिम ३० प्रतिशत कर रु ९० लाख ३५ हजार कट्टा गरेको नदेखिएकोले थप छानविन गरि उक्त व्यवसायिक आर्जनमा कर असुल गर्नुपर्ने देखिएको छ।

२८ **लागत खर्चः** होटल व्यवसाय गर्ने एक करदाताको विवरण अनुसार गत वर्ष स्थिर सम्पत्ती हेर्दा रु २ करोड २७ लाख १० हजार सम्पत्ती बढेको देखिन्छ। करदाताको नगद प्रवाह विवरण अनुसार यो वर्ष स्थिर सम्पत्ती खरिद भनी रु २ करोड ७३ लाख ७४ हजार दावी गरेको देखिन्छ। यसरी वढी लागत दावी गरेको रु ४६ लाख ६४ हजार लाई अमान्य गरी सो मा आयकर ऐन, २०५८ को अनुसुची १ वमोजीम २५ प्रतिशत कर रु ११ लाख ६६ हजार सोको व्याज र जरिवाना सहित असुल गर्नुपर्ने देखिएको छ।

२९ **स्थिर सम्पत्तिः** मोडन डोरस एण्ड उड को कारोवार गर्ने एक करदाताले आय वर्ष २०७१।७२ को वासलात अनुसार गत वर्ष रु २ करोड ४७ लाख १ हजार को स्थिर सम्पत्ती रहेकोमा यो वर्ष रु २ करोड ४९ लाख ४४ हजार पुगेको सो वमोजीम २ लाख ४२ हजार वरावरको स्थिर सम्पत्ती वढेको देखिन्छ। करदाताको नगद प्रवाह विवरण अनुसार रु ३४ लाख १८ हजार नगद वाहिर गएको देखिन्छ। यसरी वढि लागत खर्च दावी गरेको रु ३१ लाख ७६ हजार देखिएकोले उक्त खर्च अमान्य गरी सो मा आयकर ऐन २०५८ को अनुसुची १ अनुसार २५ प्रतिशत कर रु ७ लाख ९४ हजार र सो को व्याज र जरिवाना सहित असुल गर्नुपर्ने देखिएको छ।

३० **आय प्रमाणिकरणः** करदाताको आयविववरण अनुसार यो वर्षसुरक्षित ऋण देखिदैन। अल्पकालीन ऋण वापतको रु १ करोड ५८ लाख ७२ हजार को रु २० लाख ८४ हजार व्याज खर्च कट्टी लिएको देखिन्छ भने रु २ करोड २० लाख ३० हजार सापटी दिएको विवरण पेश गरेको छ। उक्त सापटीको विस्तृत विवरण खुलेन उक्त सापटी दिएको रकमलाई दफा २७ अनुसार चारित्रीकरण र प्रमाणिकरण गरी सोमा औषत व्याज १५ प्रतिशतले हुने रु ३३ लाख ४ हजार लाई आय मानी सो मा आयकर ऐन २०५८ को अनुसुची १ वमोजीम २५ प्रतिशत कर रु ८ लाख २६ हजार र सो को व्याज र जरिवाना सहित असुल गर्नुपर्ने देखिएको छ।

३१ **भवन निर्माणः** कार्यालयको भवन निर्माणको लागि कुशेश्वर निशान जे.भी बानेश्वर संग ७ नोभेम्बर २०१४ मा निर्माण सम्झौता भएकोमा भवन निर्माण कार्यमा धेरै ढिलाई भएको देखिन्छ। कार्यालयले मिति २०७२।१२।१४ को निर्णयानुसार २०७२।१०।२४ देखि २०७३।१०।२३ सम्मका लागि म्याद थप भएको छ। लेखापरीक्षण अवधि सम्म पनि उक्त निर्माण कार्य सम्पन्न भएको देखिएन।

३२ **संशोधित कर निधारणः** मू.अ.कर ऐन २०५२ को दफा २० तथा आयकर ऐन २०५८ को दफा १०१मादफा ९९ र १०० वमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व ऐनको उद्देश्य वमोजिम न्यायोचित आधारमा समायोजन गर्ने विभागले संशोधित कर निर्धारण गर्ने सक्ने व्यवस्था रहेको छ। उपरोक्त व्यवस्था वमोजिम प्रत्येक वर्ष विभाग तथा कार्यालय निश्चित करदाता छनोट गरी कर परीक्षण गर्ने प्रचलन छ। करपरीक्षणबाट राजश्व असुलीमा भएको योगदानलाई दृष्टिगत गरि कर परीक्षणलाई प्रभावकारी बनाईनुआवश्यक देखिन्छ।

## श्री नं.४ वाहिनी, बाँके

१. **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक मूल्याङ्कनबाट खरिदको योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात

अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको जस्ता व्यहोराहरु देखिएको छ ।

३. **निर्माण कोषः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा रु.२० लाख भन्दा माथिको निर्माण कार्य गराउदाँ वोलपत्रको माध्यमबाट गराउनुपर्ने व्यवस्था छ । कार्यालयलाई मोवाइल हस्पिटल सेडघर निर्माण गर्नको लागि तेश्रो चौमासिकको अन्तमा रु ३० लाख  वजेट प्राप्त भएको र कार्यालयले रु.३४ लाख ५३ हजार को लागत अनुमान तयार गरी प्रतिस्पर्धाबाट  टुक्रा टुक्रा गरी दरभाउ पत्रको माध्यमबाट गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियममा ७ दिनको सूचना बाट गर्न सकिने व्यवस्था नभएको तथा लागत अनुमान टुक्रा गरी खरिद गरेको कारण वोलपत्र छल्ने उद्देश्यले कार्य गरेको देखिन्छ। सार्वजनिक निकायले सार्वजनिक निर्माण गराउँदा सार्वजनिक ऐन तथा नियमको पालना गर्नुपर्दछ ।

## कर्णाली वेशीन कार्यालय

१ **खरिद योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम बार्षिक खरिद योजना तयार गरेको पाईएन ।

२ **लक्ष्य तथा प्रगतिः** यो वर्ष सन्चालित कार्यक्रमहरुमध्ये भवन तर्फ रु २० लाख बजेट छुट्याइएकोमा सो कार्य हुन नसकेकोले समग्र भौतिक प्रगति ६१.२९ प्रतिशतमात्र भएको देखिन्छ । कार्यालयले लक्ष्य हासिल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३ **असुलः** आयकर  ऐन २०५८ अनुसार सामाजिक सुरक्षाकर कट्टी नगरी गेजिङ स्टेशनमा कार्यरत कर्मचारीहरुको तलब भत्ता वितरण गरकोले १ प्रतिशत सामाजिक सुरक्षा कर रु. ४ हजार असूल गर्नुपर्दछ ।

## कपास विकास समिति

१ **आन्तरिक नियन्त्रणः** आर्थिक कार्यविधि नियमावली २०६४को नियम ९५ वमोजिम कार्यालयले आफ्नो कामको कार्यप्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयारगरी लागुगर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रत्येक पदको कार्य विवरण वनाई लागु नगरेको, उद्देश्य प्राप्तीमा आईपर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणका लागि कार्यक्रम व्यवस्थित नगरेको, घर जग्गाको लगत राखे पनि मुल्य खुलेको नदेखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

२ **स्थिर सम्पत्तिः** गत वर्षको स्थिर सम्पत्ति ९ करोड ८८ लाख ४८ हजार रहेकोमा यो वर्षको ह्रास कट्टी रु २२ लाख १८ हजारगरी रु ९ करोड ६६ लाख ३० हजार बाकी देखिएको छ । स्थिर सम्पत्तिको विस्तृत विवरण खुल्ने गरी खाता राखेको देखिएन । यस सम्वन्धमा विगत वर्षदेखि विस्तृत विवरण खुल्ने गरी अभिलेख राख्नुपर्ने भनि सुझाव दिएकोमा सोको कार्यान्वयन गरेको देखिएन ।

३ **संचालन नतिजाः** समितिको गत वर्षसम्मको संचित नोक्सान रु.१० करोड ६७ लाख ९२ हजार भएकोमा यो वर्षको नाफा रु.८७ लाख २४ हजार घटाई संचित नोक्सान रु.९ करोड ८० लाख ६८ हजार रहेको देखिन्छ। कपास विकास समितिले आफ्नो स्थापित क्षमताको करिव २.२ प्रतिशत मात्र (२१९४४५.५ के.जी.) वीऊ सहितको कपास प्रशोधन गरी ७०४२६.५० के.जी. रेशा कपास उत्पादन गरेको देखिन्छ। स्थापनाको उद्देश्य अनुरुप लक्ष्य हासिलगरी समितिलाई व्यवसायिकरुपमा आत्मनिर्भर गराउनु पर्दछ ।

४ **कपास विक्रि र मौज्दातः** यो वर्ष समितिले विभिन्न कपास विकास प्रसार क्षेत्रबाट नेपाल सरकारको श्रोतबाट जम्मा रु १ लाख ४३ हजार के.जि कपास खरिद गरी सोको मुल्य भुक्तानी, ढुवानी, प्रशोधन तथा भण्डारण ज्याला सहित रु.१ करोड ३६ लाख ३० हजार खर्च गरेको छ । तर समितिको आन्तरिक श्रोतबाट कपास खरिद नगरिए पनि यो वर्ष कपास विक्रिबाट रु ६५ लाख

४० हजार मात्र विक्रि भै रु ३ करोड ६९ लाख ४८ हजार मौज्दात रहेको छ। यस समितिबाट उत्पादित कपासको खरीदकर्ता मुख्यत हेटौडा कपडा उद्योग र वुटवल धागो कारखाना मात्र रहेकोमा हाल ती संस्था वन्द रहेकोहुँदा यस समितिबाट उत्पादित कपास बजारमा विक्रि भएको स्थिति छैन । स्पष्ट नीति बनाई व्यवसायिक प्रयोजनबाट सञ्चालन गरी धागो तथा रेशातर्फ आयात कम गर्न स्वदेशी उधोगलाईसमेत टेवा पुराउनेतर्फ ध्यान दिनु आवश्यक छ।

५ **ऋण तथा व्याज हिसावः** समितिले गत विगत वर्ष देखिको वासलातमा एसियाली विकास बैंकको ऋण भनि रु.१५ करोड ६४ लाख ७० हजार देखाएको छ। शर्तसहितको ऋणको अभिलेख समितिमा नरहेको र ऋणको व्याज समेत भुक्तानी दिएको देखिदैन । यस सम्बन्धमा छलफल गर्दा आ.व. २०४२/४३ मा एसियाली विकास बैकसंग ऋण सम्झौता भएको, एक प्रतिशत व्याजदरमा ऋण प्राप्त भएको, प्रमाण कागजातहरु द्धन्दकालमा जलेर नस्ट भएको, यस सम्बन्धि विस्तृत अभिलेख महालेखा नियन्त्रक कार्यालयमा रहेको र व्याज समेत महालेखा नियन्त्रक कार्यालयवाट भुक्तानी हुने गरेको जानकारी गराएको छ।

६ **विनियमावली तर्जुमाः** कपास विकास समिति गठन आदेशको दफा ६ ले गरेको व्यवस्था वमोजिम हालसम्म नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याएको नदेखिएकोले कोषको आर्थिक गतिविधी र वित्तिय विवरणको प्रस्तुतिकरणलाई व्यवस्थित गर्न नियमावली तर्जुमा गरी शिघ्र कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।

७ **वैक हिसाव मिलानः** समितिले आफ्नो कारोवारको लागि संचालनमा ल्याएको वैक खाताहरुको मासिक रुपमा वैक हिसाव विवरण तयार गरी श्रेस्ता वमोजिमको मौज्दात र वैक मौज्दात भिडान गरी वैक हिसाव एकिन गर्नुपर्नेमा नविल वैंक लि च.हि.नं. तर्फ रु.२ लाख ५७ हजार र कृषि विकास वैंकमा रु.५ लाख १७ हजार बैंकमा बढी देखिएकोमा वार्षिक रुपमा समेत वैक हिसाव मिलान विवरण तयार गरेको नदेखिएकोले हिसाब मिलान विवरण तयार गर्नु पर्दछ।

८ **खर्च प्रमाणः** विभिन्न शिर्षकवाट रु ९६ हजार खर्च लेखेकोमा विविध शिर्षकबाट रु.१५ हजार खर्च लेख्दा विक्रेताको नाम र प्रयोजन समेत नखुलेको रकम विल प्रमाणित गरी नियमित गर्नुपर्दछ। त्यस्तै दैनिक भ्रमण भत्ता नियमावली २०६४ मा उल्लेख भए भन्दा रु.६ हजारबढी दैनिक भ्रमण भत्ता खर्च लेखेको रकम असुल गर्नुपर्दछ।

९ **भुक्तानी प्रमाणः** भुक्तानी प्रमाण, ज्यामी ज्याला भुक्तानी प्रमाण, ढुवानी भाडाको स्थान नखुलेको जस्ता व्यहोरा जनाई प्रमाण राखि नियमीत गर्नुपर्ने भनि आन्तरीक लेखापरीक्षणबाट रु ९ लाख ९ हजार औल्याइएकोमा कार्यान्वयन भएको पाईएन।

१० **जिन्सीः** कपास विकास समिति गठन आदेश २०३७ को दफा ७ बमोजिम समितिले यस वर्ष व्यापारिक मौज्दात बिऊ सहित कपास र रेशा कपासको मात्र भौत्तिक परीक्षण गरी मौज्दात एकिन गरेको छ। नियममा व्यवस्था भए अनुसार जिन्सी निरीक्षणको व्यवस्था गरी प्रतिवेदन उपर समयमै आवश्यक कारवाही गरिनुपर्दछ।

११ **जग्गा अतिक्रमणः** बर्दिया जिल्लामा अन्दाजी ११५०० हेक्टर जमिनमध्ये कपास खेतीका लागि आवश्यक जग्गा ७४१० हेक्टरमात्र मन्त्रिपरिषद्को २६/०३३ बाट निर्णय भएको देखिन्छ। उक्त जग्गामध्ये करिब ५५० हेक्टरमा कपास विकास समितिले कपास उत्पादन, प्रशोधन र बिक्री वितरणमा भोग चलनगरी आएकोमा २०६० साल भाद्र महिनादेखि मुक्त कमैया र सुकुमबासीबाट जग्गा अतिक्रमण भएकोमा जग्गाको हकभोग कायम गर्नेतर्फ पहल भएको देखिएन । समितिले आफ्नो जग्गाको संरक्षण गरी उपयोगमा ल्याउनुपर्दछ।

१२ **बक्यौता रकमः** समितिले आफ्नो हिसाबमा व्यापारिक तथा अन्य प्राप्त गर्नुपर्ने भनि लेखांकन गरेको रु.४२ लाख ९२ हजार विगत धेरै वर्षदेखि असुल नभएतापनि प्राप्त गर्नुपर्ने रकम भनि लेखांकन गर्दै आएको छ । उक्त रकमहरुमध्ये अधिकांस सरकारी निकायहरु, समितिका पूर्व

कर्मचारीहरु एवं समितिसंग लामो समयदेखि कारोबार गर्न छाडेका पक्षहरुबाट प्राप्त गर्नुपर्ने उक्त रकम असूल गरी समितिमा आम्दानी वाध्नुपर्दछ ।

१३ **अग्रीम भूक्तानीः** समितिले आफ्नो हिसाबमा अग्रीम भूक्तानी रकम र पेश्की, सापटी, धरौटी लेखाकंन गरेको रु ३ लाख ८८ हजार विगत वर्षदेखि वित्तिय विवरणमा लेखाकंन गर्दै आएको छ । उक्त रकम असूल गरी समितिमा आम्दानी वाध्नुपर्दछ ।

## कारागार कार्यालय

१ **दरबन्दी तथा पदपूर्तिः** कार्यालयको कूल दरबन्दी १६ रहेकोमा कार्यालय सहयोगी ७ को रिक्त भै करारमा नियुक्ती गरेको पाइयो । रिक्त रहेका पद पूर्तिगर्नेतर्फ सम्बन्धित विभागको ध्यानजानु जरुरी देखिएको छ ।

२ **हाजिर अभिलेखः** कारागार नियमावली, २०२० को नियम १० मा कारागार कार्यालयको लगत र धरौटी किताव वमोजिमको थुनुवा कैदीको नाम र नम्वर पुकारी हाजिर गरीसहीछाप गरी राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार कैदीबन्दीको हाजिरी राखेको पाइएन । सो अनुसार खर्च भएको सिदा रकम भिडान नहुने हुदा नियममा भएको व्यवस्थालाई पालना गर्नुपर्दछ ।

३ **कैदी क्षमताः** कूल कैदी क्षमता १२५ जना रहेको यस कारागारमा ६२० रहेको देखिएकोले क्षमता भन्दा वढी कैदीको लागि अन्यत्र व्यवस्थापन वा क्षमता विस्तार गर्नु जरुरी देखिएको छ

४ **कैदी अभिलेख** :कारागार नियमावली, २०२० को नियम ७ अनुसारकैदीलाई प्रदान गरिने सुविधाको अभिलेख छुट्टै अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस्ता सुविधा वितरण गर्दा श्रेस्तासाथ खर्चको प्रमाण राखेतापनि वेग्लै अभिलेख छैन । नियममा भएको व्यवस्थालाई पालना गर्नुपर्दछ ।

५ **पेश्कीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम उपलब्ध गराईएको पेश्की तोकिएको समयावधिभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । एक निर्माण व्यवासायीले लगेको पेश्की रु.११ लाख २२ हजार आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## कोहलपुर नगर बिकास समितिको कार्यालय

१ **आन्तरिक नियन्त्रणः** समितिले आफ्नो कारोवार समेटिने गरीसम्पति तथा दायित्व देखिने गरी वासलात तयार गर्नेतर्फ ध्यानदिनु पर्दछ। आगामी आर्थिक बर्षबाट कार्यान्वयन गरिने कार्यालयको भनाइ रहेको छ ।

२ **समितिको बैठकः** नगर विकास ऐन २०४५ को दफा ६(१) बमोजिम नियमित कार्य सम्पादन गर्न समितिको बैठक कम्तिमा २ महिनामा १ पटक बस्नुपर्ने व्यबस्था छ । तर समितिको बैठक २०७२/०७३ मा ३ पटक बसेको पाइयो ।

३ **जिन्सीः** आर्थिक कार्यबिधि नियमावली २०६४ नियम ५० अनुसार जिन्सी निरिक्षणको प्रतिवेदनमा चालु हालतमा नरहेका भनि औंल्याएकोमा नियमावली अनुसारको प्रक्रिया पु:याई प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै कार्यालय भवनमा काठ, दाउरा अव्यवस्थित रुपमा रहेकोमा सो समेत व्यवस्थित गर्नुपर्ने देखियो ।

४ **लक्ष्य तथा प्रगतिः** यस वर्ष सञ्चालित ७ कार्यक्रमहरु मध्ये १ वटाको शुन्य र ३ वटाको ५० प्रतिशत भन्दा कम प्रगति भएको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २५ बमोजिम समितिले प्रगति विवरण पेश नगरेकोले संचालित कार्यक्रमहरुको वित्तिय तथा भौतिक प्रगति यकिन गर्न सकिएन ।

५ **चौमासिक खर्च विवरण:** चौमासिकमा तोकिएको खर्च प्रतिशतका आधारमा खर्च गर्नुपर्नेमा तेस्रो चौमासिकमा मात्र ५५ प्रतिशत र असार महिनामा मात्र १३.८० प्रतिशत खर्च भएको छ । यस्तो प्रवृत्तिलाई सुधार गर्नेतर्फ कार्यालयले तदारुकता देखाई नियमको पालनामा जोड दिनुपर्ने देखिन्छ ।

६ **ठेक्का अवधि थप:** नगर विकासद्वारा संचालित निर्माण कार्यहरु तत्सम्बन्धि ठेक्का सम्झौता र कार्यादेश भित्र सम्पन्न गर्नुपर्नेमा ५ वटा ठेक्काको म्यादथप गरेको छ र सो मध्ये ४ ठेक्काको शत प्रतिशत समय, १ ठेक्काको ५१ देखि १०० प्रतिशतसम्म म्याद थप गरेको छ ।

७ **ठेक्का सम्झौता:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) अनुसार र स्वीकृत कार्यक्रम अनुसार प्रथम चौमासिकमा ठेक्का लगाउनुपर्नेमा ७ ठेक्का दोश्रो चौमासिकमा मात्र सम्झौता गरेको छ ।

८ **म्याद थप:** डुडुवा खोला नदिनियन्त्रण तटवन्ध निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसंग रु.९३ लाख २२ हजार मिति २०६९।२।३० मा सम्पन्न गर्नेगरी सम्झौता गरेकोमा निर्माण सामाग्रिको अभाव लगायतका कारण जनाई २०७३ पौष मसान्तसम्म म्याद थप गरेकोमा पनि कार्य सम्पन्न भएको पाइएन ।

९ **तलव :** प्रत्येक आर्थिक वर्षबाट तलवी प्रतिवेदन समितिको बैठकबाट पारित गराई खर्च लेख्नुपर्ने व्यवस्था गर्नुपर्नेमा सो अनुरुप नभएकोले यो वर्षको तलवी प्रतिवेदन आगामी बैठकबाट पारित गराउनु पर्ने देखिएको छ ।

१० **बजेट अनुमान:** यो वर्ष १० शिर्षकबाट रु.१ करोड ५१ लाख आय प्राप्त हुने अनुमान गरेकोमा रु.१ करोड २६ लाख आय प्राप्त भएको छ । समिति अन्तर्गत ६ जना कर्मचारी कार्यरत रहेको र वार्षिक रु.१८ लाख ६ हजार तलब भत्तामा खर्च भएको स्थिति छ । बर्षेनी जग्गा बेच्दै समितिका कर्मचारीलाई तलब भत्तामा खर्च गर्दै जानुपर्ने स्थिति छ । बैंकमा रहेको मौज्दात रु.१९ करोड ५० लाखबाट रु.७९ लाख ८२ हजार ब्याज प्राप्त भएको छ । हाल जग्गा १७७ हेक्टरमात्र रहेको र निजि क्षेत्रसमेत जग्गा व्यवस्थापन सम्बन्धी कार्य गरिरहेको अवस्थामा समितिको निरन्तरतामा थप चुनौति देखिएको छ ।

११ **असुली:** समितिले यस अर्थिक बर्षमा बिभिन्न कार्यालय तथा व्यक्तिलाई घर भाडा दिएकोमा एक संस्थासंग रु २० हजार घर भाडा असुल गर्न बांकी छ । समितिका सदस्य सचिवको वार्षिक तलवमा आयकर ऐन २०५८ अनुसार रु १० हजार कर कट्टी गर्न छुट भएकोमा असुल गर्नुपर्दछ ।

१२ **विगतका ठेक्का:** कार्यालयबाट प्राप्त विवरण अनुसार सडक नालीमा ढल विस्तार कार्यको लागत अनुसार रु.१ करोड ७ लाख ६९ हजार रहेकोमा बोलपत्रबाट घटी कबोलवाला एक निर्माण सेवासंग रु.७८ लाख ३३ हजार मा २०७२/४/१४ मा भित्र गर्नेगरी सम्झौता भएकोमा २०७२/०७३ मा रु.४८ लाख ९५ हजार भुक्तानी भएको छ । सार्वजनिक खरिद ऐन २०६३ को नियम १२० अनुसार हर्जाना लिई कार्यसम्पन्न गर्नुपर्दछ ।

१३ **घर वहाल कर:** आयकर ऐन २०५८ को दफा ८८ ले घर बहाल कर सम्बन्धी व्यवस्था गरे अनुसार यस नगर विकास समितिले आफ्नो कार्यक्षेत्र भित्रका घर टहराहरु विभिन्न व्यक्ति तथा समितिलाई भाडामा उपलव्ध गराए बापत प्राप्त रकम रु. २२ लाख ७४ हजार को १० प्रतिशतले हुने घर वहाल कर रु २२ लाख ७४ हजारराजस्व दाखिला गर्नुपर्नेमा नगरेकोले दाखिला हुनुपर्दछ ।

१४ **सोझै खरिद:** यो वर्ष ७ वटा निर्माण कार्यको लागत अनुमान रु.२८ लाख ८५ हजार मध्ये कोटेशनबाट रु.२८ लाख ४९ हजारमा सम्झौता गरी २०७३/३/३० मा कार्य सम्पन्न भएको उल्लेख छ । प्राप्त विवरण अनुसार रु.२९ लाख ३ हजार भुक्तानी दिनबांकी रहेको देखाइएको छ ।

कोटेशनको कार्यलाई न्यूनिकरण गरी सवै प्रकारका कार्यहरु प्रतिस्पर्धा मार्फत सूचना प्रकाशन गरी कार्य गर्नुपर्ने देखिएको छ ।

१५ **इयर मार्क:** नेपाल सरकार (प्रधानमन्त्री स्तर) मिति २०६९/११/२ को निर्णय अनुसार नेपाल राष्ट्र बैंक र कोहलपुर नगर विकास समिति बिच २०७१/२/१६ भएको सम्झौता बमोजिम प्रति कठ्ठा रु.१६ लाख २५ हजारले ५ विगाहा जग्गाको मूल्य रु.१६ करोड २५ लाख मध्ये नेपाल राष्ट्र बैंकले २०७३ आषाढ मसान्तसम्म एक कमर्सियल बैंकमा रु ९ करोड ४ लाख ३१ हजार इएर मार्क गरेकोमा सम्झौतामा उल्लेख गरिएका शर्तहरु पूरा गरि वाकी रकम प्राप्त गर्नुपर्दछ ।

१६ **कर समायोजन:** विभिन्न स्थलको सडक मर्मत कार्य गर्नका लागि एक निर्माण व्यवसायीले काम सम्पन्न गरी अन्तिम बिल पेश भै भुक्तानी भएको रु.४ लाख ८० हजार मुल्य अभिवृद्दि कर रु.५५ हजार भुक्तानि भएकोमा उक्त निर्माण व्यवसायीको बिल हातले लेखेकोले उक्त रकम कर कार्यालयमा दाखिला गरी कर समायोजन पत्र प्राप्त हुनुपर्ने देखिएको छ ।

१७ **पेश्की असुली:** यस समितिबाट संचालित डुडुवा खोला नदी नियन्त्रण कार्यका लागि एक निर्माण व्यवासायीसंग २०६८/६/२९ मा रु.९३ लाख २२ हजारको सम्झौता भई कार्यादेश दिएको आधारमा रु.१९ लाख पेश्की उपलब्ध गराएकोमा रु.१० लाख २०७३/३/३० मा नगदै पेश्की दाखिला गरेको देखिन्छ । सम्झौता बमोजिम काम नगर्ने र लामो समयपछि पेश्की फिर्ता गरेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को ११३ (६) बमोजिम वार्षिक १० प्रतिशतका दरले ब्याज असूल गर्नुपर्नेमा गरेको छैन ।

१८ **मोबिलाइजेशन पेश्की:** आर्थिक वर्षको अन्त्य सम्ममा २ निर्माण व्यवसायीसंग रु १५ लाख १३ हजारफछ्र्यौट हुन बांकी रहेको पेश्की रकम फछ्र्यौट हुनुपर्दछ ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय

१ **अख्तियारी:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम अनुसार खर्च गर्ने अख्तियारी १५ दिन भित्र पठाउनुपर्ने व्यवस्था छ । तर खानेपानी तथा ढल निकास विभागले एक बजेट उप शीर्षकमा २०७३/३/२१ मा रु.२ करोड २७ लाखको थप बजेटको अख्तियारी पठाएको देखियो । यसबाट कार्यक्रम संचालनमा सहज हुने देखिदैन ।

२ **चौमासिक खर्च:** कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार पहिलो, दोस्रो तथा तेश्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा कार्यालयले असार महिनामा मात्र ६.०६ देखि ९६.३२ प्रतिशतसम्म खर्च गरेको पाइयो ।

३ **प्रगति स्थिति:** आयोजनाबाट प्राप्त विवरण अनुसार २०७२।७३ भित्र सम्पन्न हुनुपर्ने ३ आयोजनाहरुको हालसम्मको भौतिक प्रगति ३८.१३ देखि ७०.५१ प्रतिशतसम्म मात्र रहेको छ । त्यस्तै ०७२।७३ भित्र सम्पन्न गर्नु पर्ने बांकी १ आयोजनाको भौतिक प्रगति सम्पन्न भएको तर हस्तान्तरण हुन नसकेको र २०७३।७४ भित्र सम्पन्न हुनु पर्ने बांकी ४ आयोजनाहरुको भौतिक प्रगति ११.६० देखि ४४.५५ मात्र रहेको पाइएकोले यस्तो अवस्थामा संचालित आयोजनाहरु लक्षित समयमा सम्पन्न हुनसक्ने स्थिति देखिंदैन ।

४ **खरिद गुरु योजना:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार यस डिभिजन कार्यालयबाट सञ्चालित अधिकांश खानेपानी आयोजनाहरुको निर्माण अवधि एक वर्ष भन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधान अनुसार खरिद गुरुयोजना तयार गरेको पाइएन ।

५ **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद–६ को नियम ४६ अनुसार मालसामान लिलाम गर्ने एवं मर्मत गर्नुपर्ने भनी उल्लेख भएको सो बमोजिम मर्मत गर्नेतर्फ कारवाही अगाडि बढाएको देखिएन ।

६ **फिटिङ्स मौज्दात:** कार्यालयबाट प्राप्त विवरण अनुसार यसवर्ष विभिन्न खानेपानी आयोजनाहरुको लागि रु.७३ लाख २९ हजार मूल्यमा विभिन्न किसिमका फिटिंग सामग्री पम्प तथा एसेसरिज समेत खरिद भएकोमा रु ४६ लाख ३५ हजार खर्च भई रु.२६ लाख ९४ हजार मूल्यमा फिटिँस सामग्री मौज्दात रहेको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार सोही वर्ष प्रयोग तथा जडान गर्ने गरी खरिद गर्नुपर्नेमा मौज्दातमा रहने गरी खरिद गरिएको मनासिब देखिएन ।

७ **ठेक्का व्यवस्थापन:** आर्थिक कार्यविधी नियमावलीको नियम २०(३) अनुसार यस वर्ष विभिन्न निर्माण कार्यका लागि जम्मा २३ वटा ठेक्का मध्ये १ वटा प्रथम चौमासिकमा १४ वटा दोश्रो र तेस्रो चौमासिकमा ८ वटा ठेक्का सम्झौता भएको पाइयो । अत: नियमावलीको व्यवस्था अनुसार समयमै खरिद सम्बन्धी काम कारवाही हुनुपर्दछ ।

८ **टुक्रा पारी खरिद:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा हुनेगरी टुक्राटुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था भएकोमा ५ प्याकेजबाट रु १८ लाख ९६ हजारको खरिद गरेको नियमित देखिएन ।

९ **बीमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको ठेक्का सम्झौतामा रु २ करोड ८१ लाख ६४ हजार बीमा सम्बन्धी प्रावधान राखिएता पनि निर्माण व्यवसायीले बीमा गराएको पाइएन ।

१० **पेश्की:** एक उपभोक्ता समितिलाई रु.४२ लाख पेश्की दिएकोमा आर्थिक बर्षको अन्त्य सम्ममा पनि फछ्र्यौट नगरेकोले फछ्र्यौट हुनु पर्ने देखिन्छ ।

११ **सेवा उपयोग:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को (९) अनुसार एक खानेपानी उपभोक्ता संस्थालाई टंकी निर्माण स्थलको जमीन सम्माउने कार्य गर्दा एक निर्माण सेवाबाट डोजर भाडामा लिदा निजलाई मूल्य अभिवृद्धि कर रु.५ हजार भुक्तानी दिएको रकम असूल गर्नपर्दछ ।

१२ **असुल:** कार्यालयले सरसफाइ अर्न्तगत चर्पी निर्माणका लागि सरसफाइ प्रर्वद्धनका सहजीकरण कार्यको लागि विभिन्न ३ व्यक्तिलाई १ लाख २० हजार दिएकोमा १५ प्रतिशतले रु १६ हजार अग्रिम कर कट्टी गर्नुपर्नेमा रु.२ हजार कट्टा गरि खर्च लेखेको छ । बाकी रु १४ हजार असुल गर्नु पर्दछ ।

१३ **सवारी साधन:** कार्यालयले २०६९/७० भन्दा पछिको खानेपानी आयोजनाको लागि ठेक्काबाट कार्य गराउन लगत स्टिमेटमा सवारी साधनको रकम समाबेश गरी कार्यालयले उक्त आयोजनाको नाममा खर्च जनाई विभिन्न ३ थान मोटर साइकल खरिद गरी रु ६ लाख ७८ हजार भुक्तानी गरेको छ । यसरी खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी उक्त सवारी साधन कार्यालयमा दाखिला गर्नु पर्दछ ।

१४ **कण्टिन्जेन्सी**: शहरी विकास मन्त्रालयको ०७१।१।२८ को पत्रानुसार कार्यालयले खर्च गर्ने ५ प्रतिशत कण्टिन्जेन्सी खर्चमध्ये चालु र पूंजीगत खर्चको अनुपात ३:२ हुनुपर्ने उल्लेख छ । यस वर्ष कन्टिन्जेन्सीमा रु. १९ लाख ८२ हजार खर्च गरेको मध्ये चालु शीर्षकमा रु ९ लाख २७ हजार खर्च गरेकोमा चालु र पूंजीगत खर्च वाडफाड गरको देखिएन ।

१५ **डीप बोरिङ्ग:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(२) अनुसार ५ खानेपानी आयोजना अन्तर्गत डीप ट्यूबवेल ड्रिलिङ एवं जडानकोलागि लागत अनुमान तयार गर्न लिएको आधार तथा सो सम्बन्धी नर्म्स नभएकोले लागत अनुमानको यथार्थता सम्बन्धमा यकिन हुन सकेन ।

विभागबाट नर्म्स तयार नगरेकोले साना शहरी खानेपानीको नर्म्स प्रयोग गर्नु परेको कार्यालयको भनाई रहेको छ ।

## जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन

१ **लक्ष्य प्रगतिः** कार्यालयबाट पेश भएको विवरण अनुसार वार्षिक स्वीकृत कार्यक्रममध्ये ७७ योजनाको प्रगति ७५ प्रतिशत सम्म देखिएकोले समयमा लक्षित समुह लाभान्वित हुनबाट वञ्चित हुनेहुँदा वार्षिक कार्यक्रममा तोकिएका कार्य समयमानै सम्पन्न गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।

२ **अख्तियारीः** यस कार्यालयलाई शुरु अख्तियारी नै २ महिना १८ दिन सम्म ढिलो गरी पठाएको पाइयो । साथै आषाढ महिनामा शुरु अख्तियारीमा रु २१ करोड थप गरेको छ । यसरी कार्यक्रम स्वीकृति तथा अख्तियारी प्राप्तिमा ढिलाइ गर्ने र पछि रकम थप गर्दा आर्थिक वर्षको प्रथम चौमासिकभित्र सम्पन्न गर्नुपर्ने लागत अनुमान स्वीकृति, ठेक्कापट्टा व्यवस्थापन, खरिद सम्झौतालगायतका सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु समयमा हुनसक्ने स्थिति देखिदैन ।

३ **चौमासिक खर्चः** कार्यालयले तेश्रो चौमासिकमा विभिन्न कार्यक्रममा ९२.७३ प्रतिशतदेखि शतप्रतिशतसम्म तथा असार महिनामा मात्र २०.९६ देखि ५७.१६ प्रतिशतसम्म खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहने हुदा सुधार हुनुपर्दछ ।

४ **गुरु योजनाः** वार्षिक दस करोड रुपैयाँभन्दा बढीको रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नुपर्ने प्रावधान छ । गुरु योजनामा आधारित बबई तथा मानखोला नदी नियन्त्रण कार्यमा ७६ किलोमिटरको लागि रु १ अर्ब ७१ करोड ५७ लाखको गुरु योजना रहेकोमा हालसम्म ०.९६ किलोमिटरको कार्य गरी यो वर्ष रु ५० लाख खर्च भएको छ । तर गुरु योजना हालसम्म स्वीकृत भएको छैन । गुरु योजना आगामी वर्षमा स्वीकृत गराई कार्यान्वयन गरिने कार्यालयको भनाई रहेको छ ।

५ **ठेक्का व्यवस्थापनः** यस वर्ष कार्यान्वयन भएका ८ वटा ठेक्कामध्ये २ वटा दोश्रो चौमासिकमा र ६ वटा तेस्रो चौमासिकमा संझौता भएकोमा ढिलागरी सम्झौता भएको कारण बबई नदी नियन्त्रण योजनाहरु समयमा सम्पन्न हुन नसक्नाले बाढीको जोखिम कायमै रहेको तथा लक्षित समुह सुविधा पाउने अवसरबाट बञ्चित हुनुपरेको अवस्था छ । अतः समयमानै ठेक्का संझौता गर्ने र योजना सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

६ **ठेक्का स्थितिः** रतैया नाला राजापुर बर्दियामा नदी तटवन्ध सम्वन्धीकार्य गर्न एक निर्माण व्यवसायीसंग रु.२३ लाख ४७ हजारमा सम्झौता भएकोमा हालसम्म करिव ५१ प्रतिशत कार्य भै रु.११ लाख ६५ हजार भुक्तानी भएकोमा हालसम्म म्यादथप पनि नभएको र निर्माण कार्य अधुरो अवस्थामा रहेको पाइयो । समयमा निर्माण कार्य सम्पन्न पनि नगर्ने र म्यादथप पनि नगर्ने उपर सार्वजनिक खरिद ऐन २०६३ अनुसार आवश्यक कारवाही हुनुपर्दछ ।

७ **खरिद सम्झौताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(६) मा बोलपत्र मुल्यांकनबाट छनौट हुने संयुक्त उपक्रम फर्मले संयुक्त र साझेदारको व्यक्तिगत दायित्वसमेत रहनेगरी आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्थामा दुई वटा ठेक्कामा एउटै स्थायी लेखा नम्बर लिएको आधारमा गरेको खरिद सम्झौता नियमसम्मत देखिएन । हालसम्म रु.१ करोड ४६ लाख ५८ हजार भुक्तानी गरिएकोमा जाली लगाउने कार्य अधुरो रहेको पाईयो । कानुनले तोकेअनुसार खरिद सम्झौतामा सुधार गर्नुपर्ने देखिन्छ ।

८ **नर्म्स**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यालयले तटवन्ध निर्माणको लागि एक्स्काभेटर, डम्पट्रक, बुलडोजर, रोलर लगायतका भारी उपकरण प्रयोग गर्नेगरी दर विश्लेषण गरी लागत अनुमान तयार गरेकोमा दर विश्लेषण गर्न प्रयोग गरिएको नर्म्स नेपाल सरकारवाट स्वीकृत भएको नदेखिएकोले यसको आधिकारिकता यकिन हुन सकेन ।

९ **बिमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार ४ निर्माण व्यवसायीले पहिलो तथा दोश्रो रनिंग विल भुक्तानी गर्दा समेत बिमा गराएको देखिएन । सम्झौता अनुसारको अवधिसम्म बिमा नगराउने निर्माण व्यवसायीहरुको बिमा बापत भुक्तानी गर्दा बिमाको अवधिको आधारमा भुक्तानी गर्नुपर्ने देखिन्छ ।

१० **जिन्सी:** कार्यालयको जिन्सी प्रतिवेदन अनुसार मर्मत गर्नु पर्ने सामान मर्मत गर्ने, लिलाम गर्नु पर्ने सामान लिलाम गर्ने तथा मुल्य नखुलेका सामानको मुल्य खुलाइ राखेको पाइएन । साथै विगत समयदेखि मौज्दात रहदै आएका तार जाली तथा फलामे डण्डी प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्ने तर्फ ध्यान जानुपर्ने र जिन्सी निरीक्षण प्रतिवेदनमा दिइएका सुझावको कार्यान्वयन गरेको छैन ।

११ **कार्य विवरण:** निजामती सेवा ऐन २०४९ को दफा ५ अनुसार कार्यरत कर्मचारीहरुलाई ऐनमा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । ऐनमा व्यवस्था भएअनुसार कार्यविवरण बनाई लागु गर्नुपर्दछ ।

१२ **म्याद थप:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार विभिन्न ९ ठेक्काबाट नदी तटवन्ध सम्वन्धि कार्यगर्न रु.२६ करोड ३७ लाख २६ हजारको सम्झौता भै २०७२/०३/३१ देखि २०७३/०३/३१ सम्ममा कार्य सम्पन्नगर्न लगाइएकोमा हालसम्म रु.२२ करोड ८७ लाख भुक्तानी भएकोमा उक्त कार्यको लागि शतप्रतिशतसम्म म्याद थप गरेको विवरण पेश भएको छ । यसरी म्यादथप गर्दै जाने तर काम सम्पन्न नगर्ने उपर सार्वजनिक खरिद ऐन २०६३ अनुसार पूर्वनिर्धारित क्षतिपुर्ति लिएर मात्र म्यादथप गर्नुपर्दछ ।

१३ **योजना हस्तान्तरण:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) अनुसार कार्यालयले यो वर्ष विभिन्न ८३ उपभोक्ता समितिमार्फत् तटवन्ध सम्वन्धि कार्य गराई यो वर्ष रु ८ करोड ७३ लाख १९ हजार भुक्तानी गरेकोमा कुनै पनि योजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिबाट निर्माण भएका योजनाहरु सम्बन्धित समितिलाई संचालन गर्ने जिम्मेवारीसहित हस्तान्तरण गर्दा योजनाको रेखदेख लगायत मर्मत संभारमा पनि कार्यालयलाई आर्थिक भार नपर्ने हुँदा नियमले गरेको प्रक्रिया अपनाई सम्पन्न योजना हस्तान्तरण गर्नु पर्ने देखिन्छ ।

१४ **खर्च अनुमोदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार कार्यालयले उपभोक्ता समितिलाई यो वर्ष रु.८ करोड ७३ लाख १९ हजार भुक्तानी गर्दा उपभोक्ता समितिले उपरोक्त अनुसारको प्रावधान पूरा गरेको प्रमाण संलग्न गरेको पाइएन । नियमको पालना नगर्दा उपभोक्ता समितिले गरेको खर्च पारदर्शी नहुने र निर्मित संरचनाको सदुपयोग नहुने अवस्था आउन गई सरकारी लगानी खेर जाने हुन्छ । तसर्थ कार्यालयले नियमको पालना गराउनेतर्फ ध्यानदिनु आवश्यक देखिएको छ ।

१५ **तटवन्ध:** उपभोक्ता समितिबाट यो बर्ष बाके तथा बर्दियाका ८३ वटा नदी नियन्त्रण सम्वन्धी ३८९० मिटर तटवन्ध सम्वन्धि कार्य २०७२।१२।८ देखि निर्माण कार्य शुरु गरी २०७३।३।१४ सम्म कार्यादेश दिई निर्माण कार्य गर्न आदेश दिए अनुसार सवै उपभोक्ता समितिले २०७२।३।३० भित्र निर्माणकार्य सम्पन्न गरेको भनि कार्यसम्पन्न प्रतिवेदनका आधारमा लागत अनुमान रु.१० करोड ३२ लाख ९९ हजारको कार्यगर्न रु.९ करोड ८६ लाख ८७ हजारमा सम्पन्न गर्नेगरी सम्झौता भएकोमा रु ८ करोड ७३ लाख १९ हजार अर्थात् लागत अनुमानको १५.४७ प्रतिशत घटीमा कार्यसम्पन्न गरेको छ । तराईको विभिन्न नदीनाला तथा खहरे खोलाले वर्षेनी क्षति पुर्‍याई रहने र ससाना कार्यले बाढी पहिरोको पुर्ण रोकथाम भएको स्थिति छैन । साथै तटवन्ध गरिएका स्थानमा सामाग्री तथा ज्याली उपयोगको स्थिति खुल्ने अभिलेख राखेको छैन । वर्षेनी बाढी पहिरो गईरहने स्थानमा गुरुयोजनाबाट कार्यगरेमा गुणस्तरीय देखिनेमा सो अनुसार कार्य गराउनुपर्दछ ।

१६ **कर चुक्ता:** विभिन्न भौचर एवं मितिबाट रु.७ लाख १८ हजारमुल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा कर कार्यालयलाई जानकारी दिएको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्दछ ।

१७ **कर्मचारी नियुक्ती:** यस डिभिजनमा २ कार्यालय सहयोगीको दरवन्दी रहेकोमा ३ जना कर्मचारी कार्यरत रही एक कर्मचारीको लागि बार्षिक तलव भत्तामा रु २ लाख २४ हजार खर्च लेखेको छ । यसरी स्वीकृत दरवन्दीभन्दा बढी कर्मचारी नियुक्ती गर्नुको आधार हुनुपर्दछ ।

१८ **पेश्की:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उप नियम (५) रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा नभई आर्थिक वर्षको अन्त्यसम्ममा बांकी रहेको विभिन्न ४ कार्यक्रमको पेश्की रु.२ करोड २२ लाख ५७ हजार नियमानुसार फछर्यौट हुनुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१ **कृषि उत्पादन:** कार्यालयबाट प्राप्त विवरण अनुसार यस जिल्लामा ५७ हजार हेक्टर कृषि योग्य जमिन मध्ये १५ हजार २९२ हेक्टर अर्थात् २८.९४ प्रतिशत खेतियोग्य जमिनमा सिंचाइ सुविधा पुगेकोमा गतवर्ष करिव ५ लाख ४० हजार जनसख्यालाई आवश्यक ९८ हजार मेट्रीक टनमध्ये ९३ हजार मेट्रीक टन मात्र खाद्यान्न उत्पादन भएबाट खाद्यान्न निर्यात गर्न सकिने जिल्लालाईनै खाद्यान्न अभाव हुनुले सन्तोषजनक स्थिति देखिदैन ।

२ **युवा लक्षित कार्यक्रम:** युवा स्वरोजगारीबाट फर्किएका र बैदेशीक रोजगारको लागि जान तयार भएका युवा कृषकहरुलाई लक्षित गरी स्वदेशमा नै कृषि व्यवसाय मार्फत रोजगारी श्रृजना गर्ने र कृषि उत्पादनमा बृद्धि गरी आयात घटाउन ८८ युवा कृषकलाई रु.५३ लाख ४८ हजार अनुदान उपलब्ध गराई खर्च लेखेको देखियो । कार्यालयलेयुवागत कार्यक्रम तथा उनीहरुले गरेको व्यवसायिक उत्पादन र आय स्तरमा भएको परिवर्तन अवस्था सम्बन्धमा अनुगमन गरेर प्रतिवेदन तयार गरेको पाईएन ।

३ **अनुगमन:** यो वर्ष साना सिंचाई निर्माण तथा मर्मत ५७, सहकारी खेतीमा आधारित सिंचाई स्किम १, सहकारी खेती स्किम २ समेत जम्मा ५० जनालाई कार्यक्रम कृषक समूह/सहकारी संस्था मार्फत संचालन गरी रु.४३ लाख ७२ हजार खर्च लेखेकोमा थप सिंचाई सुविधाबाट उत्पादनमा भएको बृद्धि, कषकहरुको आय स्तरमा भएको बृद्धि, कृषि यन्त्र उपकरणको प्रयोगमा समूहका सबै सदस्यहरुको समान पहुंचभए नभएकोबारे नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएता पनि समूहगत अनुगमन गरी मूल्यांकन गरेको पाईएन । कृषि नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी र जवाफदेहीपूर्ण बनाउन अनुगमन तथा मूल्याङ्कन लाई प्रभावकारी बनाउनु पर्दछ ।

४ **सहकारी खेती:** कार्यालयलेसहकारी खेती स्किम र सहकारी खेतीमा आधारित स्किम कार्यक्रम संचालन गर्न कृषि सहकारी संस्थाहरुले लिएको जग्गा भाडाको अवस्थादेखिने प्रमाण राखेको पाईएन । कार्यक्रम संचालन गर्न लिएको जग्गा भाडाका जग्गाको यथार्थस्थिति खुल्नेगरी विवरण तयार गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

५ **अनुदान उपयोग:** दुई कृषि सहकारी संस्था लिमिटेडलाई १/१ थान ट्याक्टर उपलब्ध गराउन रु.७ लाख ९८ हजार खर्च लेखेकोमा ट्याक्टर खरिद भए नभएको तथा कृषि प्रयोजनमा प्रयोग भए नभएको वारेमा अनुगमन नगरेको हुदा अनुगमन गरी कृषि उत्पादन बढाउने तर्फ पहल गर्नुपर्ने देखिन्छ ।

६ **सामाजिक परीक्षण:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ (१) बमोजिम सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । कार्यालयले स्थानीय श्रोत तथा कृषि प्रर्बद्धन केन्द्र हवलदारपुरको पार्किङस्थल निर्माणका लागि प्रगतिशील स्थानीय श्रोत तथा कृषि प्रर्बद्धन केन्द्रलाई रु २ लाख ६३ हजार भुक्तानी गर्दा भएको खर्चको विलभरपाई उक्त संस्थाबाट सामाजिक लेखापरीक्षण गरेको पाईएन ।

७ **तरकारी खेतीः** दिर्घकालीन कृषि योजना शीर्षक अन्तरगत कृषि विकास समितिको बैठकबाट २० लाख विनियोजित गरी तरकारी खेती तर्फ ३ लाख १७ हजार, मौरीपालन तर्फ रु. ७ लाख र च्याउ खेती तर्फ ३ लाख ४६ हजार खर्च भएको छ । समितिको बैठकबाट तरकारी खेतीतर्फ १०, मौरीपालन तर्फ ७ र च्याउ खेती तर्फ ८ जना कृषक छनौट गरी सम्बन्धित कृषकलाई बीउ, विषादी, मौरीघार, वाकस तथा अन्य सामान अनुदान खर्च लेखेको रकम रु.१४ लाख ३ हजार सम्बन्धित कृषकलाई बुझाएकोमा उक्त रकमको सदुपयोगको अवस्थाको विवरण पेश गरी कृषि विकास कार्यलाई तिव्रता दिनुपर्दछ ।

## जिल्ला जनस्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक मूल्याङ्कनबाट खरिदको गुरु योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको, अनुगमन प्रतिवेदन पेश गर्ने नगरेको जस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

२ **अख्तियारीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) बमोजिम बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्लायमा पठाउनुपर्नेमा केही शीर्षकको अख्तियारी आर्थिक बर्ष शुरु भएको ८/९ महिना पछिसम्म पठाएको देखिन्छ । समयमा कार्यक्रम तथा बजेट प्राप्त गरी कार्यक्रम सञ्चालन गरिने व्यवस्था हुनुपर्दछ ।

३ **खरिद योजनाः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा खरिद कार्यालका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रुपैयाँको खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना तयार गर्ने गरेको मनासिव देखिदैन । ऐनमा भएको प्रावधान कार्यान्वयन हुनुपर्दछ ।

४ **प्रगति विवरणः** कार्यालयको प्रगति विवरण वमोजिम २४ वटा कार्यक्रम नगरेको र ५ प्रकारका कार्यक्रममा न्यून प्रगति गरेको छ । न्यून प्रगति हुनाको कारण खुलाउनुपर्दछ ।

५ **निकासाः** परोपकार मिसनद्धारा संचालित नेपाल क्यान्सर अस्पताल खजुरालाई स्याटेलाइट सेवा संचालनको लागि रु ७ लाख निकासा दिइएको छ । निकासा गरिएको ७ लाख निर्देशिका वमोजिम खर्च गरी लेखापरिक्षण प्रतिवेदन तथा प्रगति विवरण प्राप्त गरेको छैन । प्रगति प्रतिवेदन लिने कार्य गर्नुपर्दछ ।

६ **निःशुल्क लोगोः** निःशुल्क लोगो अंकित औषधी खरिद गर्नुपर्नेमा औषधीको भण्डार परीक्षण बाट केही औषधीहरुमा सो लोगो नलगाएको भेटिएको छ । कार्यालयले औषधी खरिदतर्फ मौज्दातको आधारमा खरिद गर्नुपर्ने, निर्देशिकाले गरेको व्यबस्था बमोजिम डब्लु.एच.ओ. सटिफाइड औषधि खरिद गर्नुपर्ने, निःशुल्क लोगो लगाउनुपर्ने र औषधि वितरणमा पहिला प्राप्त भएको औषधी पहिला नै वितरण गर्ने प्रणाली लागू गर्नुपर्ने देखिएको छ ।

**७. रकम नंम्बर फरक परेकोः** आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका (संशोधन सहित) २०६५ ले गर्भवती तथा स्वास्थ्य संस्थामा प्रसुति गराएवापत प्रति महिला रु चार सय यातायात खर्च उपलब्ध गराइने व्यवस्था बमोजिम । कार्यालयले एक कर्मचारीको रु.१५ लाख ६ हजार पेश्की फछ्र्यौट गर्दा ३४ वटा संस्थाको २०७२ फागुन, चैत्र र २०७३ वैशाख, जेठ र असारको ६२६ जनाको रु ४००।- को दरले रु २ लाख ५० हजार गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवावाट खर्च गर्नुपर्नेमा आमा सुरक्षा कार्यक्रम सेवा प्रदान नाममा कार्यक्रमवाट खर्च गरेकोले कार्यक्रम फरक गरी खर्च गरेको नियमित गर्नुपर्दछ ।

८ **भर्पाइः** ३४ वटा स्वास्थ्य संस्थाको २०७३ असार १५ गते पछाडिको प्रसुति केशबापत १३३ जना सुत्केरीको लागि रु ६६ हजार यातायात खर्च भुक्तानी भएको रकम मिति २०७३।४।१२ मा वैक जम्मा गर्न पठाएको छ। चालु आ.व. भित्रै प्रसुती हुने महिलाले स्वास्थ्य संस्थावाट डिस्चार्ज भएको समयमा नै यातायात खर्च प्राप्त गर्ने सुनिश्चितता हुने गरी रकम निकासाको व्यवस्था मिलाउनु पर्दछ । अघिल्लो आ.व. को यातायात खर्च रकम सम्वन्धित महिलाले प्राप्त गरेको भर्पाई पेश गर्नुपर्ने छ ।

९ **असुल गर्नुपर्नेः** नेपाल मेडिकल कलेज नेपालगंजलाई २०७२ मंसिर देखि चैत्र सम्मको छुट केश भनि सामान्य ४, जटिल ४८, सि.एस १३ गरी रु १ लाख ९ हजार भुक्तानी गरेको छ । सो मेडिकल कलेजले उपर्युक्त महिनाहरुमा उल्लेखित केश बमोजिमको रकम भुक्तानी भैसकेको आधारमा छुट भनि खर्च लेखेको प्रमाणित हुने आधार नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१० **न्यानो झोलाः** आर्थिक बर्ष ०७०।७१ देखि स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था बमोजिम सुत्केरी भए पश्चात तुरुन्त नवजात शिशु तथा आमालाई न्यानो लुगा लगाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरेको छ । कार्यक्रममा रु ४४ लाख ३५ हजार को अख्तियारी प्राप्त गरी ठेक्का व्यवस्थापन कार्य अगाडी वढाइएकोमा ठेक्का व्यवस्थापन ८ महिना लागेको छ । कार्यक्रम वमोजिम प्रथम चौमासिक देखिनै न्यानो झोला उपलब्ध गराउनु पर्नेमा ठेक्का व्यवस्थापनमा वर्ष भरिको समय लगाएको छ । न्यानो झोला गत वर्षको मौज्दात १७०३ सेट र यो वर्ष प्राप्ती ५हजार मध्ये ४१५६ सेट आर्थिक बर्षको अन्तमा खर्च देखाइएको छ । वाँकी २५४७ सेट आर्थिक बर्षको अन्तमा जिन्सी खातामा मौज्दात रहेका छ । ठेक्का व्यवस्थापनको ढिलाइका कारण सेवाग्राहीले सुविधाबाट बञ्चीत नहुने व्यवस्था हुनुपर्दछ ।

११. **करारमा नियुक्तीः** परिवार स्वास्थ्य महाशाखा कार्यक्रम संचालन निर्देशिकामा प्रसुति हुन आउने महिलाहरुको चाप उच्च रहेका अस्पताल, एस.वि.ए. ट्रेनिङ साइड वर्थिङ सेन्टरहरुमा उपलब्ध जनशक्ति पर्याप्त नभएको अवस्थामा प्रसुति सेवालाई सुचारु ढङ्गले संचालन गर्न करारमा अनमी नियुक्ति गर्न सक्ने व्यवस्था छ। स्वीकृत कार्यक्रम वमोजिम २६ जना अनमी करार सेवामा नियुक्त गर्न सकिनेमा ३७ जना सम्म नियुक्त गरेको छ। प्रति अनमी प्रति महिना रु १६ हजार पारिश्रमिक दिनु पर्नेमा रु १० हजार र १२ हजार को दरले पारिश्रमिक उपलब्ध गराएको छ। निर्देशिकाले तोके बमोजिम पारिश्रमीक उपलब्ध गराई सेवा लिनुपर्दछ ।

१२. **औलोः** औलो रोगको महामारी हुनसक्ने क्षेत्रहरुको छनौट गरी विषादी छकर्ने, औलो रोग नियन्त्रणमा विशेष गरी स्थानीय औलोका रोगीहरु भएका गा.वि.स छनौट गरी त्यस्ता स्थानहरुलाई प्राथमिकता दिनुपर्दछ । गत विगत वर्षहरुमा विषादी छकर्ने कार्य नभएको, झुल वितरणमा नपरेको गा.वि.स.हरुमा विसादी छर्कने कार्य गर्ने गरी कार्यक्रमको कार्य योजना वनाई सञ्चालन गर्नुपर्दछ ।

१३ **सुपानेट (झुल) वितरणः** निर्देशिकाले औलो रोगको महामारी हुन सक्ने क्षेत्रहरुमा ग्लोवल फण्ड सहयोग कार्यक्रम लागु भएका जिल्लाहरुमा २ व्यक्ति १ झुलको अवधारणा आएको र औलो रोगको महामारी हुन सक्ने क्षेत्रहरुको पहिचान गरी विषादी छर्कने कार्य एक आपसमा समन्वय गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा गतवर्षको मौज्दात सुपानेट झुल ६८०० थान र यो वर्ष विभागवाट पठाएको २३८७ थान गरी ९१८७ थान रहेकोमा आ.व.को अन्तसम्म २९५६ थान मौज्दात रहेको छ । खर्च भएको झुल औलो प्रभावित क्षेत्रमा संचालित कार्यक्रम संग समन्वय गरी पठाएको छैन । कार्यक्रम सञ्चालन गर्दा अन्य निकायसँग समन्वय गरी सञ्चालन गरिनुपर्दछ ।

१४. **भवन निर्माण अनुदानः** कार्यालयले यो वर्ष नेपालगंज उप महानगरपालिका लाई नगर स्वास्थ्य भवन निर्माणको लागि लागत सहभागिताको रकम विनियोजन गरेको तथा चालु आ.व. देखि नै भवन निर्माण कार्य प्रारम्भ हुने प्रतिवद्धता विना रु २० लाख अनुदान रकम उपलब्ध गराएको छ ।

स्थलगत निरीक्षणको क्रममा नगरपालिकावाट नगर स्वास्थ्य भवन निर्माण गर्ने कार्य गरेको नदेखिएकोले उक्त रकम फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

**१५. वढी निकासा:** यस बर्ष स्थापना भएको २ वटा नयाँ समुदायिक स्वास्थ्य संस्था सञ्चालन वापत रकम भुक्तानी गर्ने क्रममा कार्यालयले रु.६ लाख ६२ हजार रकम भुक्तानी गरेको छ। जिल्लास्तरमा सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन कार्यविधि निर्देशिका वमोजिम कार्यालय स्थापना भए पश्चात मात्र खर्च लेख्नु पर्नेमा इकाई स्थापना हुनुभन्दा अगाडिको अवधिका समेत खर्च लेखेको छ । कार्यालयले २०७३ वैशाख २० गते पछि मात्र स्वास्थ्य कर्मी नियुक्त गरेकोमा वर्ष भरिको नै अनुदान रकम निकासा गरेकोले नियुक्त हुन अगाडिको रकम ४ लाख ६ हजार असुल गर्नुपर्दछ ।

**१६. पेश्की वाँकी:** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार कार्य सम्पन्न गरी नियमावलीले तोकेअनुसार पेश्की फछ्यौट गर्नु पर्दछ । आर्थिक वर्षको शुरुमै दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्यौट नभएको पेश्की रु.९७ हजार नियमानुसार फछ्यौट गर्नुपर्ने छ ।

## जिल्ला पशु सेवा कार्यालय

१ **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ अनुसार र अर्थ मन्त्रालयको आर्थिक नीति अनुसार पूंजीगत खर्च तेश्रो चौमासिकमा कुल बजेट खर्चको ४० प्रतिशत र आषाढ महिनामा सोको २० प्रतिशत भन्दा वढी खर्च गर्न नपाउने व्यवस्था रहेकोमा सो बिपरित १ उप शिर्षकमा १०० प्रतिशत र अन्य १ शिर्षकमा ६० प्रतिशतभन्दा माथि खर्च गरेको छ। यस्तो खर्च प्रक्रियाले कार्यक्रम संचालन प्रभावकारी हुन नसक्ने भएकोले सुधार हुनुपर्दछ ।

२ **जिन्सी:** जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मोटरसाइकल, जिप, कम्प्यूटर लगायतका सामग्री मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने र मुल्य नखुलेका जिन्सी सामानको मुल्य खुलाउनु पर्नेमा सो गरेको देखिएन । प्रतिबेदनबाट देखिएको व्यहोरा कार्यान्वयन हुनु पर्दछ ।

३ **घाँस विउ बितरण:** कार्यालयले कृषकहरुलाई विउ र विरुवामा रु.८ लाख ७६ हजार खर्च लेखी कृषकहरुलाई वितरण गरेको देखियो । कृषकलाई निजले भोगचलन गरी आएको जग्गा क्षेत्रफल अनुसार घासवाली लगाउन चाहने बीउ विरुवा उपलब्ध गराउनु पर्नेमा सो वेगर वितरण गरेको देखियो ।

४ **अनुगमन तथा मुल्याकंन:** तीन सहकारी संस्थालाई व्यवसायिक बंगुरपालन कार्यक्रमको लागि जम्मा रु.१४ लाख १५ हजार, बीउको लागि वोका, बंगुरका पाठापाठी र मासु पसल तथा दुग्ध व्यवसायको लागि डिप फ्रिज, चारा मेशिन आदि खरीदको बील अनुसार रु.९ लाख ७० हजार, बिभिन्न मासु पसल ऽडेरी पसल सुधारको लागी रू १५ लाख २० हजार अनुदान खर्च लेखेकोमा कृषकहरुको आयस्तरमा भएको परिवर्तन सम्बन्धमा अनुगमन भएको छैन । अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

१ **घर जग्गाको लगत:** कार्यालयले घरजग्गाको लगत अद्यावधिक रुपमा राखेको देखिएन । घरजग्गाको पूर्ण उपयोग गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिएको छ ।

२ **काज:** निजामती सेवा नियमावली, २०४९ को नियम ११७ मा निजामती कर्मचारीलाई तोकिएको स्थानमा रही कार्य गर्नुपर्ने उल्लेख भएकोमा २०६८।४।९ मा नियुक्त एक कर्मचारी मकवानपुर जिल्ला प्रशासन कार्यालयमा कार्यरत रही यस कार्यालयबाट तलव भत्ता तथा पोशाक वापत रु.१ लाख २१ हजार भुक्तानी लिएको लामो समयसम्म अन्यत्र काज खटाई तलव भत्ता खर्च लेख्नु मनासिव देखिदैन ।

३ **राहत अभिलेख:** कार्यालयले वितरण गरेको राहत तथा प्रकोप पिडितको सहयोगका लागि बाढी पिडीतलाई प्रति परिवारलाई रु १ लाख ४० हजारको दरले यो वर्ष २ जनाको रु २ लाख ८० हजार

र  भुकम्प पिडीतलाई प्रति परिवार रु १ लाख ४० हजारका दरले २ परिवारलाई रु २ लाख ८० हजार आगलागी तथा बाढी पिडीतलाई रु २ हजार देखि रु ५ हजार सम्म समेत ५५ जनालाई आर्थिक सहायता वापत रु १४ लाख ८० हजार खर्च लेखेको छ। विगतमा उपलव्ध गराएको राहत रकमको स्पष्ट विवरण संलग्न नगरी भरपाई तथा कागजातका आधारमा खर्च गर्ने परीपाटीमा सुधार गर्नुपर्दछ।

४ **मुआव्जा:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) वमोजिम अख्तियारी प्राप्त गरी तोकिएका कार्यक्रम अनुसार खर्च गरी लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कार्यालयले कार्य संचालन कोषमा समाविष्ट विभिन्न ३ शिर्षकमा खर्च भै रु ११ करोड ९० लाख बाकी रहेको उक्त शिर्षकमा भएको खर्चका विल भरपाइहरु समेत सम्बन्धित कार्यालयहरुमा पठाएको भनी  लेखापरीक्षणमा पेश भएन।

५ **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ५० (१) मा कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा १ पटक जिन्सी निरीक्षण गरी वा गर्न लगाइ प्रतिवेदन लिनु पर्ने र नियम ५०(३) अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामानहरु लिलाम गर्नुपर्ने, मर्मत गर्नुपर्ने उल्लेख भएको सामान मर्मत संभार गरेको पाइएन। कार्यालयमा रहेका सामानको उचित मर्मत सम्भार तथा व्यवस्थापन हुनुपर्दछ।

६ **राजश्व:** कार्यालयले राहदानीबाट प्राप्त गर्ने राजश्व रकमलाई व्यवस्थित गर्न नया राहदानी लिनको लागि रु.५ हजार तथा प्रतिलिपि लिनको लागि रु.१० हजारको अभिलेख स्पष्ट रुपमा राखेको पाइएन। कार्यालयले दैनिक राजश्व आम्दानीको टिपोट (म.ले.फ.फा.नं. १०८, १०८क) तयार गरेको देखिएन। यसले गर्दा कार्यालयलाई प्राप्त हुने राजश्वको नगदी रसिद भिडान हुन सक्दैन। कार्यालयले स्पष्ट अभिलेख राख्नुपर्ने देखिएको छ।

७ **धरौटी:** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ६६ मा धरौटी लगत स्पष्ट राख्नुपर्ने व्यवस्था छ। धरौटीको विवरणमा रु.१ करोड १५ लाख धरौटी बांकी देखिएकोमा बैक विवरणमा १ करोड ७ लाख भएबाट रु. १ लाख बैंकमा घटी देखिएको छ। आर्थिक बर्ष ०५७।५८ को दाखिला हुनुपर्ने धरौटी रु. २५ हजार तथा गृह मन्त्रालयबाट सोधभर्ना हुनुपर्ने रु.७२ हजारका सम्बन्धमा कार्यालयले हालसम्म कारवाही गरी टुङ्गो लगाएको पाइएन। नियमानुसार धरौटी अभिलेख व्यवस्थित गर्नुपर्दछ।

## जिल्ला प्रहरी कार्यालय

१ **प्रगति विवरण:** पुर्ननिर्माण तथा पूँजिगत कार्यक्रममा रु.२ करोड १५ लाख ४८ हजार खर्च गरेकोमा बार्षिक लक्ष्य प्रगति तयार गरेको छैन। अत: स्वीकृत कार्यक्रम सम्पन्न भएपछि प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

२ **बार्षिक प्रतिवेदन:** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९० बमोजिम प्रत्येक कार्यालयले आफ्नो आर्थिक कारोबार (नगदी, जिन्सी) आय-व्यय को अनुसूचि २११ बमोजिमको ढाँचामा संक्षिप्त आर्थिक तथा बार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी आर्थिक बर्ष समाप्त भएको २१ दिनभित्र दुई प्रति पठाउनु पर्ने व्यबस्था गरिएको छ।संक्षिप्त आर्थिक तथा बार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेकोले तयार गरी पेश हुनुपर्दछ।

३ **रासन खर्च:** कार्यालयले २०७२ माघमा २ हजार १५१ दिनको रु.३ लाख ३६ हजार, असोजमा २ हजार ६५४ दिनको रु.४ लाख ३३ हजार, २०७२ फागुनको २ हजार ३३१ दिनको रु ३ लाख ७९ हजार रासन खर्च वापत खर्च लेखेकोमा परिपत्रले तोके अनुसार राशन खाने प्रहरी कर्मचारीहरुको दरबन्दी रहेको कार्यालयमा जानकारी पठाएको छैन। जानकारी नपठाउदा उक्त रकमको पारिश्रमिक कर दाखिला नहुन सक्ने हुँदा समयमै जानकारी पठाउने व्यबस्था हुनुपर्दछ।

४ **कार्यसम्पादन प्रतिवेदनः** एक प्रहरी चौकी निर्माण कार्यका एक निर्माण सेवालाई रु.१ करोड १४ लाख भुक्तानी दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्दछ ।

# जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक मूल्याङ्कनबाट खरिद योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको जस्ता व्यहोराहरु देखिएकोलेसुधार हुनुपर्दछ ।

२. **सार्वजनिक लेखापरीक्षणः** शान्तिको लागि विकास कार्यक्रम अन्तर्गत २१ वटा उपभोक्ता समितिवाट कार्यक्रम संचालन गरी रु ४६ लाख ८ हजार भुक्तानी गरेकोमा सो को सार्वजनिक परीक्षण गरेको छैन ।सार्वजनिक लेखापरीक्षण गराउँदा लागत अनुमान वमोजिम निर्माण सामाग्री, ढुवानी, दक्ष ज्यामी खुलाई सार्वजनिक परीक्षण गरिनुपर्दछ ।

३. **कम कामः** एक परियोजनामा ठेक्का सम्झौता अनुसार पहिलो ५ महिनामा २० प्रतिशत, १० महिनाभित्र ६५ प्रतिशत र १५ महिनाभित्र कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ । २०७३ आषाढ मसान्तसम्म ७ महिनाको अवधिमा रु.३ करोड ७० लाख ९६ हजार भुक्तानी गरेको छ । वित्तीय प्रगतिको आधारमा १७.०३१ प्रतिशत मात्र निर्माण कार्य भएको र ७ महिनाको अवधिमा १७ प्रतिशत मात्र काम सम्पन्न भएको हुदाँ निर्माण कार्य समय सीमा भित्र सम्पन्न हुन सक्ने देखिदैन । निर्माण कार्यको नापजाँच बाट बिलमा रु.३ करोड ७० लाखको मात्र निर्माण देखाएकोमा रु.३ करोड ७० लाख ९६ हजार वरावरको नापजाँच गरी भुक्तानी गरेको देखीएकोले वढि नापजाँच गराई भुक्तानी दिएको सम्वन्धमा स्पष्ट गरिनुपर्दछ ।

४. **काम दोहोरोः** कार्यालयले भवन निर्माण कार्यका लागि २०६९।३।२ मा एक निर्माण सेवालाई कार्यादेश दिई अन्तिम विलसम्म रु.२६ लाख ४० हजार भुक्तानी गरेको छ । मूल ठेक्का नतोडिएको अवस्थामा सोही काममा दरभाउ पत्रवाट रु.४ लाख ४८ हजार लागत अनुमान तयार गरी अर्को एक निर्माण सेवालाई भुक्तानी भएको रकम अनियमित देखिएको छ । एक निर्माण व्यवसायीलाई तोकिएको कार्य सम्पादन नगरी अर्को निर्माण व्यावसायीबाट काम गराउनुपर्नाको मनासिब कारण पेश हुनुपर्दछ ।

५. **पेश्कीः** आर्थिक वर्ष २०७२।७३ मा उपलब्ध गराएको पेश्कि आ.व.को अन्तसम्म पनि ३ फर्मले फछ्र्यौट नगरेको रु १ करोड ९६ लाख ४३ हजार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९० बमोजिम पेश्की फछ्र्योट गर्नुपर्दछ ।

# जिल्ला वन कार्यालय

१ **अख्तियारीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) बमोजिम १५ दिनभित्र अख्तियारी पठाउनुपर्ने व्यवस्था भएकोमा शुरु बजेटमा रु १ लाख ४४ हजार आषाढमा प्रदान गरेको छ ।

२ **चौमासिक खर्चः** पूँजीगत कार्यक्रम संचालनतर्फ प्रथम चौमासिकमा १७.३३, दोश्रो चौमासिकमा ४२.०२ तेस्रो चौमासिकमा ४०.६३ प्रतिशत खर्च गर्ने लक्ष्य रहेकोमा प्रथममा ६०.१५ दोश्रो चौमासिकमा ४९.२० र तेश्रो चौमासिकमा ९१.१९ र आषाढ महिनामा ४१.७४ प्रतिशत खर्च भएको छ ।

३ **दरवन्दी तथा पदपूर्ति**: निजामती सेवा नियमावली २०५० को नियम १३ बमोजिम पदपूर्ति हुनुपर्दछ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न कार्य सम्पादन गर्नका लागि कर्मचारीहरुको स्वीकृत दरवन्दी १७५ रहेकोमा १२२ पद पुर्ति भई ५३ पद रिक्त रहेको छ ।

५ **तलवी प्रतिवेदन**: निजामती सेवा ऐन २०४९ को दफा ७ बमोजिम १३ जना स्थायी कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलव शिर्षकमा रु.३ करोड ४८ लाख ९३ हजार खर्च लेखेको देखियो ।

६ **निरिक्षण**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५(१) वमोजिम रासन सामाग्रीहरुको संझौता वमोजिम तोकिएको परिमाण, मूल्य, स्पेशिफीकेसन, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँचगरी समग्र व्यहोरा खोली निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन ।

७ **ठेक्का वन्दोवस्त**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) बमोजिम प्रथम चौमासिक भित्र ठेक्कापट्टा वन्दोवस्त गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष २ वटा ठेक्काको खरिद सम्झौता प्रथम चौमासिकमा नभई दोस्रो चौमासिकमा भएको देखियो । नियमको अनुसरण गरी समयमै ठेक्का वन्दोवस्त गर्नुपर्दछ ।

८ **लागत र कवोल अंक**: ठेक्का व्यवस्थापन हुदा पूर्ण रुपमा स्वस्थ्य प्रतिस्पर्धा हुनुपर्दछ । यस वर्ष राशन खरिद कार्यको लागि रु ७३ लाख ४८ हजारमा आपुर्तिकर्तासँग सम्झौता भएकोमा लागत अनुमान अंक र कवोल अंक बिच न्यून प्रतिस्पर्धा भएको देखिन्छ ।

९ **अभिलेख**: कर्मचारीको तलव खर्च लेख्दा कट्टा गरिएको सञ्चयकोष, नागरिक लगानी कोष, सावधिक जीवन विमाकोष कट्टी रकम दाखिला गरेको प्रमाण स्रेस्तासाथ पेश हुनुपर्नेमा विभिन्न महिनामा कट्टा गरिएको दाखिला भौचर तथा प्रमाण स्रेस्ता साथ राखेको पाईएन ।

१० **पेश्की वाकी**: कार्यालयले पेश गरेको एकिकृत पेश्कीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्ममा पनि रु.१४ लाख ३० हजार म्याद नाघेको पेश्की फछ्र्यौट नभएकोमा नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

११ **असूली**: आयकर ऐन २०५८ अनुसार विभिन्न ढुवानी खर्च भुक्तानी गर्दा, कर्मचारीलाई ज्यामी काममा लगाई डोर हाजिरीबाट भुक्तानी गर्दा, गोष्ठि सञ्चालन तथा अन्य कार्य वापत भुक्तानी गर्दासामाजिक सुरक्षा कर, अग्रिम कर, ढुवानी भाडा कर लगायतमा रु.९० हजार कट्टी नगरेकोमा उक्त रकम असुल हुनुपर्दछ ।

१२ **खर्चको प्रकृया**: कार्यालयले विल भपाई सहित प्रकृया पऱ्याएर मात्र खर्च गर्नु पर्दछ । स्वीकृत भ्रमण आदेश तथा विल वेगर खर्च लेखेको रु २६ हजार, कुर्चि मर्मत तथा अनुगमन मुल्याङ्कन दैनिक भम्रण भत्ता बापत रु.२३ हजार र राप्ती नदी प्रणाली संरक्षण कार्यक्रम बापत रु १ लाख, नियमको प्रकृया वेगर अन्यकार्यमा खर्च लेखेको रु ५ लाख ९ हजार नियमित हुनुपर्ने देखियो ।

१३ **विरुवा उत्पादन**: कार्यालयले विरुवाको उत्पादन, वितरण, मौज्दात र अनुगमनको कार्ययोजना बनाई सो अनुसार कार्यान्वयन गर्नुपर्दछ । यस कार्यालयले पेश गरेको विवरण अनुसार ७ लाख ५ हजार विरुवा उत्पादन गरी वितरण गरेको उल्लेख छ । कुन प्रजातीका जम्मा के कति विरुवा कुन कुन अवधिमा वितरण भई वृक्षारोपण हुनुपर्ने हो सोको कार्ययोजना तयार एवं अनुगमनगरी प्रतिवेदन तयार गरेको देखिएन ।

१४ **जिन्सी दाखिला**: कार्यालयले एक विक्रेताबाट रु १ लाख मा जेनेरेटर खरिद गरेकोमा जिन्सी दाखिला गरेको छैन ।

१५ **बन कार्य योजना**: वन ऐन, २०४९ को दफा ३०(क) बमोजिम सामुदायिक वन उपभोक्ता समुहहरुले वार्षिक आम्दानीको २५ प्रतिशत रकम वन विकासमा खर्च गर्ने गरी वन कार्य योजना वनाउनुपर्ने

व्यवस्था छ। हस्तान्तरण भएका १११ वटा सामुदायिक बनमध्ये म्याद समाप्त भएको ४८ वटाको कार्य योजना संसोधन गरेको देखिएन भने कतिले वन विकासमा २५ प्रतिशतले खर्च गरे त्यसको अभिलेख समेत राखेको देखिएन ।

१६ **वन उपभोक्ता समितिः** सामुदायिक वन उपभोक्ता समुहले बन ऐन २०४९ को दफा ४४(१) बमोजिम बार्षिक प्रतिवेदन र वन नियमावली २०५१ को नियम ३६(२) बमोजिम आम्दानी खर्चको लेखा परीक्षण गराई सोको प्रतिवेदन नियम ३६(३) अनुसार जिल्ला वन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कुनै वन उपभोक्ता समूहले यस आर्थिक वर्ष लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन

१७ **वन पैदावार संकलनः** वन नियमावली, २०५१ को नियम ३ बमोजिम वन व्यवस्थापन कार्ययोजनामा तोकेको परिमाणमा वन पैदावार संकलन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको ५ वर्षिय स्वीकृत कार्य योजनामा भएको र वन विभागबाट थप भएको समेतका कार्य मध्ये जिल्ला विकास समिति, बाँकेले संकलन गरेको परिमाणको अभिलेख अध्यावधिक नभएको कारण तोकिएको लक्ष्य अनुसार कार्य भएको देखिएन । रेकर्ड अध्यावधिक नहुदा राजस्व असुलीमा असर हुने भएकाले लक्ष्य अनुसार संकलन कार्य गरी अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

१८ **मुद्धाः** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा १५ बमोजिम वन पैदावार तथा वन्यजस्तु सम्वन्धि मुद्धा २ वर्ष भित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । काठ चोरी निकासी र वन्यजन्तुको चोरी शिकार मुद्धा गत वर्षको जिम्मेबारी १३९ वटा यस वर्ष दर्ता ३६ वटा समेत जम्मा १७५ वटा मुद्धा रहेकोमा ४२ वटा फछ्र्यौट भई १४० वटा बाँकी रहेको देखिन्छ । बाँकी रहेको १४० वटामध्ये ७२ वटाको दूईवर्ष अवधि नाघेको देखिन्छ ।

१९ **बन अतिक्रमणः** बन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ अनुसार बन अतिक्रमण हटाउन प्रयास गर्नुपर्ने व्यवस्था भएकोमा यस जिल्लाको ६८ स्थानमा ३६९५ घरघुरीबाट २०५५.०८ हेक्टर वन क्षेत्र अतिक्रमण भएकोमा २१७.३७ हेक्टर वन अतिक्रमण हटाइएको तर अन्य क्षेत्रमा हटाएको पाईएन ।

२० **अन्य प्रयोजनः** बन ऐन, २०४९ को दफा ६८ बमोजिम नेपाल सरकारको निर्णय अनुसार वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिदा सम्झौता बमोजिमको रोयल्टी दस्तुर असूल गर्नुपर्ने व्यवस्था छ। कार्यालयले दिएको विवरण अनुसार यो वर्ष भोगाधिकार दिएको जग्गाको रोयल्टी रु ५ लाख ३२ हजार २ रकम प्राप्त गर्नुपर्दछ ।

२१ **काठको अवस्थाः** घाटगद्दीमा रहेका काठ दाउराको प्रजाति अनुसारको ग्रेडिङ्ग, खुलाई सो अनुसार लगत राखि राजश्वको आर्थिक विवरणमा लगत वाध्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार लगत अधावधिक गरेको छैन । बिगतदेखि ८१५ क्यु.फि. काठको हैसियत पुर्णरुपमा बिग्रेको उल्लेख छ । त्यसैगरी जिल्ला वनतर्फको ४३,००६.११ क्यू.फि. काठ द्धन्दको समयमा हराएको र आगलागी भएकोले लगत कट्टाको लागी विभागमा पत्राचार गरेको उल्लेख भएकोमा सोको कार्बाही टुङ्गो लगाएको प्रमाण पेश भएन ।

२२ **घाटगद्धिः** कार्यालयले पेश गरेको अभिलेख अनुसार आम्दानी रजिष्टरले ६७,९११.०६ क्यू.फिट काठ देखाएकोमा घाटगद्धिमा ३५०३.८१ क्यू.फिट काठ राम्रो अबस्थामा रहेपनि अन्य ६४,४०७२५ क्यू.फिट काठ द्धन्द्धको अबस्थामा आगलागी, चोरी आदीका कारण नष्ट भएको र केही काठ सडिगली काम नलाग्ने अबस्थामा रहेको उल्लेख छ । उक्त काठका सम्बन्धमा समेत आवश्यक कारबाही गरी लगत मिन्हा गर्नेतर्फ कारबाही गरेको देखिएन ।

२३ **आय ठेक्काः** वन क्षेत्रको आय ठेक्काबाट आर्जित रकममध्ये जिल्ला वन कार्यालय मार्फत ९० प्रतिशत राजस्व दाखिला गर्ने र जिल्ला विकास समितिले १० प्रतिशत पाउने व्यवस्था छ। जिल्ला

विकास समितिले भुक्तानि दिन बाँकीमा रु ६९ लाख ८२ हजार देखाएकोमा यस कार्यालयले के कति रकम प्राप्त हुनुपर्ने हो विवरण तयार गरेको पाइएन ।

२४ **श्रेस्ता:** आर्थिक कार्यविधि नियमावलीको २०६४ बमोजिम वन पैदावार आपूर्ति समितीमा रु.५२ लाख २१ हजारको आम्दानी खर्च भएतापनि उक्त सामितिको काठको आम्दानी, विकी र घाटगद्दी खाता पेश भएन ।

२५ **लगती राजस्व:** राजस्वको आर्थिक विवरण अनुसार मौज्दात काठ दाउराको लगती राजस्व रु.१ करोड ४८ लाख ४९ हजार कायमी लगतमा देखाएतापनि लगत बाँकीमा देखाएको पाईएन ।

२६ **धरौटी:** आर्थिक विवरण अनुसार श्रेस्तामा रु.२ करोड ८५ लाख २ हजार रहेकोमा बैंक अनुसार रु.२ करोड ८४ लाख ५५ हजार देखिएकोले रु.४६ हजार फरक सम्वन्धमा असूल गरी बैंक दाखिला गर्नुपर्दछ । साथै यो वर्षको अन्त्यमा वाकी रहेको धरौटी रु.२ करोड ८४ लाख ५५ हजारका सम्वन्धमा व्यक्तिगत धरौटी वाकी विवरण पेश नभएकोले विवरण पेश हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले खरिदको गुरु योजना एव वार्षिक खरिद योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेका जस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

२ **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यविधि २०६४ को नियम ५० वमोजिम कार्यालयले जिन्सी मुल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन वमोजिम फरफारक गर्नुपर्नेमा कार्यालयले जिन्सी प्रतिवेदन तयार गरेको छैन । प्रतिवेदन तयार गरी जिन्सी सामान व्यवस्थापन हुनुपर्दछ ।

३ **पेश्की व्यवस्थापन:** जिल्ला विकास समिति अनुदान पूंजीगततर्फ गतवर्षको पेश्की रु ७ लाख ६४ हजार रहेकोमा आर्थिक विवरणमा कम देखिएको छ । पेश्कीको लगत अद्यावधिक बनाई राख्नुपर्दछ ।

४ **लक्ष्य प्रगति:** परिषदले निर्धारण गरेको तथा जिल्ला विकास समितिले गरेको संशोधित कार्यक्रम बमोजिमका कार्यक्रमहरु पूर्ण रुपमा कार्यान्वयन भएका छैनन् । कार्यालयले कार्यविधि तथा ऐन नियमले निर्धारण गरे वमोजिम प्राथमिकताको आधारमा कार्यक्रम तर्जुमा गरी कार्यसम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

**५** **लेखापरीक्षण:** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ६९(२) अनुसार गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण गर्न लेखापरीक्षण नियुक्ती गरिएकोमा २०७३ माघ मसान्तसम्म लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको छैन । लेखापरीक्षण गराउने कार्य प्रकृयामा रहेको कार्यालयको भनाई रहेको छ ।

६ **सूचिकरण:** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ को नियम १५५(२) मा स्थानीयस्तरमा संचालन हुने आयोजनाहरु (६० लाखसम्म लागत अनुमान भएका) स्थानीय उपभोक्ता समुहद्धारा काम गराउन कार्यालयले उपभोक्ता समुहहरुलाई वर्गीकरण र सूचीकरण गरी लगत राख्नुपर्ने व्यवस्था रहेकोमा अभिलख राखेको छैन । सूचिकृत समूहहरुबाट मात्र कार्य सम्पादन गराउनुपर्दछ ।

७ **आयोजना हस्तान्तरण:** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा २९(२) बमोजिम आयोजना संचालन गर्ने निकायले सम्पन्ने आयोजनाहरु हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण भएका छैनन् । नियमित रेखदेख र मर्मत संम्भार कार्यको लागि सम्वन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी दीगो संचालन हुने व्यवस्था मिलाउनु पर्दछ ।

८ **सार्वजनिक परीक्षणः** स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली २०६४ को नियम १५६(प) बमोजिम उपभोक्ता समितिले गरेको काम सार्वजनिक लेखापरीक्षण नगराई भुक्तानी गरेको छ। लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिका पदाधिकारीको नाम नामेसी, कार्यशुरु तथा सम्पन्न मिति समेत खुल्नेगरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय निकायमा प्रस्तुत गर्नुपर्ने व्यवस्था हुनुपर्दछ।

९ **प्रोत्साहन भत्ताः** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २५७ अनुसार कर्मचारीहरुलाई प्रचलित तलब स्केलको २० प्रतिशतका दरले स्थानीय भत्ता दिने निर्णयवाट आर्थिक दायित्व वढ्ने हुदाँ अर्थमन्त्रालयको नीतिगत स्वीकृति लिनुपर्ने व्यवस्था प्रति ध्यान दिनुपर्ने देखिन्छ।

१० **समपुरक कोषः** जिल्ला विकास समितिको २४ औं जिल्ला परिषदको निर्णयले रु ७२ लाख विभिन्न समपुरक कोषको नाममा रकम राखेको छ। समपुरक कोष नभएको अवस्थामा रकम फ्रिज नगराउने उद्देश्यले मात्र रकम निकासा गरेको रकम फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्दछ।

११ **कार्यक्रम प्राथमिकताः** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २०१ अनुसार जिल्ला परिषदले छनौट गरेको विभिन्न ११ आयोजनाहरुको कार्य नभएको, यो वर्ष खर्च भएको रु ५ करोड २८ लाख ९६ हजारमा जिल्ला परिषदले तोकेका कार्यक्रममा १३.८३ प्रतिशत खर्च छ। जिल्ला परिषदले समेत गत विगतका सम्पन्न नभएका आयोजनाभन्दा अन्य आयोजनाहरुमा वढी खर्च गर्ने गरेको देखिदा आयोजनाहरु लामो समयसम्म अधुरो रहने देखिन्छ। यसमा सुधार हुनुपर्दछ।

१२. **कचनापुर प्रसुति गृहः** जिल्ला परिषदले छुट्याएको योजनालाई प्राथमिकता दिनु पर्दछ। जिल्ला परिषदले कचनापुर प्रसुति गृह निर्माण गर्न कार्यालयले रु २३ लाखमा एक निर्माण सेवासंग सम्झौता गर्न ठेक्काको म्याद २०७२।१२।१५ सम्म रहेकोमा कार्यालयले म्याद भन्दा पछि विलको नापजाँच गरी मिति २०७३।३।२७ मा भुक्तानीको लागि सिफारिस गरेको छ। बैक ग्यारेन्टीको म्याद नवढाएको र म्याद पनि थप नभएको अवस्थामा १०२ दिनको प्रतिदिन (२०७३।१२।१५ पछिको) रु १ हजार को दरले हुने रु १ लाख १६ हजार हर्जाना असुल गरी राजस्व दाखिला गर्नुपर्दछ।

**१३.** **अनुगमन प्रतिवेदनः** कार्यालयले ३३ गाँउ विकास समितिको लागि नयाँ नागरिक सचेतना कार्यक्रमबाट प्रति गा.वि.स रु १ लाख ५० हजार को दरले रु ४९ लाख ५० हजार महिला तथा विपन्न वर्गको जिविकोपार्जन कार्यक्रमको लागि रकम निकासा दिएको, महिला तथा विपन्न वर्गलाई खर्च भएको दोहोरो अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेमा प्रतिवेदन तयार गरेको छैन।

१४. **हर्जानाः** धम्बोजी देखि वेलहरी छत्रपुर जाने वाटो निर्माण गर्न २०७२।९।१० सम्म म्याद थप भएकोमा को १५९ दिनको रु.८१९।९७ को दरले हुने रु १ लाख ३० हजार हर्जाना हसुल गरी राजस्व दाखिला गर्नुपर्दछ। त्यसै गरी ठेक्का नं. १०।७१-७२ को कार्य मिति २०७२।२।३० सम्म कार्य गर्ने गरी सम्झौता भएकोमा मिति २०७२।३।३० सम्म म्याद थप गरेको छ। म्याद समाप्त भएको अवस्थामा दोश्रो र अन्तिम विल वाट रु १५ लाख ६९ हजार भुक्तानी भएको छ। म्याद भित्र कार्य नगरेको कारण मिति २०७२ श्रावण देखि २०७३ जेठ ६ गते सम्म ३०६ दिनको प्रति दिन रु ९६७४७ को दरले रु.२ लाख ९६ हजार हर्जाना असुल गर्नुपर्दछ।

१५. **एउटै ठाउँमा दुई ठेक्काः** कार्यालयले मुल भन्सार सुइयागाउँ- हिरमिनिया- मंगतनपूर्व सडक पूनर्स्थापना तथा हयूम पाइप राख्ने कार्य एउटै ठाउमा २ वटा ठेक्का व्यवस्थापन गरेको छ। दुवै ठेक्कामा रु.१९ लाख ३४ हजार र रु १० लाख ६१ हजारको लागत अनुमान वनाई वोलपत्र तथा दरभाउ पत्रवाट कार्य गराएको छ। काममा दोहोरोपन देखिने गरी कार्य गराउनु हुदैन।

१६. **खर्च प्रयोजनः** कार्यालयले गतवर्ष अधुरा रहेका आयोजनालाई प्राथमिकता दिई क्रमागत योजनाको रुपमा परिषदवाट स्वीकृत गराई कार्य संचालन गर्नुपर्दछ। जिल्ला परिषदको निर्णयमा नभएको तर

जि.वि.स. वोडले क्रमागतमा राखेको एक डेरी पसल स्थापनाको लागि रु ६ लाख खर्च भएकोमा उद्योग स्थापना नभै संञ्चालनमा रहेको अर्कै डेरी उद्योगको मर्मत संम्भार गरेको तथा सामान खरिद गरेको विल भर्पाई संलग्न गरेको छ । जुन उद्देश्यको लागि रकम विनियोजन भएको हो सोही प्रयोजनमा खर्च हुनुपर्दछ ।

१७ **कर्मचारी कल्याण कोषः** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ मा कर्मचारी कल्याण कोषको नाममा स्थापना हुने अक्षयकोषमा प्रत्येक वर्ष कम्तीमा एक महिनाको तलब वरावरको रकम जम्मा गर्नुपर्नेमा कार्यालयले यो रु २५ लाख कर्मचारी कल्याण कोषमा लगेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम रु.४ लाख ८० हजार मात्र रकम लग्नुपर्नेमा रु २० लाख १९ हजार वढी लगेको छ ।

१८ **क्रमागत योजनाः** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को वुदा नं. १३(झ) मा स्थानीय निकायको परिषदवाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न नपाईने व्यवस्था छ । एक स्ल्याव कल्भर्ट निर्माण कार्यको लागि रु.५६ लाख क्रमागत आयोजनाको रुपमा राखी जिल्ला परिषदवाट वजेट विनियोजन गर्नुपर्नेमा परिषदले छनौट गरी स्वीकृत गरेको छैन । परिषदवाट निर्णय भएका कार्यक्रम वा आयोजनामा मात्र खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।

१९ **हयूम पाइप खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम सार्वजनिक निकायले कामको आवश्यकता र कार्यक्रमलाई मध्यनजर गरी खरिद कार्य गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षहरुमा खरिद गरेका हयूम पाइप पर्याप्त मौज्दात हुदाँहुदै यो वर्ष रु १९ लाख ८३ हजार वरावरको खरिद गरेको छ । मालसामान खरिद गर्दा कार्यालयमा भएको मौज्दातलाई विचार गरी खरिद गर्नुपर्दछ ।

२० **प्रसुति गृह निर्माणः** एक प्रसुति गृह निर्माण कार्यको लागि यो वर्ष रु ११ लाख ३ हजारमा कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता भएको छ । आर्थिक वर्ष २०७१।७२ मा प्रारम्भ भएको उक्त कार्य २०७३ माघ मसान्तसम्म पनि सम्पन्न भएको छैन ।

२१. **नापजाचः** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली २०६४ को नियम १३१ अनुसार निर्माण कार्य प्राविधिकवाट नापजाँच गराउनुपर्ने व्यवस्था छ । वीपी प्रतिक्षालयदेखि सितापुर गौघाटसम्म जाने वाटो कालोपत्रे गर्ने कार्यको प्रथम विलको रु.११ लाख ६० हजार तथा अन्तिम विलको रु १० लाख ७८ हजारको कामको परिमाण, भुक्तानीको लागि माग गरेकोमा प्राविधिकवाट नापजाँच नगराई भुक्तानी भएको छ । प्राविधिकवाट समयमै नापजाँच गरी कार्य सम्पादनको आधारमा भुक्तानीको लागि पेश गर्नुपर्दछ ।

२२. **छुटः** स्थानिय  निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावली, २०६४ को नियम १७०(२) मा आन्तरिक आय ठेक्का वन्दोवस्त तर्फ ठेक्केदारले सम्झौता को समयमा ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी वढीमा १० प्रतिशतसम्म छुट दिन सकिने व्यवस्था भएकोमा कार्यालयले ठेकेदारलाई मू.अ.कर नबुझाएको अवस्थामा समेत रु ६६ लाख ६० हजार छुट दिएको छ ।

**२३. मु.अ.कर वाकीः** कृषिजन्य सामान निकासी तर्फ ठकेदारले कवोल अंक रु.८५ लाख र १३ प्रतिशतले हुने रु ११ लाख ५ हजार मूल्य अभिवृद्धि कर बुझाउनु पर्नेमा विभिन्न समयमा गरी रु ४ लाख ७० हजार मात्र बुझाएकोले बुझाउन वाँकी रु.६ लाख ३५ हजार मु.अ.कर असुल गरी दाखिला गर्नुपर्दछ ।

**२४ घटी मु.अ.कर असुलीः** कार्यालयले चौपाय पशुजन्य निकासी, छाला, निकासी, पिप्रहवा सत्री मटोहिया, गंगापुर घाट, उत्राही लगायतका अन्य विभिन्न ठेक्का गरी रु ३० लाख ४२ हजार मा ठेक्का वन्दोवस्त गरेको छ । उक्त ठेक्काहरुमा समेत नियमानुसार १० प्रतिशत छुट दिएकोमा समयमा मु.अ.कर रकम असुल गरेको छैन । कवोल अंक रु.३० लाख ४२ हजार  को १३ प्रतिशतले

हुने रु ३ लाख ९५ हजार असुल  गर्नुपर्नेमा रु ३ लाख ५५ हजार असुल दाखिला गरेको छ। असुल गर्न बाँकी रु ४० हजार सम्वन्धित ठेक्काहरुवाट असुल गरी दाखिला गर्नुपर्दछ ।

२५. **जेठी नाला पक्की पुलः** कार्यालयले आइटम नं. ४ एप्रोच रोडमा शुरु लागत अनुमानमा १८०० से.मी. रहेकोमा ५ औ रनिङ्ग विलमा २२५० से.मी सम्म रु.१५०।- मा काम गराई भुक्तानी भएको छ । नयाँ आइटम थप नभएको अवस्थामा यही कार्यलाई भेरियशन-२ जारी गरी १६९३.९७६ से.मीको रु.३१५।– मा काम गराई रु ५ लाख ३३ हजार भुक्तानी गरेको छ । कार्यालयले नियम विपरित एउटै आइटममा दर वृद्धि गरी कार्यालयलाई वढी व्ययभार परेको रकम रु.५ लाख ३३ हजार असुल गर्नुपर्दछ ।

२६. **पुर्वनिर्धारित क्षतिपूर्तिः** मैनाचुली डाइनामिक ज्वाइन्ट भेन्चरसंग मिति २०७१ भाद्र २० गते सम्झौता गरी कार्य गराएको ठेक्काको अवधि २०७२।८।१८ सम्म रहेको छ । ठेक्का म्याद थप नभएको अवस्थामा ५ औँ रनिङ्ग विलको रु २७ लाख ७३ हजार भुक्तानी भएको देखिदा ७९ दिनको प्रतिदिन रु १३ हजारको दरले रु १० लाख ६९ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

२७. **दोहोरो कार्यः** निर्माण व्यवसायीको वि.ओ क्यू मा परेको परिमाणमा थप कार्य गर्न परेको अवस्थामा प्राविधिक पुष्ट्याई सहित थप काम गर्न सकिनेमा रु.२४ लाख खर्च भई कार्यसम्पन्न हुने चरणमा रहेको र त्रुटी सच्याउने अवधि रही रहेको जेठी नाला तटवन्ध निर्माण उपभोक्ता समितिसंग पुनः दोहोरो हुने गरी सोही कार्य गराएको छ । उपभोक्ता समितिसंग रु २१ लाख ६१ हजार दोहोरो भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

२८. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)ख मा पाँचलाखसम्म निर्माण कार्य सिधै गर्न सकिने व्यवस्था छ । कार्यालयले २३ ओटा फर्महरुवाट सोझै खरिद गरी रु.६० लाख भुक्तानी गरेको नियमित देखिएन ।

२९. **गाडी भाडाः** कार्यालयमा ३ ओटा गाडीको व्यवस्था हुदाहुदै पनि एक आर्थिक वर्षमा कार्यालयका कर्मचारीहरु/ अन्य व्यक्तिहरुले विभिन्न समयमा गाडी भाडामा लिई अनुगमन शीर्षकबाट रु ६ लाख ५७ हजार रकम भुक्तानी भएको छ । कार्यालयकै साधनबाट अनुगमन गरी मितव्ययीता अपनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

३०. **होटल खर्चः** कार्याक्रम बनाई विकास निर्माण र अन्य प्रशासनिक क्षेत्रमा गर्नुपर्ने कार्यक्रम वेगर अतिथि सत्कार एवं चियापान खर्चमा रु १३ लाख भुक्तानी भएको देखिन्छ । यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

३१. **करविजकः** रितपूर्वकको कर विजक वेगर सच्याइएको विजक राखी एक निर्माण व्यवसायीलाई रु ३९ हजार भुक्तानी दिएको देखिदा मु.अ.कर समायोजन भएको प्रमाण पेश गर्नु पर्दछ ।

३२. **आयकरः** एक डेरी पसल स्थापना तथा माईक्रोस्कोप खरीद कार्यको लागि रु ६ लाख भुक्तानी गरेकोमा आयकर ऐन २०५८ बमोजिम १५ प्रतिशत अग्रिम आयकर करकट्टी नगरी रकम भुक्तानी भएकोले रु.९ हजार असुल गरि दाखिला गर्नुपर्दछ ।

३३. **हस्तान्तरणः** उपेक्षित समुदायको उत्थानका लागि एक सिलाई मेशीन इम्पेरियल बाट  ८ थान सिलाई मेशीन, स्टेण्ड, टेवुल, कैंची खरिद भएकोमा सम्वन्धित समुदायलाई हस्तान्तरण गरेको भरपाई पेश हुन आएको छैन ।

३४. **जिविस कोष आन्तरिक श्रोतः** जि.वि.स. आन्तरिक कोषमा कुल दरवन्दी १० रहेकोमा ल्याव सहायक दरवन्दी नरहेको अवस्थामा ल्याव सहायक नियुक्त गरी मासिक रु १२ हजार का दरले भुक्तानी भएको रकम नियमित देखिदैन । दरवन्दी स्वीकृत गरेर मात्र कर्मचारी नियुक्त गर्नुपर्दछ ।

३५ **हाजिरी प्रमाण**: स्वयंसेवकहरुलाई कार्यरत निकायवाट हाजिरी प्रमाणित गराई रकम भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले केही कर्मचारहिरुको हाजिरी प्रमाणित वेगर तलव भुक्तानी भएकोले प्रमाणित हाजिरी संलग्न गर्नुपर्ने देखिन्छ ।

३६. **साइकल मौज्दात**: वित्तिय सहयोग कार्यक्रममा एकसप्लाएर्सवाट ५०० थान साइकल र साइकलको टोकरी खरिद भएको देखिन्छ । कार्यालयले खरिद भएको ५०० थान साइकल मध्ये ४९० थान साइकल वितरण गरी १० थान साइकल मौज्दात राखेको पाइयो । आवश्यक संख्याको आधारमा मात्र खरिद हुने व्यवस्था हुनुपर्दछ ।

३७. **अन्य खर्च**: स्थानिय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३(१) मा बैठक भत्ता, तलव भत्ता, दैनिक तथा भ्रमण भत्ता कर्मचारी एवं राजनैतिक पदाधीकारीहरुको पारिश्रमिक सवारी साधन मर्मत सम्भार इन्धन खर्च जस्ता खर्चमा खर्च गर्न नहुने भनि उल्लेख भएकोमा कार्यालयले गाविस अनुदानको कन्टीन्जेन्सी रकम बाट निषेध गरिएका खर्च शीर्षकमा रु २ लाख १८ हजार खर्च गरेको नियमित देखिएन ।

३८. **पेश्की**: यस आ.व. मा पेश्की स्वरुप रु ३ करोड १० लाख ७८ हजार उपलब्ध गराइएकोमा आ.व. को अन्त्यमा फछ्र्यौट नभएको पेश्की स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ र १९० बमोजिम फछ्र्यौट गर्नुपर्दछ ।

३९. **विल भरपाई वेगरको खर्च**: आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३६ अनुसार विलभरपाई वेगर खर्च गर्न नहुने व्यवस्था छ। कार्यालयले योजना वाडफाड कार्यको लागी प्लेन भाडा भुक्तानी वापत एक ट्राभल्स लाई विलभरपाई वेगर रु ८४ हजार खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

४०. **समायोजन पत्र**: मु.अ.कर नियमावली, २०५३ को नियम १७() अनुसार कार्यालयले यो वर्ष गरेको भुक्तानीमा केरमेट गरी मु.अ.करविजक सच्चाएको देखिएकोले मु.अ.कर बापत भुक्तानी भएको रु.१ लाख ४४ हजारको कर समायोजन पत्र पेश गर्नुपर्दछ ।

४१. **अनुगमन**: निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५२ को नियम ८(क)२ अनुसार व्यवस्थापिका संसदका सम्वन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा १ पटक अनुगमन गरी सो को प्रतिवेदन जि.वि.स मा पेश गर्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष संचालित १३१ वटा आयोजनाहरुको अनुगमन भएको देखिएन । कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ ।

४२. **निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम**: कार्यालयको यो वर्षको पूर्वाधार विशेष कार्यक्रम छनौट र कार्यान्वयन अन्तर्गत सञ्चालित ३९ आयोजनाहरु मध्ये जिल्ला परिषदवाट स्वीकृत भएको ४ वटा आयोजनाहरु मात्र कार्यान्वयन भएको देखिन्छ । बाँकी ३५ वटा आयोजनाहरु स्वीकृत गरेको छैन । नियमावलीले निर्धारित गरेको कार्यविधि अनुरुप आयोजना छनौट र कार्यन्वयन गर्नुपर्दछ ।

४३. **कार्यक्रम नभएको**: कार्यालयबाट विनौना सिचाई पोखरी पाइप र खरिद कार्यक्रमको लागि एक इन्टरप्राइजेजको २०७३।३।२१ को विल बमोजिम रु ८ लाख ८८ हजार वरावरको रकम उ.स.लाई भुक्तानी दिएको देखिन्छ । उक्त पाइप लेईङ सम्वन्धमा कार्यक्रममा केही खुलाएको छैन । कार्यकम सम्वन्धी विवरण पेश हुनुपर्दछ ।

४४. **प्रशारण प्रमाण पत्र**: कार्यालयले जि.वि.स. गतिविधि कार्यक्रम अन्तर्गत सम्वोधन मध्यपश्चिम डकुमेन्ट्री प्रसारण वापत एक टेलिभिजनलाई रु.५० हजार भुक्तानी गरेकोमा उक्त कार्यक्रम प्रसारण भएको प्रमाण पत्र प्राप्त गरेको नदेखिएकोले उक्त प्रमाण पत्र प्राप्त गरी दाखिला गर्नुपर्दछ ।

४५. **रसिद नियन्त्रण खाता**: कार्यालयले राजश्वतर्फ यो वर्ष रु.५१ हजार देखि रसिद प्रयोग गरेकोमा रसिद नं. ५१५१ देखि ६५०० सम्म जम्मा २८ ठेली नगदी रसिदबाट राजश्व असुली गरेको देखिएन । उक्त रसिद को विवरण प्राप्त नभएकोले कार्यालयको राजश्व असुली र दाखिला सम्वन्धमा

एकिन हुन सकेन । साथै सिन नं. ७५०१ देखि ७५५० सम्मको रसिद ठेली पनि प्रयोगमा आएको देखिएन । प्रयोगमा आएका रसिद तथा सो को विवरण प्रमाणित गरी अद्यावधिक बनाउनुपर्दछ ।

४६. **लाभग्राहीको विवरण:** सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि) नियमावली, २०७२ दफा (१२) अनुसार नाम दर्ता र नविकरणवाट आगामी वर्षका लागि लाभग्राहीको विवरण गा.वि.स. वा नगरपालीकाले पौष मसान्तभित्र एम आइ एस मा नाम दर्ता तथा प्रमाणिकरण र नविकरण समेत गरी विभागमा प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष गा.वि.स.ले पठाएको लगत र एम आइ एस को लगत विच लाभग्राही को संख्या फरक परेकोले एकिन गरी अद्यावधिक विवरण तयार गर्नु पर्दछ ।

४७. **सामाजिक सुरक्षा पेश्की:** कायालयको पेश्की वाँकीको विवरणमा गत विगत देखिको म्याद नाघेको पेश्की रु ४ करोड २२ लाख ७१ हजार छ भने गत आ.व.को मात्र २ करोड १७ लाख ४१ हजार पेश्की फछ्र्यौट वाँकी रहेको देखिन्छ । कार्यविधि को पालना गरी समयमा नै पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४८. **सामाजिक** सुरक्षाः सामाजिक सुरक्षा कार्यक्रम (संचालन कार्यविधि), २०७२ नियम ३१ मा स्थानीय निकायले सामाजिक सुरक्षा भत्ता प्रदान गर्नको लागि गरेको नयाँ नाम दर्ता, चौमासिक भत्ता वित्तरण र मृत्यु तथा वसाइसराईको कट्टा र थप गरेको विवरण सवैलाई पायक पर्ने स्थानमा सुचना टाँस गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयवाट यो वर्ष उक्त विवरण सार्वजनिक नगरेकोले कार्यविधिको पालना हुनुपर्दछ ।

## जिल्ला सरकारी वकिल कार्यालय

१ **प्रोत्साहन भत्ताः** आर्थिक कार्यविधि नियमावली,२०६४ अनुसार सम्बन्धित खर्च शिर्षकबाट खर्च लेख्नुपर्नेमा कार्यालयले प्रोत्साहन भत्ता भुक्तानी गर्दा अन्य भत्ता (२१११९) शिर्षकवाट खर्च भुक्तानी दिनुपर्नेमा तलव(२११११) शिर्षकबाट रु.१,७४,७९१.०० भुक्तानी लेखेको देखिएको छ ।

२ **चाडपर्व खर्च :** निजामती सेवा ऐन, २०४९ को दफा १२८(३) बमोजिमको चाडपर्व खर्च भुक्तानी गर्दा चाडपर्व अभिलेख अद्यावधिक राखी नियमित गर्ने र सरुवा वढुवा भै रमाना हुदा चाडपर्व खर्च लिने पर्वको नाम समेत उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले २ कर्मचारीलाई रु ३२ हजार निजहरुको मुख्य चाडपर्वको अभिलेख नराखी भुक्तानी गरेको छ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक मूल्याङ्कनबाट खरिदको गुरु योजना उवं वार्षिक खरिद योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम र मर्मत नगरेको पेश्की खाता अद्यावधिक नगरेको कार्यक्रम खाता नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको जस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

२ **न्यूनप्रगतिः** आर्थिक कार्यविधि नियमावली २०६४ को अनुसूची २ को ढाँचामा कार्यक्रमको प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष १३ कार्यक्रम नगरेको र कतिपय कार्यक्रममा न्यून प्रगति गरेको र स्वीकृत ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन ।

३ **दरवन्दी मिलानः** शिक्षा ऐन २०२८ (संसोधन सहित) को दफा १५ मा नेपाल सरकार वा तोकिएको अधिकारीले जिल्ला शिक्षा समितिको राय लिई संचालनमा रहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा

विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्ने व्यवस्था छ। जिल्ला शिक्षा समितिले दरवन्दी मिलान सम्वन्धमा मिति २०७२।१०।६ मा एक कार्यदल गठन गरी प्रतिवेदन प्राप्त गरेको छ। प्रतिवेदन वमोजिम दरवन्दी मिलान कार्य नभएकोमा उक्त कार्य प्रक्रियामा रहेको कार्यालयको भनाई रहेको छ।

४ **विद्यालय रकम निकासा:** कार्यक्रम कार्यान्वयन निर्देशिकाले विद्यालय भवन निर्माण कार्यक्रम संचालनका लागि छनौट भएका विद्यालयहरुसंग एकै पटक प्रथम चौमासिक भित्र सम्झौता गर्नु पर्ने व्यहोरा उल्लेख गरेको छ। कार्यालयले सवै विद्यालसंग प्रथम चौमासिकमा सम्झौता नगरी पटक पटक सम्झौता गरेको र सम्झौता भएका विद्यालयहरुलाई तोकिएको काम सम्पन्न गरी सो को जानकारी गराई रकम माग गरेपछि प्राविधिक निरीक्षण पश्चात् मात्र रकम निकासा दिनुपर्नेमा कामको प्रगतिको आधारमा रकम निकाशा गरेको छैन ।यस तर्फ सुधार हुनुपर्दछ।

५ **लागत अनुमान एवं प्रतिस्पर्धा:** कार्यालयले यो वर्ष स्वीकृत कार्यक्रम वमोजिम ८ कोठे र ६ कोठे विद्यालय भवन निर्माण कार्यको लागत अनुमान तयार गरेको छैन। कार्यक्रम निर्देशिकामा विद्यालय भवन निर्माण, मर्मत तथा पुननिर्माण गर्दा शिक्षा विभागवाट उपलब्ध डिजाइन/ड्रइङ्ग र स्वीकृत दररेट अनुसार लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गर्नुपर्ने उल्लेख छ।स्वीकृत वार्षिक कार्यक्रम वमोजिम विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रम(क्रमागत) तथा भूकम्पबाट अधिक क्षति भएका विद्यालयहरुका लागि रेट्रो मर्मत तथा विद्यालय भवन मर्मत तर्फ समेत निर्देशिकाले उल्लेख गरे बमोजिम सम्बन्धित निकायवाट नक्सा पास गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार बोलपत्र/सिलबन्दी दरभाउ पत्रको माध्यमबाट कार्य गराएको छैन। कार्यालयले यस वर्ष विनियोजित रु.२४ लाख ८० हजार वाट ५ विद्यालयको लागि कामको आधारमा दामाशाहीले निकासा दिनुपर्नेमा एक उ.मा.वि. सिधनवालाई रु १६ लाख अर्को उ.मा.वि लाई रु २ लाख ४८ हजार र अन्य ३ विद्यालयको लागि बाँकी रकम निकाशा दिएवाट अनुदान रकम समानुपातिक हिसावमा निकाशा भएको देखिएन। निर्देशिकामा भएको व्यवस्था बमोजिम कार्यसम्पादन हुने व्यवस्था हुनुपर्दछ।

७ **आवासीय विद्यालय भवन निर्माण:** निर्देशिकामा जिल्लामा रहेका सामुदायिक विद्यालयहरु मध्येवाट उत्कृष्ट सामुदायिक उच्च माध्यमिक विद्यालय छनौट गरी कार्यक्रमको रकम निकाशा गर्न सक्ने व्यवस्था गरेको छ। आवासीय विद्यालय भवन निर्माणको लागि यो वर्ष रु २० लाख बजेट व्यवस्था भएकोमा ८३४ विद्यार्थी रहेको एक उच्च मा.वि. लाई अधिक विद्यार्थी संख्या आधारमा छनौट गरेको र सो रकम निकाशा दिइएको तर शिक्षा मन्त्रालयको पत्रानुसार कार्यालयले निकासा भै सकेको रकम फिर्ता गरी पुन: ३४७ विद्यार्थी मात्र रहेको अर्को उ.मा.वि लाई निकासा गरेको छ। कम अंक प्राप्त गर्ने दोस्रो विद्यालयलाई एकै वर्ष ४ कोठे भवन निर्माणको लागि र आवासिय विद्यालय भवन निर्माणमा रकम निकाशा गरिएको छ उ.मा.वि. कार्यक्रम कार्यान्वयन निर्देशिकाले विगत २ आ.व.मा. कार्यक्रम परेको विद्यालयलाई प्राथमिकतामा नपारी अर्को निर्माण कार्यको लागि छनौट गर्नु नहुने व्यवस्था भएता पनि पछिल्लो मा.वि. लाई एकै वर्ष ४ कोठे भवन र आवासिय विद्यालय दोहोरा हुने गरी रकम निकाशा गरेको मनासिव देखिएन।

८ **कार्यसम्पन्न पेश नभएको:** यसवर्ष भौतिक निर्माण सुधार तर्फ रु १२ करोड ५० लाख ८० हजार वजेट निकाशा गरेकोमा यसै वर्ष ५ करोड ४० लाख ३० हजार को कार्य सम्पन्न भै सकेको छ। बाँकी रु.७ करोड १० लाख ५० हजार को तोकिएको समय भित्रै निर्माण सम्पन्न गरी कार्यसम्पन्न पेश गर्नुपर्ने देखिन्छ।

९. **पेश्की:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ मा पेश्की फछ्र्यौट गर्ने सम्वन्धि व्यवस्था रहेको छ। काम हुन नसक्ने अवस्थामा पेश्की दिन नहुनेमा कार्यालयले आर्थिक वर्षको अन्तमा रु ५० लाख १७ हजार पेश्की दिएको छ।

१०. **कार्यक्रम भएको नदेखिएको:** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम वमोजिम आर्थिक वर्ष भित्रै कार्य सम्पन्न हुने गरी रकम निकासा गर्नुपर्दछ। सामुदायिक अध्ययन केन्दलाई प्रति केन्द्र रु.७५ हजारको दरले आ.व. को अन्तमा निकासा गरेको कारण एक आ.व. भित्र कार्यक्रम सम्पन्न हुने अवस्था रहेन। समयमा कार्यक्रम सञ्चालन गराई फरफारक गर्ने व्यवस्था हुनुपर्दछ।

११. **द्वन्द्व पिडित छात्रवृत्ति:** द्वन्द्वका कारण मृत्यु भएका मृतकका छोराछोरीका लागि छात्रवृत्ति रकम सम्वन्धित विद्यार्थीको बैक खातामा रकम पठाएको रु ३ लाख ४८ हजार मध्ये रु १ लाख ५८ हजार ११ जना विद्यार्थीको वैक खाता नं. उल्लेख नगरी पठाएको रकम सम्वन्धित विद्यार्थीले वुझेको भर्पाई तथा बैक खातामा रकम गएको प्रमाण नभएकोले असुल गरी दाखिला गर्नुपर्दछ।

१२. **बैक खाता उल्लेख नभएको:** कार्यालयले वाह्य वातावरण सुधार (शौचालय तथा खानेपानी) कार्यक्रमको रकम ४ विद्यालयको लागि रु ८ लाख निकासा गरेकोमा वैक खाता नं. उल्लेख नगरी पठाएको पाइएकोले सो निकासा रकम सम्वन्धित विद्यालयले प्राप्त गरेको प्रमाण पेश गर्नुपर्दछ।

१३. **छात्रवृत्ति:** छात्रवृत्तिको माध्यमवाट विद्यालय शिक्षामा लक्षित वर्गको पहुँच वृद्धि गर्ने उद्देश्ले छात्रवृत्तिको व्यवस्था भएको व्यहोरा कार्यक्रम निर्देशिकामा उल्लेख छ। उच्च माध्यमिक तहमा अध्ययनरत विज्ञान विषयका विद्यार्थीका, अति सिमान्तकृत समुदायका वालवालिकाहरुको लागि संचालन हुने छात्रावास संचालन खर्च, छात्रावासका विद्यार्थीका लागि तराईका पिछडिएका दलित र सिमान्तकृत वर्गका कक्षा ११ र १२ मा अध्ययनरत छात्राहरुका लागि रामनारायण मिश्र विशेष छात्रवृत्ति जस्ता छात्रवृत्तिहरु वितरण नभएको तथा न्यून प्रतिशत मात्र वितरण भएको कारण निर्देशिकाले अपेक्षा गरे वमोजिम प्रतिफल प्राप्त हुने स्थिति देखिदैन। उक्त कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१४. **अनुगमन:** कार्यक्रम कार्यान्वयन निर्देशिकाले छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या यकिन गरेर मात्र दिनुपर्ने, छात्रावास सुविधा प्राप्त गर्ने विद्यार्थी र छात्रावासमा उपलब्ध सुविधा को यकिन गरी छात्रवृत्तिको रकम निकासा दिनुपर्ने व्यवस्था गरेको छ। कार्यालयले छात्रवृत्ति वितरण गर्दा विद्यार्थी संख्या यकिन नगरी विद्यालयको माग वमोजिम रु .३१ लाख ९३ हजार निकासा गरेकोमा सो को अनुगमन प्रतिवेदन प्राप्त भएको छैन ।लक्षित बर्गले छात्रवृत्ति प्राप्त गर्न नसकेको बारे अनुगमन हुनुपर्दछ।

१५. **धार्मिक विद्यालयलाई अनुदान:** विद्यालयलाई निकासा गर्दा विद्यार्थी संख्या यकिन गरेर दोहोरो नहुने गरी र बैंक खाता अनिवार्य खुलाई निकासा गर्नुपर्दछ। कार्यालयले १४ विद्यालयलाइ बैंक खाता नै उल्लेख नगरी रु १३ लाख ६८ हजार निकासा गरेको देखिएकोमा सम्वन्धित विद्यालयमा रकम जम्मा भएको प्रमाण पेश गरेको छैन । साथै कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम धार्मिक विद्यालयलाई एकमुष्ट अनुदान निकासा गरेपछि पुन: विद्यालय मसलन्दको रकम निकासा दिन नहुनेमा प्रति विद्यालय रु ५ हजार देखि रु १५ हजार को दरले रु १५ लाख २० हजार निकासा गरेको रकम असुल गर्नुपर्दछ।

१६ **अनुदान परिक्षण:** अनुदान निकासा वापत ९७ वटा धार्मिक विद्यालयलाई निकासा दिएको छ। सो दिन पाउने आधार निर्देशिकामा नभएकोले निकासा गरेको रु ६ लाख ३० हजार असुल गर्नुपर्दछ।

१७. **पाठ्यपुस्तकमा बढी निकासा:** कार्यक्रम कार्यान्वयन निर्देशिकामा कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्य पुस्तक उपलब्ध गराउदा पाठ्यपुस्तक आवश्यक पर्ने विद्यार्थी संख्या यकिन गर्ने र विद्यालय पाठ्यपुस्तक तथा पाठ्य सामाग्री छपाई तथा वितरण निर्देशिका २०६७ वमोजिम आवश्यक रकम विद्यालयहरुमा निकासा गर्नुपर्ने व्यवस्था गरेको छ। निर्देशिका वमोजिम पाठ्यपुस्तकको रकम निकासा गर्दा जनक शिक्षा सामाग्री केन्द्रको दर रेट

वमोजिम पाठ्य पुस्तकको रकम निकासा गर्नुपर्नेमा कार्यालयले सो भन्दा वढी दर वाट निकासा गरेको कारण रु.२६ लाख ७३ हजार वढी निकासा भएको रकम असुल गरी दाखिला गर्नुपर्दछ ।

१८. **पि.सी.एफ.नन सेलरी:** कार्यक्रम निर्देशिका वमोजिम प्रत्येक सामुदायिक विद्यालयहरुलाई नपाउने पि.सी.एफ.का आधारमा नन सेलरी अनुदान सहयोग दिन सकिने व्यवस्था छ। कार्यालयले एकमुष्ट अनुदान पाउने ९२ धार्मिक विद्यालयलाई समेत पि.सी.एफ.नन सेलरी उपलब्ध गराएको छ । निर्देशिका वमोजिम पि.सी.एफ.नन सेलरी नपाउने धार्मिक विद्यालयलाई निकासा दिएको प्रति विद्यार्थी रु १५०।- को दरले ६८७८ विद्यार्थीका लागि रु १० लाख ३१ हजार फिर्ता गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१९. **विशेष छात्रवृत्ति:** निर्देशिकाले तराईका दलित, मुस्लिम र पिछडावर्ग, दलित, सिमान्तकृत, लोपोन्मुख समुहका विद्यालयमा उच्च माध्यमिक तहमा अध्ययनरत छात्रालाई विशेष छात्रवृत्ति वितरण गर्न विद्यार्थीवाट निवेदन माग गरी विद्यार्थी छनौट गर्ने व्यवस्था गरेको छ। कार्यालयले यस कार्यक्रममा स्वीकृत वजेट रु ४७ लाख ७३ हजार मध्ये रु ४ लाख २३ हजार विभिन्न विद्यालयको नाममा निकासा दिएको छ। निर्देशिका वमोजिम विद्यार्थी छनौट गरेको र सम्बन्धित विद्यार्थीको बैंक खाता खोल्न लगाई खातामा रकम जम्मा गरेको समेत देखिएन । कार्यक्रम बमोजिम लक्षित विद्यार्थी छनौट गरी रकम निकासा गर्नुपर्नेमा कार्यक्रमको ८.८६ प्रतिशत मात्र रकम खर्च भएवाट लक्षित विद्यार्थी ले छात्रवृत्ति पाएको अवस्था छैन ।

२०. **छात्रावृत्ति:** निर्देशिकाले छात्रवृत्ति पाउने विद्यार्थी संख्या यकिन गरी छात्रवृत्ति वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले आर्थिक वर्षको अन्तमा १०० विभिन्न धार्मिक विद्यालयलाई कक्षा १-८ मा अध्ययनरत छात्राहरुका लागि छात्रवृत्ति रकम रु १७ लाख ९७ हजार निकासा गरेको छ। निर्देशिका बमोजिम छात्रवृत्ति पाउने छात्राहरुको संख्या यकिन नगरी रकम निकासा गरेकोले सम्बन्धित विद्यालयवाट छात्रवृत्तिको वितरणको भर्पाई यकिन गरी छात्रवृत्ति रकम वढी निकासा भए नभएको यकिन गर्नु पर्दछ ।

२१. **अनुगमन प्रतिवेदन नभएको:** निर्देशिका बमोजिम कक्षा १ मा भर्नाहुने विद्यार्थी मुल्यांकन तथा निरन्तर विद्यार्थी मुल्यांकनको सुदृढीकरण भए गरेको छ छैन सो को अनुगमन गर्नुपर्दछ। कार्यालयले यस कार्यको लागि रु १५ लाख ६० हजार विभिन्न विद्यालयको खातामा रकम निकासा गरेको छ। स्वीकृत कार्यक्रममा रु १५ लाख २३ हजार वजेट रहकोमा रु १५ लाख ६० हजार खर्च गरेकोले रु ३७ हजार बजेट भन्दा बढी खर्च गरेको समर्थन गर्नुपर्ने तथा सो को अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्दछ।

२२. **पि.सी.एफ.सेलरी वढी निकासा:** कार्यक्रम कार्यान्वयन निर्देशिकाले कक्षा १-५, कक्षा ६-८ र कक्षा ९-१० को हकमा स्वीकृत स्थायी दरवन्दी र राहत दरवन्दीमा कार्यरत शिक्षक तथा विद्यार्थी संख्या को अनुपातमा पि.सी.एफ.सेलरी निकासा दिनुपर्ने व्यवस्था गरेको छ । यस कार्यक्रमको लागि रु १ करोड ९२ लाख ८१ हजार मिति २०७३।३।३० मा निकासा गरेको छ। विद्यार्थी-शिक्षक अनुपात (५० जना विद्यार्थी एक शिक्षक) मा विद्यार्थी संख्या वढी भएका विद्यालयमा निर्देशिकाले गरेको व्यवस्था वमोजिम पि.सी.एफ.सेलरी निकासा दिनुपर्नेमा कार्यालयले ११ विद्यालयमा शिक्षक विद्यार्थी अनुपात नमिलाई निकासा गरेकोले वढी निकासा रु.५ लाख ९९ हजार असुल गरी दाखिला गर्नुपर्दछ ।

२३. **भुक्तानी बाकिको विवरण:** आर्थिक कार्यविधि नियमावली २०६४(७) अनुसार सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भुक्तानी दिन वाकि कच्चावारी प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष रु ३६ लाख १ हजार गत आ.व.को तलब भत्ता भुक्तानी गरेको रकम भुक्तानी दिन वाँकी विवरण म.ले.प.फा.नं.१८ नराखी खर्च भएको रकम नियम सम्मत देखिएन ।

२६. **पारिश्रमिक कर**: आयकर ऐन २०४९ को दफा ८(१) अनुसार पारिश्रमिक भुक्तानीमा १५ प्रतिशत ले पारीश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।एक अधिवक्तालाई कानुनी परामर्श बापत भुक्तानी भएको रु.३ लाख मा १ प्रतिशत रु ३ हजार मात्र कर कट्टी भएकाले नपुग कर रकम रु ४२ हजार असुल उपर गर्नुपर्दछ ।

२७. **अनुगमन प्रतिवेदनः** कार्यालयले विद्यालय भौतिक सुधार तथा विकास कार्यक्रम अन्तर्गत विद्यालयहरुमा रु.२९ लाख निकासा गरेकोमा उक्त कार्यक्रमको अवस्था सम्वन्धमा गरेको अनुगमन प्रतिवेदन संलग्न गरेको नदेखिएकोले उक्त अनुदानको प्रभावकारी सदुपयोग सम्वन्धमा एकिन गर्न सकिएन । अनुगमन प्रतिवेदन लिई विश्लेषण गरिनुपर्दछ

२८. **विलभरपाई वेगर खर्चः** कार्यालयले यो वर्ष अन द जव तालिम कार्यक्रम व्यवस्थापन को लागि रु २ लाख २५ हजार एक उच्च मा.वि. नेपालगंन्ज लाई विलभरपाई वेगर खर्च लेखेको अनियमित देखिएको छ ।

२९. **प्रगति विवरणः** कार्यालयले कार्यक्रमको कम्पोनेन्ट २.१५.४०.८६ ल्याव सामाग्री सहयोग अनुदान रकम रु ६२ लाख निकासा खर्च लेखेकोमा उक्त विद्यालयवाट विज्ञान प्रयोगशाला निर्माण तथा सामाग्री खरिदको कागजात संलग्न गरी लेखा राख्नुपर्नेमा सो नदेखिदा प्रगति विवरण प्राप्त गर्नुपर्ने देखिन्छ ।

३०. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ वमोजिम आ.व.को अन्तसम्म रु ४१ लाख ७३ हजार पेश्की फछ्र्यौट भएका नदेखिदा फछयौट गर्नु पर्दछ ।

३१. **बढि भुक्तानीः** एक उ.मा.वि मधुई लाई तेस्रो चौमासिकमा तलब निकाशा गर्दा निकासा माग भन्दा बढि भुक्तानी दिएको देखिन्छ । बढि भुक्तानी रकम रु १ हजार असुल उपर गर्नुपर्दछ ।

३२. **असुल गर्नुपर्नेः** उत्तर पुस्तिका ढुवानी गर्दा भाडा रकम रु २३ हजार खर्च लेखेकोमा उक्त रकमको १० प्रतिशत ले हुन आउने वहाल कर रु.२ हजार कट्टि नगरकोले सो रकम असुल गर्नुपर्दछ ।

३३. **शिक्षा समितिः** शिक्षा समिति तर्फ रु १३ लाख ५ हजार खर्च गरेको, समितिले वजेट प्रस्ताव गरेको भन्दा रु २२ हजार वढी खर्च गरेको छ । परीक्षा समिति तर्फ रु २६ लाख ३३ हजार खर्च भएको छ । शिक्षा समितिवाट खर्च अनुमोदन गर्नुपर्दछ ।

## डिभिजन सडक कार्यालय

१ **दरवन्दी तथा पदपूर्तिः** कार्यालयको विभिन्न कार्य सम्पादन गर्नका लागि कर्मचारीहरुको ४२ स्वीकृत दरवन्दी व्यवस्था गरेकोमा ३३ पद पुर्ति, ९ पद रिक्त,पद पूर्तिमध्ये २ पद करारमा रहेको देखिन्छ ।

२ **लिलाम/मर्मतः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) वमोजिम जिन्सी निरिक्षण प्रतिवेदन अनुसार लिलाम मर्मत गर्नुपर्ने भनि उल्लेख भएका मालसामानहरुको नियमावलीले तोकेको अवधि भित्र मर्मत र लिलाम गरि भण्डार व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

३ **घर जग्गा लगतः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४(१) बमोजिम कार्यालयले घर जग्गाको लगत राखेपनि घर जग्गाको मूल्य खुलेको नदेखिएकोले, मूल्यसमेत खुलाई जिन्सी खातामा लगत अद्यावधिक गरि राख्नुपर्ने देखिन्छ ।

४ **निरीक्षणः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण गर्नुपर्नेमा सो अनुसार निरीक्षण गरेको अभिलेख पाइएन ।

५ **खरिद योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपैयांभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा कार्यालयले वार्षिक खरिद योजना स्वीकृत भएको देखिएन ।

६ **अख्तियारी**: आर्थिक कार्यविधि नियमावली, २०६४ को ३२(२) अनुसार रु.२ करोड ०१ लाख २४ हजार अख्तियारी आषाढमा प्राप्त भएको पाइयो ।

७ **बातावरणीय परीक्षण:** वातावरणीय परीक्षण सम्वन्धि सडक विभागको नीति अनुसार नयां सडक निर्माण र पुर्नस्थापनाको सम्भाव्यता अध्ययन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो प्रावधानको पालना गरेको छैन ।नियमले तोकेको प्रावधानहरुको पालना गर्नु आवश्यक देखिन्छ ।

८ **निर्माण अवधि**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० (३) अनुसार यो वर्ष ठेक्का सम्झौता गर्दा ३ महिना देखि ३३ महिनासम्मको निर्माण अवधि राखि सम्भौता गरेको छ । करिब एउटै प्रकृति र लागतका आयोजनालाई निर्माण अवधि राख्दा फरक फरक अवधि दिने गरेको देखिन्छ । यस्तो फरक अवधि राख्नुको स्पस्ट आधार रहेको नदेखिदा कामको प्रकृति र लागत अनुसार निर्माण अवधि राख्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

९ **विड डकुमेन्ट अभिलेख**: कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कार्यालयमै विड डकुमेन्ट बिक्री र बांकी देखिने गरी अभिलेख राख्नुपर्नेमा राखेको देखिएन ।

१० **भ्रमण खर्च**: भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ अनुसार सबैबाट भ्रमण प्रतिवेदन लिने गरेको देखिएन । भ्रमण खर्च भुक्तानी दिदां भ्रमण प्रतिवेदनका साथै आवश्यक सबै बिल भरपाई पेश गर्ने गराउने व्यवस्था गरी प्रमाणीत गरी राख्नुपर्दछ ।

११ **डोर हाजिरी**: कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता (म.ले.प.फा.नं. १७५) फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको छैन । कार्यालयले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बर अनुसार जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था गर्नुपर्ने देखिन्छ ।

१२ **कार्य प्रगति**: आयोजना अनुसार कन्टिन्जेन्सीबाट पारिश्रमिक पाउने गरी कार्यरत व्यक्तिले कार्य प्रगति दिने गरेको छैन । सम्झौता अनुसार पेश गरेको कार्यतालिका अनुसार काम भए नभएको अनुगमन गरी नभए आवश्यक कारबाही गरी काम गराउनु पर्नेमा सो अनुसार गर्ने गरेको छैन ।

१३ **सम्भाव्यता अध्ययन**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैंयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमागर्दा सम्भाव्यता अध्ययन गरेर मात्र ठूला योजनामा लगानी गरी आकस्मिक कार्य र त्यसबाट थप हुन जाने लागत नियन्त्रण गर्नुपर्ने देखियो ।

१४ **लक्ष्य प्रगति**: यस डिभिजनले उपलव्ध गराएको वार्षिक लक्ष्य तथा प्रगति विवरण अनुसार ९४ वटा बजेट उपशीर्षक अन्तर्गत शुन्य प्रतिशतसम्म प्रगति भएका १५ वटा, २५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु १२ वटा, ५० प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु ५ वटा र ७५ प्रतिशतसम्म प्रगति भएका कार्यक्रमहरु ११ वटा रहेका छन् । न्यून प्रगति हुनुको समस्यालाई समाधान गरी तोकिएको लक्ष्य प्रगति हासिल गर्नेतर्फ उन्मुख हुनुपर्दछ ।

१५ **कार्य विवरण**: कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार भएको देखिएन । कार्यविवरण तयार गरी कर्मचारीको जिम्मेवारी र अधिकार किटान गर्नुपर्ने देखिन्छ ।

१६ **पूंजीगत खर्च**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार कुल पूंजीगत खर्च रु. ५२ करोड ३२ लाख २१ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु. ४१ करोड ५५ लाख ९५ हजार (६९. ५५) खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.२१ करोड ३८ लाख ९९ हजार (४०.८८) खर्च गरेको पाइयो । अघिल्लो दुई चौमासिकसम्म केवल २०.५ प्रतिशत कार्य सम्पादन गर्ने र आषाढ महिनामा मात्र ४०.८८ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय

कार्य नहुने अवस्था सिर्जना हुनेहुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्दछ ।

१७ **ठेक्का**: निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी विवरण (म.ले.प. फा.नं. १९०) अभिलेख राखेतापनि सबै व्यहोरा खुल्ने गरी राखेको देखिएन । जिम्मेवारी निकायले तोकी दिएको ढांचामा सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

१८ **नापी किताव**: नापी किताब (म.ले.प.फा.नं. १७१) अनुसार प्रयोग गरिएका नापी किताव कार्यालय प्रमुखबाट प्रमाणित गरी सम्बन्धित प्राविधिकको नाममा जारी गर्नुपर्ने, नापी कितावमा कन्टिन्जेन्सी खर्च समेत चढाई भुक्तानीको गो.भौ.नं. समेत उल्लेख गर्नुपर्नेमा गरेको पाइएन । तसर्थ नापी कितावमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता (म.ले.प.फा.नं. १७२) मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।

१९ **पूर्व योग्यता निर्धारण:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ अनुसार ठेक्कापट्टाको काम निर्धारित समयमा सम्पन्न नभई पटकपटक म्यादथप गर्नुपर्ने र गुणस्तरीय काम नहुने बोलपत्र मूल्याकन प्रयोजनमा देखाइएका साधन स्रोत प्रयोग नहुने तथा अभिलेख नदेखिने गरी अन्य निर्माण व्यवसायीलाई ठेक्का दिने तथा हस्तान्तरण गर्ने अवस्था आउने हुंदा यसतर्फ समेत बोलपत्र मुल्याङ्कन गर्दा र निर्माण क्रममा समेत ध्यान दिनु आवश्यक देखिन्छ ।

२० **कार्यतालिका**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्नु गराउनु र पेस गरे अनुसारको कार्यतालिकामा उल्लेखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ ।

२१ **योजना स्वीकृति**: आर्थिक कार्यविधि नियमावलीको नियम १९,२० र २२ अनुसारको कार्यविधि अपनाई योजनाको सम्भाव्यता अध्ययन, लागत अनुमान तयारी र योजना स्वीकृत गराई कार्य गर्नुपर्नेमा डिभिजनले कार्यक्रम र बजेट प्रस्ताव गरी पठाउने गरेको देखिएन ।

२२ **त्रुटी सच्याउने अवधि:** यस वर्ष सम्झौता भई यसै वर्ष सम्पन्न भएका ३४ वटा योजना र विगत वर्ष सम्झौता भई यो बर्ष २२ सम्पन्न भएका समेत कुल ५६ योजना यो बर्ष सम्पन्न भएकोमा उक्त योजनालाई पनि डिएलपिमा रहेको भनि स्पष्ट देखिने गरी अभिलेख राखेको छैन ।

२३ **गुणस्तर परीक्षण**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ बमोजिम ठेक्कामा समावेश भएका आइटमको अनिवार्य रुपमा गुणस्तर परीक्षण प्रमाण लिने व्यवस्था हुनुपर्दछ भने गुणस्तर परीक्षण गर्दा गराउदा सकेसम्म कार्यालयकै प्रयोगशालाबाटै गराउदा भरपर्दो र राजस्व समेत प्राप्त हुने हुदा सोतर्फ कार्यालयको ध्यान जानु आवश्यक देखिन्छ ।

२४ **सडक इन्भेन्ट्री**: डिभिजनले आफ्नो क्षेत्रभित्र निर्माणाधिन र निर्माण सम्पन्न सडक, पुल, कल्भर्ट, रिटेनिगवाल आदिको लगत अद्यावधिक गरी राख्नुपर्ने गरी सडक विभागले परिपत्र गरेकोमा डिभिजनले यस प्रकारको लगत राखेको पाइएन । विभागीय परिपत्र अनुसार लगत दुरुस्त अवस्थामा राख्नुपर्ने देखिन्छ ।

२५ **बोलपत्र व्यवस्था**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार डिभिजनबाट यस वर्ष ९४ वटा ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा २ वटा, दोस्रो चौमासिकमा ४५ वटा र तेस्रो चौमासिकमा ९४ वटा ठेक्का व्यवस्था गरेको पाइयो । यो वर्ष लागत अनुमानको तुलनामा औषतमा ०.१ प्रतिशत देखि ५० प्रतिशतसम्म घटेर ठेक्का सम्झौता भएको देखिन्छ ।

२६ **म्याद थप**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ बमोजिम निर्माण अवधि बढाउन सक्ने व्यवस्था भए अनुसार यो वर्ष विभिन्न १९ ठेक्काको म्याद थप गरी रु २१ करोड ७६ लाख २० हजार भुक्तानी गरेकोमा डिभिजनले तदअनुरुप सम्झौता कार्यान्वयन कार्ययोजना बनाई अनुगमन प्रणालीलाई सुदृढ गरेको पाइएन । ठेक्का समयमा सम्पन्न गरिने र म्याद थप कार्यलाई निरुत्साहित गरिने कार्यालयको भनाई रहेको छ ।

२७ **मल्यबृद्धि भुक्तानी**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा १५ महिना भन्दा बढी अवधिको खरिद सम्झौता अनुसार यस बर्ष ४ ठेक्काहरुमा रु.४५ लाख ४० हजारमुल्य बृद्धि भुक्तानी दिएकोमा कार्यालयले उल्लेखित मूल्यवृद्धि रकम सम्झौता अनुसार नै दिए पनि काम गराउदा समयमै काम सम्पन्न गराई मूल्य वृद्धि दिने अवस्था नै नआउन बिशेष ध्यान दिनु आवश्यक छ ।

२८ **भेरिएशन**: सार्वजनिक खरिद ऐन २०६३ को दफा ५३ मा अधिका भेरिएशन गर्न सकिन्छ भन्ने व्यवस्था छ । यस डिभिजन कार्यालयले दिएको विवरण अनुसार यो वर्ष विभिन्न ७ ठेक्काको लागि रु १३ करोड ६५ लाखको रकमको सम्झौता भएकोमा रु १८ लाख ६६ हजारको भेरिएशन गरी रकम भुक्तानी गरेको छ ।

२९ **कन्टिन्जेन्सी खर्च**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र अनुसूची १ मा कन्टिन्जेन्सी खर्च गर्न सक्ने प्रावधान रहेको छ । डिभिजनले यो वर्ष विभिन्न ८ बजेट उपशीर्षक र सडक वोर्डका ५ कार्यक्रमबाट सडक विभाग लाई पठाएको रु.७५ लाख समेत रु. १ करोड ४२ लाख ८२ हजार कन्टिन्जेन्सी वापत खर्च लेखेकोमा शिर्षकगत वाडफाड गरी खर्च गर्नुपर्दछ ।

३० **डिएलपि:** मानखोला कर्णाली सडकको आवधिक मर्मत कार्य रु.८ करोड ८४ लाख ३० हजार मा सम्पन्न भईअन्तिम कार्यसम्पादन मुल्यांकन पश्चात हाल उक्त आयोजना डिएलपिमा रहेकोमा योजनाको अवस्था खुलेको प्रतिवेदन पेश भएन ।

३१ **पेश्की:** एक क्षतिग्रस्त पुलको पुन निर्माणका लागि एक निर्माण व्यवसायीलाई बैक ग्यारेन्टीका आधारमा रु.२३ लाख पेश्की दिएकोमा आषाढ मसान्त फछ्यौट नगरेकोले फछ्यौट गर्नुपर्दछ ।

३२ **बैंक जमानत**: उत्तर दक्षिण लोकमार्गको वगौडा क्षेत्रमा सडक कालोपत्रे गर्ने कार्यको लागि एक निर्माण व्यवसायीसंग रु.१७ लाख २७ हजारमासम्झौता भएको देखिन्छ । उक्त निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न गर्न नसकिने विभिन्न कारण उल्लेख गरी म्याद थप माग गरेकोमा २०७१।३।२५ सम्मको म्याद थप भएकोमा रु. ११ लाख ४७ हजार (५८.७८%) काम सम्पन्न हुन वाकी रहेको र कार्य नगरेकोमा बैक जमानत वापतको रकम रु २ लाख ५४ हजार कार्यालयले फिर्ता लिन आवश्यक कारवाही गर्नुपर्दछ ।

३३ **म्याद थप**: जव्दिघाटमा डबल स्पानको पुल निर्माणको लागि एक निर्माण व्यवसायीसंग रु. १६ करोड ६८ लाख ४ हजारमा २०७१।९।२१ मा काम सम्पन्न गर्ने गरि २०६८।३।२२ मा ठेक्का सम्झौता भएको देखिन्छ । ठेक्का सम्झौता अनुसार निर्माण व्यवसायीले १७.५ महिना गाडी आपुर्ति गरेको भनि रु. १७ लाख ६२ हजार भुक्तानी दिएको मनासिव देखिएन ।

३४ **योजना फरफारक**: साईगाउ परसपुर मनिकापुर सडक खण्डमा ग्राभेल सडकको सरफेस निर्माण कार्य बोलपत्रको माध्यमबाट रु. ४९ लाख ४६ हजारमा २०७१।३।१० सम्ममा काम सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसंग २०७०।१२।२३ मा सम्झौता भएको देखिन्छ । उक्त निर्माण व्यवसायीले तोकिएको समयमा काम सम्पन्न नगरेको भनि रु.४ लाख ९५ हजार पूर्व निर्धारित क्षतीपूर्ती रकम कट्टा गरेको छ । दोस्रो रनिग विलसम्म रु.३७ लाख ४५ हजार भुक्तानी भएको आधारमा रु. १२ लाख को काम बाकी रहेको देखिन्छ । पूर्वनिर्धारित क्षतीपूर्ति रकम १०% कट्टा गरेको भनि म्याद थप गरेको छैन । नियमानुसार म्यादथप गरि आयोजना हिसाव फरफारक गर्नुपर्दछ ।

३५ **निर्माणमा क्षति:** नेपालगञ्ज गुलरिया सडकमा पर्ने मानखोला पुल संरक्षणको कार्य गर्न एक निर्माण व्यवसायीको रु.१ करोड ६८ लाख ९९ हजार स्वीकृत भई २०७३ जेष्ठ मसान्त भित्र सम्पन्न गर्नेगरि २०७२।१२।२८ मा ठेक्का सम्झौता भए अनुसार रु.१ करोड ५३ लाख ३७ हजार भुक्तानी भएकोमा ४ स्थानमा रहेको स्पर मध्ये ४ नं. स्परलाई खोलाको बाढीले ढल्काई राखेको भनि निर्माण व्यवसायीले निवेदन दिएकोमा मुलत २२ मिटर लामो स्परमा अगाडी खोलालाई १२ मिटर मात्र लन्चीङ्ग जाली हालिएको हुँदा जालि ढल्केको हुँदा अविलम्ब मर्मत सम्भार गरि योजनाका बाँकीकार्य समेत सम्पन्न गर्नुपर्ने देखियो । वाकी कार्यको रकम भुक्तानी वाकी रहेकोले त्रुटी सच्चाउन लगाइनेकार्यालयको भनाई रहेको छ ।

३६ **अधुरो कार्यः** घोरपिटा सडक निर्माण कार्यरु.३ करोड ४० लाख ४० हजारमा२०७४।१।२७ भित्र कार्य सम्पन्न गर्न सम्झौता भएकोमा बाटो निर्माण कार्यको कुनै हाइटमा बढेको भनि शुरु सम्झौताबाट रु.११ लाख ४४ हजार भेरियसन भै रु.३ करोड ५१ लाख ८५ हजार पुगेको र उक्त ठेक्कामा हालसम्म रु.३ करोड ६६ लाख ४ हजार भुक्तानी गरेको छ। निर्माण कार्य सम्पन्न भएको भनिएकोमा मुल्य समायोजन वापत रु.१४ लाख १९ हजार भुक्तानी गरेकोमा पनि कार्य सम्पन्न भएको पाइएन ।

३८ **वाकी कार्यः** कार्यालयले परुवा खोलाको १५ मिटरको पुल निर्माण गर्न लागत अनुमान रु.२ करोड ३९ लाख ५० हजार मध्ये घटी कवोलवाला निर्माण ब्यबसायीको रु.१ करोड ७७ लाख ७४ हजारमा २०७१।९।७ बाट सुरुगरि २०७२।२।६ सम्मको म्याद दिई निर्माणकार्य गराएकोमा हालसम्म तेश्रो रनिङ्ग वील २०७२।६।१५ सम्ममा रु.१ करोड ३४ लाख ८३ हजार भुक्तानी गरेको छ। नदिको बहाव ठुलो देखिई निजले कार्य नगरेको भनि २०७२।१।७ मा पत्र काटी नदिको बहाब ड्राइर्भसन गर्ने कार्य एक निर्माण व्यवसायीबाट गराईएकोमा बाँकीकार्य पनि सोभ्कै एक निर्माण व्यवसायीबाटनै सम्पन्न गर्नेगरि कार्य सुरु गरेकोमा हालसम्म पनि कार्य सम्पन्न पनि नभएको र म्याद थप समेत गरेको छैन ।

३९ **रुग्ण ठेक्काः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ २(क) मा निर्माण व्यवसायीले खरिद सम्झौता वमोजिम कार्य सम्पादन नगरेमा सार्वजनिक निकायले खरीद सम्झौता अन्त्य गर्न सक्नेछ भन्ने व्यवस्था छ। यस कार्यालयले विभिन्न २३ निर्माण कार्यको लागि २०६९।९।४ देखि २०७१।९।२४ सम्म ठेक्का लागेका सडक निर्माण कार्यको लागि रु.८ करोड ९६ लाख २० हजारको लागत अनुमान रहेको निर्माण कार्य गर्न रु.४ करोड ७६ लाख ३० हजारमा सम्झौता गरेकोमा हालसम्म रु.१ करोड ६२ लाख १९ हजार भुक्तानी गरेको र हाल ती ठेकेदारले निर्माण कार्य नगरेर म्याद थप समेत नगरेको हुँदा समयममा निर्माण कार्य नगर्ने उपर ठेक्का तोडी सोही ऐनको दफा ६३ अनुसार कालोसूचीमा राखी निर्माण कार्य व्यवस्थित गर्नुपर्ने देखियो ।

४० **विगतका ठेक्काः** यो वर्ष विभिन्न २५ योजनाको लागि रु ६५ करोड ८४ लाखको विभिन्न सडक निर्माण गर्न रु ५० करोड ५४ लाखमा गर्ने गरी निर्माण कार्य गरेकोमा हालसम्म रु ३८ करोड ७६ लाख भुक्तानी गरेको छ । ती योजना हाल चालु अवस्थामा रहेकोमा तोकिएको समयमा निर्माण सम्पन्न गरी योजना फरकफारक गर्नुपर्दछ ।

४१ **निर्माण कार्यः** शिवखोला-कोहलपुरमा सडक साईड ड्रेन कार्य एक निर्माण व्यवसायीले ०७२।९।५ मा शुरु गरि ०७३।१।२७ मा सम्पन्न गरि रु २० लाख १४ हजार भुक्तानी गरेकोमा आइटम नं. ३ को कार्य ८२ घ.मि. सम्झौता भएकोमा ९३.५९ घ.मि. गरी रु.४ लाख २१ हजार भुक्तानी भएको छ। त्यस्तै नेपालगञ्ज-गुलरिया सडकको कालोपत्रे गर्ने कार्य रु.२० लाख १२ हजारमा गर्ने गरि ०७१।९।४ बाट निर्माण शुरु गरि ०७२।१।३१ मा सम्पन्न गर्ने लक्ष्य रहेतापनि ०७३।३।२८ मा गरेको तेस्रो रनिङ्ग विल अनुसार रु.६ लाख ५४ हजार समेत हालसम्म रु.१३ लाख ८० हजार भुक्तानी गरी निर्माण कार्य चालु रहेको छ।

४२ **निर्माण कार्यः** शिवखोला कोहलपुर सडक मर्मत कार्यको लागि एक निर्माण सेवाको रु.१५ लाखमा गर्ने गरी सम्झौता गरेकोमा ०७२।१२।२१ बाट निर्माण शुरु गरी २०७३।१२।२१ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा आइटम नं. ८ को ३ को कार्य सम्झौता अनुसार ३४.९० घ.मि. को कार्य गर्नुपर्नेमा ३९.४७ घ.मि. को कार्य गरी प्रति घ.मि. ५०००।- ले रु.२३ हजार भुक्तानी गरेको छ। त्यस्तै मानखोला कर्णाली खण्डको सडक मर्मत कार्यको लागत रु.१५ लाख ८७ हजार मध्ये घटी कवोलवाला एक निर्माण सेवाको रु.११ लाख १९ हजार मिति ०७२।१।९ मा शुरु गरी ०७२।४।७ मा सम्पन्न भएकोमा अन्तिम कार्य सम्पन्न प्रतिवेदन अनुसार आइटम बी (२) मा सम्झौतामा ४६.६८

घ.मि.को कार्य गर्नुपर्नेमा ५४.७२ घ.मि. कार्य गरी रु.३५ हजार भुक्तानी गरेकोमा भेरीएशन स्विकृत गरेको छैन ।

४३ **म्याद थप:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था रहेको छ । ठेक्का नं. ७४।०७१।७२ को निर्माण व्यवसायीलाई सडक कालोपत्रे गर्ने कार्यका लागि मिति ०७३।२।१७ मा रु.१ करोड ९ लाख २७ हजार को सम्झौता भई सोहि दिन कार्यदेश दिई मिति २०७२।३।१० भित्र कार्य सम्पन्न गर्नगरि कार्यादेश दिएको देखिन्छ । समयमा कार्य सम्पन्न नभएको भनि मिति ०७३।३।१५ सम्म म्याद थप दिएकोमा निर्माण समयमै सम्पन्न गरेको देखिएन ।

४४ **जमानीको म्याद:** सडक कालोपत्रे कार्यका लागि एक निर्माण व्यवासायीलाई २०७३ असार १५ गते सम्म कार्य सम्पन्न गर्न गरि ०७२ फागुन २३ मा सम्झौता गरी सोहि दिन कार्यदेश दिएको छ । समयमा कार्य सम्पन्न नभएको जनाई कार्यालयले ०७३ पौष १४ सम्म म्याद थप गरेको अवस्थामा तेश्रो रनिङ्ग विलबाट रु.४२ लाख ५९ हजार भुक्तानी गरेकोमा पेश्कीको जमानतको म्याद समेत बढाएको पाइएन ।

४५ **जिन्सी दाखिला:** बासगढी मैनापोखर सडक स्तरोन्नतीका लागि एक निर्माण व्यवासायीलाई मोटरसाइकल लगायत खरिदगरि कार्यालयलाई आपूर्ति गर्नुपर्नेमा निजको रनिङ्ग बिल भुक्तानीगर्दा रु.३ लाख ३९ हजार भुक्तानी भएकोले उक्त सामान कार्यालयमा दाखिला गर्नुपर्दछ । त्यस्तैवैदी पदाहा मगरागढी कुसुम्वाघाट बाटो स्तरोन्नतीका लागि एक निर्माण व्यवसायीलाई मोटरसाइकल खरिद गरि रु १ लाख ६८ हजार भुक्तानी भएकोले उक्त सामान कार्यालयमा दाखिला गर्नुपर्दछ ।

४८ **पेश्की:** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) अनुसार फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न फर्महरुलाई निर्माण कार्य सञ्चालनका लागि मोबिलाईजेशन पेश्की रु.२ करोड ८६ लाख ४८ हजार दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको नदेखिएकाले फछ्यौट हुनुपर्दछ ।

## तेस्रो साना शहरी सरसफाइं तथा खानेपानी आयोजना

१ **आन्तरिक नियन्त्रण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ को उपनियम(१) अनुसार कार्यालयको हालसम्म पनि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरिएको पाइएन । प्रभावकारी कार्यालय व्यवस्थापनको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम डिभिजन कार्यालयबाट सञ्चालित अधिकांश खानेपानी आयोजनाहरुको निर्माण अवधि एक वर्ष भन्दा बढी रहेकोमा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था अनुसार गरेको पाइएन । नियममा व्यवस्था भए अनुसार गुरुयोजना तयार गरी सो अनुसार खरिद व्यवस्थापन हुनुपर्दछ ।

२ **दरवन्दी तथा पदपूर्ति :** कार्यालयमा कर्मचारीहरुको ३६ स्वीकृत दरवन्दी रहेकोमा ३० जना कर्मचारी कार्यरत रहेको र बाकी ६ पद रिक्त रहेको छ । रिक्त पद मध्ये ३२ करारमा नियुक्ती गरी रु २२ लाख ५१ हजार खर्च लेखेको छ। दरवन्दी अनुसार पदपूर्ति गरी कार्यसम्पन्न गर्ने व्यवस्था हुनुपर्दछ ।

३ **पूँजीगत खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार तेश्रो चौमासिकमा ६६.९८ प्रतिशत खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु. ४ करोड ४३ लाख (१६.६३ प्रतिशत) खर्च गरेको पाइयो । अर्थ मन्त्रालयले तोकिएको सिमा भित्र रही खर्च गर्नुपर्दछ ।

४ **लक्ष्य प्रगति:** यस कार्यक्रम अन्तर्गत ४ वटा खानेपानी आयोजनाहरु सञ्चालन भएकोमा सम्पुर्ण आयोजना चालु अवस्थामा रहेको पाइयो । लक्ष्य अनुसार रु ३७ करोड ९४ लाखको कार्यक्रम तय गरेकोमा २६ करोड ६३ लाख खर्च भई रु ११ करोड ३१ लाख खर्च भएको पाईएन । यसरी तोकिएको लक्ष्य वमोजिम न्यून प्रगति हुंदा आयोजना तोकिएको समयमा पुरा नहुने र खानेपानी सेवा प्रवाहमा प्रत्यक्ष असर पर्न नदिन कार्यालयले यस तर्फ ध्यान दिनुपर्दछ ।

५ **मल्य बृद्धि भुक्तानी:** सार्वजनीक खरीद ऐन २०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणवाट सम्झौता वमोजिमको काम वढी समय लगाई कार्यगरेमा मूल्य समायोजन गर्न सकिने छैन भन्ने व्यवस्था भएकोमा सो वेगर कार्यालयले यस बर्ष विभिन्न ३ ठेक्कामा रु. २० लाख ७४ हजार मुल्य बृद्धि भुक्तानी दिएको छ । यो ठेक्का नेपाल सरकार र एडिवी वीच भएको सम्झौता अनुसार भएकोले उक्त प्रावधान आर्कर्षित नहुने कार्यालयको भनाई रहेतापनि ऐन बिपरितको भुक्तानी असुल गर्नुपर्दछ ।

६ **कार्यतालिका:** यस बर्ष निर्माण चालु रहेका ४ ठेक्काको स्थिति अनुसार १० निर्माण कार्यको लागि रु २३ करोड ३ लाख भुक्तानी भएको छ । पेश भएको कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मुल्यांकन गरि कार्यतालिका अनुसार काम गर्ने गराउने तर्फ यथोचित प्रयास भएको देखिदैन । कार्यतालिकामा उल्लेखित समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ ।

७ **सवारी साधन** : सार्वजनिक लेखा समितिले २०६९।९।१८ मा लागत वृद्धि नियन्त्रण गर्न एक नीति बनाएकोमा सम्झौताको वि.आ.क्यू.मा सवारी साधन समावेश गर्दा सवारी साधन खरिदमा लाग्ने रकमभन्दा बढी रकम सवारी भाडामा मात्र भुक्तानी भएको अवस्था छ । योजनाले सवारीसाधन उपलब्ध गराए वापत रकम रु १ करोड ५४ लाख ८३ हजार भुक्तानी गरेको छ ।

८ **गुणस्तर परीक्षण** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ अनुसार आयोजनाले गुणस्तर परीक्षणको रकम दर विश्लेषणमा परेको आधारमा गुणस्तर परीक्षणका प्रमाण लिएपनि सो अनुसार गरे नगरेको अनुगमन मुल्याङ्कन गरेको देखिएन । गुणस्तर परीक्षण गर्दा प्रयोगशालाबाट गर्ने आइटमको स्पष्ट गरेको छैन ।

९ **पेश्की बाँकी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ बमोजिम आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट हुन वांकी रहेको पेश्की रु ५ करोड ३० लाख १८ हजारफछ्र्यौट गर्नुपर्दछ ।

## दंगा नियन्त्रण प्रहरी गण

१ **प्रगति:** आर्थिक कार्यविधि नियामावली २०६४ को नियम ३०, नियम २० र नियम २५ अनुसार बार्षिक लक्ष्य प्रगती विवरण तयार गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयको अख्तियारी प्राप्त गरेको पुँजिगत कार्यक्रममा गरि रु.२ करोड २१ लाख ४० हजार खर्च गरेकोमा बार्षिक लक्ष्य प्रगति तयार नगरेबाट नियमानुसार खर्च भए नभएको सम्वन्धमा मुलङ्कन गर्न सकिएन ।

२ **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ (२) मा स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्वन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यालयमा एक शिर्षकमा २०७३ आषाढमा मात्र रु १ करोड ११ लाख ९ हजारको अख्तियारी पठाएको छ । समयमै अख्तियारी उपलव्ध गराई कार्यसम्पादन गराउने व्यवस्था मिलाउनुपर्दछ ।

३ **पेश्की:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम उपलव्ध गराईएको पेश्की तोकिएको समयावधिभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण व्यवसायीलाई निर्माण कार्य संचालनका लागि मोविलाइजेशन पेश्की रु.१२ लाख ९५ हजारदिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्यौट गरेको नदेखिएकोले नियमानुसारफछ्यौट हुनुपर्दछ ।

## नेपालगञ्ज भन्सार कार्यालय, बाँके

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ ।आन्तरिक मूल्याङ्कनबाट खरिदको योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची

६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको जस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन ।

२ **मुद्दा सम्बन्धि विवरण**: लेखा परीक्षणका लागि पेश भएको मुद्दा र लिलाम सम्बन्धि अभिलेख र विवरण अनुसार गत वर्षको जिम्मेवारी सरेका ३० वटा, यस बर्षको ३५९ समेत कूल ३८९ मध्ये ३२० मुद्दा फछर्यौट भई ६९मुद्दा आगामी बर्षकोलागि जिम्मेवारी सरेको छ । अधिकाश मुद्दाहरु चिनी, कपडा, हार्डवेयरका सामान र मोटरसाइकल सम्बन्धि रहेका छन । भंसार नियमावली २०६४ मा व्यवस्था भएको प्रक्रिया अपनाई मुद्दाहरुको निर्णय र लिलाम सम्बन्धि कारवाही टुंगो लगाउनु पर्ने देखिन्छ । सवारी साधन,सुर्ति र मोबाइल लगायतका सामान लिलाम गर्ने निर्णय भएर पटक पटक सुचना प्रकाशित गर्दा समेत लिलाम हुन सकेको छैन । नियमावलीमा निर्धारित प्रकृया अपनाई सार्वजनिक सम्पतीको व्यवस्थापन हुन आवश्यक देखिन्छ ।

३. **लगत नरहेको**: भंसार नियमावली २०६४ को नियम ६६ क अनुसार आयातकर्ता, पैठारीकर्ताले पैठारी गरेको मालवस्तु तथा सामान आंशिक रुपले जाँचपास गर्ने व्यवस्था रहेको छ । पैठारीकर्ताले कुनै मालवस्तु पैठारी गर्ने क्रममा एकमुष्ठ नगद धरौटी वा पैठारी हुने मालवस्तुको कुल कारोवार मुल्य वरावरको एकमुष्ट राजस्व वुझाएर पटक पटक पैठारी गर्न पाउने समेत व्यवस्था रहेको छ । यसरी पैठारी हुने मालवस्तुको परिमाण लगत राखेर कति परिमाण वरावरको मालवस्तु पैठारी भयो सोको लगत राखि पटके पैठारीका आन्तरीक नियन्त्रण व्यवस्था कायम गर्नुपर्नेमा पैठारीकर्ता अनुसार लगत राखेको छैन । पटके पैठारीकर्तागत विवरण समेत खुल्ने गरी लगत राखी नियन्त्रण व्यवस्था प्रभावकारी वनाइनुपर्दछ ।

४. **विलम्ब शुल्क (डेमरेज)**: भंन्सार नियमावली २०६४ को नियम ५० मा भंसार कार्यालयले संचालन गरेको भंन्सार गोदाममा मालवस्तु दाखिला भएका मितिले ७ दिन सम्म विलम्व शुल्क लाग्ने र आठौ दिन देखि मालवस्तुको भंन्सार मुल्य भन्दा वढी नहुने दरले विलम्व शुल्क लाग्ने व्यवस्था छ । कार्यालयमा व्यवस्थित गोदाम घरको अभावको कारण सो व्यवस्थाको पालना गरी ढिला मालसमान छुटाउने पैठारी कर्तावाट विलम्व शुल्क अशुल गर्न सकेको छैन । यस कार्यालयको ७ विघा ८ कठ्ठा जग्गा रहेको र निर्माणाधिन कार्यालय भवन परिसरमा व्यवस्थित वनाई हाल असुलीको दायरामा नरहेको बिलम्व शुल्क, उचित व्यवस्थापनका साथ असुल गरी राजस्व बृद्धि गर्ने तर्फ ध्यान जानुंपर्ने देखिन्छ । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा औल्याएतापनि सुधार भएको देखिएन ।

५. **छोटी भन्सारको स्थिति**: एक भन्सार कार्यालय अर्न्तगत ७ वटा छोटी भन्सार कार्यालयहरू रहेको छन् । छोटी भन्सारहरू चालु अवस्थामा नरहेकोले छोटी भन्सारहरूवाट राजस्व असुली शुन्य रहेको छ । भारतीय पक्षवाट समेत छोटी भन्सारका सामान निकासी पैठारी गर्न नदिने गरी निगरानी राखेकोले भन्सार कार्यालयले छोटी भन्सारमा कर्मचारी तथा गस्ती टोली खटाएको पाइएन । चोरी निकासी नियन्त्रण गर्न छोटी भन्सार समेत सञ्चालनमा ल्याई गस्ति वढाउन सकेमा राजस्व असुलीमा थप योगदान पुग्ने देखिन्छ । यस सम्वन्धमा गतवर्ष औल्याइएकोमा स्थिति यथावत रहेको छ ।

६. **व्यक्तिगत धरौटी खाता**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ६८(१) अनुसार कार्यालयले नामनामेसी खुल्ने गरी  व्यक्तिगत धरौटी खाता राखेको छैन । यसबाट कुन व्यक्तिको नाममा कति रकम धरौटीमा प्राप्त, फिर्ता वा सदरस्याहा भयो भन्ने विषयमा यथार्थ चित्रण हुनसक्दैन । यसैले व्यक्तिगत धरौटी खाता राख्नु पर्दछ ।

७ **सामान आयात**: आर्थिक ऐन २०६७ को दफा १४(३)(ग) मा मालसामान आयात गर्दा दरवन्दी अनुसार लाग्ने महसुलको बैक ग्यारेन्टी लिई जाँचपास गर्न सकिने रऔद्योगिक स्थलको निरीक्षण गरी मेशिन ठहरिने जति मालवस्तुको वैक ग्यारेन्टी फुकुवा गरिने व्यवस्था छ । उद्योगको स्किम वमोजिमे यु.एस डलर १४ लाख ७० हजार वरावरको मेशिन तथा पार्टपूर्जाहरु आयात गरेको छ ।

जुन वैक ग्यारेन्टी राखी सामान आयात गर्ने गरी कार्यालयसंग सम्झौता भएकोमा सोही सामानहरु पैठारी भई वैक ग्यारेन्टी फुकुवा छछैन यकिन हुनसक्ने स्थिति देखिएन ।

८. **फरक दरको प्रयोगः** कार्यालयले सीमा नाका नजिक (जमुनाहा नाका) मालवाहक गाडी जोख्ने मेशिन राख्ने ठाउँ निर्माणको लागि मोटो पुर्ने कार्य गर्न एक निर्माणव्यावसायीसंग मिति २०७१।१२।१८ मा रु ६९ लाख १६ हजार (मुल्य अभिवृद्धि कर समेत) को ठेक्का सम्झौता गरी कार्य भईरहेको छ । एक निर्माण सेवालाई ६ लेयर निर्माण गर्ने गरी १३३८५ घ.मि माटो पुर्ने कार्यको सम्झौता गरी कार्य लगाएको, निज ठेकेदारको कार्य अवधि २०७२।९।२२ सम्म रहेको र कार्यालयले सोही ठाउँमा, सोही क्षेत्रभित्र ६८४८ घ.मि को माटो पुर्ने काम गर्न मिति २०७२।११।२८ मा एक कन्स्ट्रक्शन प्रा.लि. वाट रु २६ लाख ५८ हजार को लागत अनुमान वनाई कार्य गराएको छ । उक्त कन्स्ट्रक्शन प्रा.लि. ले प्रति घ.मि. रु ३२५।- को दरले कार्य स्वीकार गरेको छ । सोही ठाँउमा पहिलो निर्माण सेवाले सोही काम रु ४७०।- प्रति घ.मि. को दरले कार्य गरेको देखिन्छ । एउटै काम एउटै ठाउँमा दुई पाटी वीचको दरले कार्यालयलाई रु १९ लाख ४० हजार वढी व्ययभार परेको छ ।

९ **मेशिन को उपयोगः** कार्यालयले मालवाहक सवारी साधन जोख्ने कार्यको लागि एक मेशिन लाई मु.अ.कर समेत रु ५६ लाख ५० हजार मा खरिद गरेको छ । सो मेशिन खरिद कार्यको लागि मिति २०७२।१२।३ मा वजेट प्राप्त भएको र २०७३ बैशाखमा मेशिन प्राप्त भएको अवस्थामा लेखापरीक्षण समय २०७३ फागुन १० सम्म सो मेशिन संचालनमा आएको आएको छैन । हाल सम्म सो मेशिन संचालनमा नआएबाट उपयोगितामा ह्रास आएको छ । सरकारी सम्पत्तिको वढी भन्दा बढी उपयोग गरी समयमै पर्याप्त उपलब्धि प्राप्त गरी कार्यालयले कार्यसम्पादन गर्नुपर्दछ ।

१०. **कार्यक्रम फरक परेकोः** कार्यालयले जमुनाहा नाका अन्तर्गत सवारी साधन जोख्ने मेशिन राख्ने ठाउँको कम्पाउण्ड वाल लगाउने कार्यमा यो वर्ष रु ४८ लाख १८ हजार खर्च गरेको छ । सार्वजनिक निर्माण शीर्षक/कार्यक्रम वाट खर्च गर्नुपर्ने रकम भवन निर्माण तर्फवाट खर्च गरेको छ । कार्यक्रम रकम नै फरक परेको अवस्थामा सम्वन्धित निकायवाट समर्थन गराउनु पर्दछ ।

## नापी कार्यालय

१. **अख्तियारीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयमा प्राप्त बिभिन्न अख्तियारी मध्ये केही शीर्षकको अख्तियारी आर्थिक बर्ष शुरु भएको ८/९ महिना पछिसम्म पठाएको देखिन्छ ।

२. **दाखिला** :- कार्यालयको जिन्सी किताव अनुसार ट्रेस आम्दानी र दाखिला गरेको देखिएन । तसर्थ उक्त ट्रेसको आम्दानी गरी खर्च लेख्ने व्यवस्था गरिनुपर्दछ ।

३ **डाटावेस सम्बन्धमाः** प्रविधिको विकाससंगै जग्गाको कित्ता नापी नक्साहरु डिजिटाइजडगरि जि.इ.ओ. डाटावेसतयार गरिनुपर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार नेपालगञ्ज नगरपालिका को वार्ड नं. २ र ५ को मात्र कम्प्युटर प्रीन्ट नक्सा तयार गरेको देखिन्छ । प्रविधिको उपयोग गरि यस क्षेत्रको सम्पुर्ण नक्साहरु डिजिटाईज्ड गरी कार्यालयको कार्य सम्पादन चुस्त दुरुस्त र प्रभावकारी वनाईनु आवश्यक देखिन्छ ।

४ **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ मा लिलाम सम्वन्धि व्यवस्था छ । जिन्सी मूल्याङ्कन प्रतिवेदन अनुसार मर्मत, लिलाम गर्नुपर्ने भनि औल्याइएको मालसामानको मूल्य खुलाई कार्यालय प्रमुखले मर्मत एवं लिलाम विक्री गर्नु पर्नेमा गरेको नदेखिदा गर्नु पर्दछ ।

५. **एमोनिया पेपर सम्बन्धमाः** नापी कार्यालयको लागि नापी विभागबाट निर्धारित नर्म्स अनुसार १ रोल एमोनिया पेपर बरावर १८ वटा पुरा नक्सा प्रिन्ट हुनुपर्ने मापदण्ड रहेको छ । कार्यालयबाट

प्राप्त विवरण अनुसार यो वर्ष एमोनिया पेपरको गत वर्षको जिम्मेवारी १५ रोल रहेकोमा यो वर्ष ११८० रोल आम्दानी गरेको छ भने ११५५ रोल खपत भई ४० रोल मौज्दात रहेको विवरण प्राप्त भएको छ । एमोनिया पेपरको खपतको आधारमा राजश्व असुली विश्लेषण गर्दा ११५५ रोल एमोनिया पेपरबाट प्रतिरोल १८ थानले २०७९० थान नक्सा तयार हुने देखिन्छ । कार्यालयले यो वर्ष उक्त थान नक्साबाट रु.२० लाख ७९ हजार राजश्व आम्दानी हुनुपर्ने देखिन्छ । कार्यालयबाट प्राप्त विवरण अनुसार नक्सा र ट्रेस वापत रु ३२ लाख ४ हजार आम्दानी भएको छ। नक्सा र ट्रेस वापतको रकम एकमुष्ट देखिएकोले नक्साबाट प्राप्त हुनुपर्ने राजश्व प्राप्त हुन सके नसकेको एकिन भएन । एमोनिया पेपर खपतको आधारमा नक्सा प्रिन्ट र सोको आधारमा आम्दानी खुल्ने विवरण तयार गर्नुपर्दछ ।

६. **निमार्ण कार्यमा दोहोरोपन:** सार्वजनिक खरिद ऐन, २०६३ वमोजिम सार्वजनिक निकायले सार्वजनिक कार्य गराउदा काम स्वीकारगर्ने फर्मलाई स्पष्ट कामको विवरण साथ कार्यदेश दिनुपर्दछ। कार्यालय भवन निर्मण गर्ने कार्यका ठेक्केदारलाई भवन निर्माण स्वरुप अन्तिम विलसम्म रु.६२ लाख ९८ हजार भुक्तानी भएको छ। मिति २०७२।७।१०. मा कार्य सम्पन्न भएको यस कार्यको त्रुटी सच्याउने समय बाँकी रहेकै अवस्थामा मुल ठेक्काको कार्यक्षेत्र भित्र दोहोरो पर्ने रु ३ लाख ४९ हजारको वि.ओ.क्यूमा समावेश भएको काम अर्को कन्स्ट्रक्शनसंग गराएको देखिन्छ ।

७ **शीर्षक फरकपारी खर्च:** कार्यालयले पर्दा कार्पेट लगायतका सामान खरिद विलको रु ४९ हजार भुक्तानी गर्दा शीर्षक नं. २२३११ बाट खर्च लेख्नुपर्नेमा शीर्षक नं. २२२१२ बाट खर्च लेखेको अनियमित देखिन्छ । सम्बन्धित शीर्षकमा बजेट व्यवस्था भएमा मात्र खर्च गर्नुपर्दछ ।

## पर्यटन कार्यालय

१ **लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (२) बमोजिम प्राप्त लक्ष्य प्रगति विवरण अनुसार मन्दिर, पाटी, सार्वजनिक पार्क, खानेपानी, फुट ट्रेल लगायतका ८१ वटा कार्य गर्ने लक्ष्य रहेकोमा १२ योजना शुरुनै नगरेको र बांकी ६९ योजना मध्ये १ योजना सम्पन्न भएको छैन ।

२ **बार्षिक खरिद योजना:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ बमोजिम पुजिंगत शिर्षकमा रु ४ करोड ८४ लाख खर्च गरेकोमा खरिद इकाई गठन गरी वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा खरिद योजना तयार गरेको देखिएन ।

३ **जिन्सी:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत हुननसक्ने भनी उल्लेख भएका सामानहरु लिलाम हुनुपर्ने र मर्मत हुनुपर्ने सामान तथा मर्मत भएको देखिएन ।

४ **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) अनुसार अख्तियारी समयमै प्राप्त भएतापनि खर्चको फाँटवारी अनुसार पहिलो चौमासिकमा शून्य प्रतिशत दोस्रो चौमासिकमा १७.२९ प्रतिशत तेस्रो चौमासिकमा ८२.७१ प्रतिशत खर्च भएको देखिएको छ। त्यसमा पनि आषाढ महिनामा मात्र ६६.१६ प्रतिशत खर्च भएको देखिएको छ ।

५ **बैंक ग्यारेन्टी:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७७(१) बमोजिम ७८ वटा उपभोक्ता समितिलाई रु १ करोड २९ लाख ८० हजार पेश्की उपलब्ध गराउंदा नियमअनुसार बैंक ग्यारेन्टी लिएको देखिएन । साथै निर्माण कार्यको म्यादथप्ने सम्बन्धमा कुनै कारवाही भए गरेको देखिएन ।

६ **होटल नविकरण** : पर्यटन ऐन, २०५३ को दफा १० अनुसार दर्ता गर्नुपर्ने व्यवस्था अनुसार ३६ होटल दर्ता भएकोमा नविकरण भएको संख्या २४ रहेको छ । यसैगरी निजी होमस्टेको संख्या ३, सामुदायिक होमस्टेहरुको संख्या ६ गरी जम्मा ९ वटा होमस्टेहरु दर्ता भएको देखिन्छ । नविकरण नभएको १२ होटल नविकरण गराउनु पर्दछ ।

७ **एजेन्सीः** पर्यटन ऐन २०३५ को दफा ३ बमोजिम कार्यालयको कार्यक्षेत्र भित्र ५० वटा टुर्स एण्ड ट्राभलमा दर्ता भएकोमा ४० वटाको नविकरण भएको र १० वटा नविकरण नभएको देखियो ।

८ **भ्रमण अभिलेख** : भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार कार्यालयले अनुगमन कार्यको लागी रु.६ लाख ३४ हजार खर्च गरेकोमा भ्रमण अभिलेख राख्नु पर्नेमा भ्रमण अभिलेख राखेको पाईएन ।

९ **योजना संचालन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) अनुसार ७० उपभोक्ता समितिद्वारा काम गराई रु.४ कारोड ६६ लाख ५ हजार भुक्तानी गरी कार्य भएकोमा काम सम्पन्न गरेकोमा खरिद नियमानुसार मर्मत कोष स्थापना नभएको सम्पन्न योजनाहरु उपभोक्तालाई हस्तान्तरण नगरेकोसाथै विभिन्न ७८ वटा उपभोक्ता ससमितिहरु आर्थिक वर्षको मसान्त सम्म पनि कार्य सम्पन्न नगरी आयोजनाहरु अधुरो रहेका देखिन्छ ।

१० **दरबन्दी/पदपूर्तिः** कुल १० पदको दरबन्दी रहेकोमा कुल ५ पदहरु पुर्ति भै बांकी पदहरु रिक्त रहेका छन् । स्वीकृत दरबन्दी बमोजिम पदपुर्ती हुनुपर्दछ ।

११ **कन्टीजेन्सी**: यो वर्ष समिति तथा कार्यालयतर्फ समेत रु १८ लाख ४७ हजार कन्टेन्जेन्सी खर्च भएको देखिन्छ । साथै अर्थमन्त्रालयको परिपत्र अनुसार कन्टीजेन्सी खर्च ५ प्रतिशतमध्ये २ प्रतिशत पुंजीगत कार्यमा खर्च गर्नुपर्ने व्यवस्था अनुसार कार्यालयले रु.५ लाख ९ हजार पुंजिगत खर्च र बांकी १३ लाख ३८ हजार चालु शिर्षकमा खर्च गरेकोमा नीतिगत रुपमा बजेट बांडफांड गरी खर्च गनुपर्दछ ।

१२ **करः** कार्यालयका ५ कर्मचारीहरुको दशै खर्च वापत रु ८३ हजार खर्च लेखेकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर ८३०।- कट्टी नगरेकोले दाखिला हुनुपर्दछ ।

१३ **काजमा कार्यरतः** संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको २०७२।६।५ को निर्णयानुसार एक कर्मचारी अन्यत्र कार्यरत रहेकोमा पनि यस कार्यालयबाट रु.१ लाख ३ हजार भुक्तानी लिएको देखिन्छ । दरवन्दी भएको ठाउवाट तलव भत्ता भुक्तानी हुनुपर्दछ ।

१४ **असूलीः** कार्यालयले प्रमाण भन्दा बढी भुक्तानी, गाडीभाडा, अनुपस्थित भएको दिनको बैठक भत्ता, नापि कितावमा उल्लेख भए भन्दा बढी रकम, बढी दैनिक भ्रमण भत्ता, बढी खाजा भत्ता र पारिश्रमिक कर छुट तथा पेश्की फछ्र्यौटमा सूद लिन छुट समेत बढी भुक्तानी भएको रु ४४ हजार असूल हुनुपर्दछ ।

## पुल योजना पश्चिम क्षेत्र सेक्टर नं. ३

१ **दरवन्दी तथा पदपूर्तिः** कार्यालयको विभिन्न कार्य सम्पादन गर्नका लागि कर्मचारीहरुको १४ स्वीकृत दरवन्दी व्यवस्था गरेकोमा ५ पदजना कर्मचारी कार्यरत रहेको र बाकी ९ पद रिक्त रहेको देखिन्छ । पदरिक्तमध्ये ४ पद करारमा रहेको देखिन्छ । रिक्त दरवन्दी पदपूर्ति गर्ने तर्फ आवश्यक सक्रियता देखाउनु पर्ने देखिन्छ ।

२ **निरीक्षण**: सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण गर्नुपर्नेमा सो अनुसार निरीक्षण गरेको अभिलेख पाइएन ।

३ **खरिद योजना तथा विलः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार विभागवाट सम्पूर्ण खरीद प्रकृया गर्ने भएकोले यस कार्यालयले वार्षिक खरिद योजना बनाई स्वीकृत गरेको देखिएन । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार सबै रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा गरेको पाइएन ।

४ **अख्तियारीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को ३२(२) अनुसार १५ दिनभित्र अख्तियारी पत्र पठाउनुपर्ने व्यवस्था छ । तर सडक विभागले रु.३ करोड अख्तियारी आषाढमा पठाएको पाइयो ।

५ **निर्माण अवधिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० (३) अनुसार यो वर्ष ठेक्का सम्झौता गर्दा मर्मत तर्फ ३ महिना देखि ६ महिनासम्म र डी.बी. ठेक्कामा ३ देखि ५ वर्ष सम्मको निर्माण अवधि राखि सम्झौता गरेको छ । लागत अनुमानमा सम्पन्न गर्नुपर्ने अवधि उल्लेख गरेको छैन ।

६ **मूल्य अभिवृद्धि कर**: मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) अनुसार यस वर्ष विभिन्न कार्य गराई मूल्य अभिवृद्धि कर सहित विभिन्न निर्माण व्यवसायी र फर्महरुलाई भुक्तानी दिएकोमा सोको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई मिति २०७३।३।१६ मा एकमुष्ट जानकारी पठाएकोमा यथासमयमा पठाउनु पर्दछ ।

७ **डोर हाजिरीः** प्राप्त डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको छैन । यसले गर्दा कार्यालयमा के कति डोर हाजिरी फारामहरु को–कसको नाममा र कुन कामको लागि कहिले इस्यू भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन ।

८ **लक्ष्य प्रगतिः** लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ ।कार्यालयवाट पेश भएको प्रगती विवरण अनुसार पुलको डिजाइनको अवस्थामा १० वटा रहेको, पुलको निर्माण गर्नुपर्ने मध्ये २५ प्रतिशत सम्म ६ वटा रहेको, ५० प्रतिशत सम्मकार्य भएका पुलको संख्या ६ वटा रहेको, ७५ प्रतिशत सम्म प्रगति भएको १ वटा र वाँकी १ पुलको कार्य ९० प्रतिशत प्रगति भएको अवस्था छ ।

९ **कार्य विवरणः** कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार भएको देखिएन ।

१० **पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार चौमासिक अवधिभित्र अनुपातिक हिसावले गर्नु पर्दछ ।तेश्रो चौमासिकमा ८२.०५ प्रतिशत खर्च गरेको छ भने आषाढ महिनामा मात्र रु.३४ करोड ५० लाख १६ हजार (३५.७३ प्रतिशत) खर्च गरेको पाइयो । अघिल्लो दुई चौमासिकसम्म केवल १७.९५ प्रतिशत कार्य सम्पादन गर्ने र आषाढ महिनामा मात्र ३५.७३ प्रतिशत कार्य सम्पादन हुने स्थितिले कामको अनुगमन र सुपरिवेक्षणमा कमी आई गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुंदा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउन नियमको पालनामा जोड दिनुपर्ने देखिएको छ ।

११ **ठेक्काको विवरण**: निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी विवरण (म.ले.प.फा.नं. १९०) मा खुलाउनु पर्ने कुरा खुलाईअभिलेख राख्नुपर्नेमा आंसिक रुपमा मात्र खुलाउने गरेको देखियो ।

१२ **पूर्व योग्यता निर्धारणः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२ अनुसार पूर्व योग्यता सम्वन्धि कागजातमा मुख्य ८ बटा व्यहोरा खुलाउनुपर्ने व्यहोरा भएकोमा बोलपत्र परीक्षण गर्दा निर्माण व्यवसायी एक वा एकभन्दा बढी बोलपत्रमा सहभागी भए नभएको बोलपत्रमा व्यक्तिगत वा संयुक्त उपक्रमको रुपमा सहभागी भए नभएको खुलाउने गरेको देखिएन ।

१३ **योजना स्वीकृति**: आर्थिक कार्यविधि नियमावलीको नियम १९ अनुसारको कार्यविधि अपनाई योजनाको सम्भाव्यता अध्ययन, लागत अनुमान तयारी र योजना स्वीकृत गराई कार्य गर्नुपर्नेमा योजनाले कार्यक्रम र बजेट प्रस्ताव गरी पठाउने गरेको देखिएन । केन्द्रीय र जटील प्रकृतिका संरचना भएकोले केन्द्र बाटै योजना संचालन गरिएको कार्यालयको भनाइ रहको छ । ।

१४ **म्याद थपः** कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार यो वर्ष ६ ठेक्काको म्यादथप गरेको छ । कार्यालयले संचालित आयोजना तोकिएको समयमै सम्पन्न गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१५ **मल्यबृद्धि भुक्तानी**: सार्वजनीक खरीद ऐन २०६३ को दफा ५५ (२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणवाट सम्झौता वमोजिमको काम वढी समय लगाई कार्य गरेमा मूल्य समायोजन गर्न सकिने छैन भनि उल्लेख भएकोमा म्याद भित्र रहेका विभिम्न ७ ठेक्काहरुमामुल्य बृद्धि वापत रु. ३ करोड ७१ लाख ९२ हजार भुक्तानी दिएको छ । योजनाले उल्लेखित मूल्यवृद्धि रकम सम्झौता अनुसार नै दिए पनि काम गराउदा समयमै काम सम्पन्न गराई सकेसम्म मूल्य वृद्धि दिने अवस्था नै नआउने गरी काम गराउन बिशेष ध्यान दिनु आवश्यक छ ।

१६ **विमाः** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ अनुसार दश लाख रुपैया भन्दा वढी मूल्यको निर्माण कार्य गराउदा वीमा गराउनु पर्ने व्यवस्था भए अनुसार आयोजनाले पुल निर्माण कार्य गराउदा विभिन्न ५ योजनाको लागी विमा गराएकोमा डिएलपिकोरुपमा ५ वर्ष सम्मको अवधि समेटिनेगरी गर्नुपर्नेमा वीमा अभिलेख तथा रकम एकिन गरेर मात्र रकम भुक्तानी हुनुपर्दछ । साथै टेण्डरमा भएको विमा र प्राप्त विल रकममा फरक परेको सम्वन्धमा कारण स्पष्ट भएन ।

१७ **कन्टिन्जेन्सीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० र अनुसूची १ अनुसार कार्यालयले प्रत्येक कार्यक्रमको लागत खर्चको तुलनामा स्टाफ खर्च वापत २.५ प्रतिशत र अन्य खर्च वापत २.५ प्रतिशतमा नबढ्ने गरी बढीमा ५ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न सक्ने प्रावधान रहेको छ। योजनाले यो वर्ष २ बजेट उपशीर्षकबाट सडक विभाग पठाएको रु. १ करोड ५ लाख समेत रु. १ करोड २४ लाख ५ हजार कन्टिन्जेन्सीमा खर्च गरेको मध्ये चालु शीर्षकमा रु १९ लाख ५ हजार खर्च गरेकोमा सो रकमको वाडफाडगरी खर्च गर्नुपर्ने देखिएको छ ।

१८ **निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार यो वर्ष सञ्चालित कूल २४ पूल मध्ये अधिकांश पूलको ५० प्रतिशत भन्दाकम प्रगति रहेको छ। कुल रु. ६ अर्व ५७ करोड ६० लाखको पुलको लागि वोलपत्र आव्हान गरेकोमा रु. ५ अर्व ७४ करोड ६० लाखमा विभिन्न निर्माण व्यवसायीबाट गराउनेगरी निर्माण कार्य गराएकोमा हालसम्म पेश्की समेत रु १ अर्व १३ करोड ८६ लाख भुक्तानी मध्ये यो वर्ष रु. ८६ करोड ८८ लाख भुक्तानी भएको छ । जनतालाई सडकको पहुच पुराइ उनीहरुको दैनिक जिवनमा महत्वपुर्ण परिवर्तन गर्न कोशे ढुंगाका रुपमा रहेका यी पुल आयोजना समयमा गुणस्तरीय रुपमा सम्पन्न गर्न आवश्यक अनुगमन मुल्यांकनलाई तीव्रता दिनुपर्दछ ।

१९ **कार्यतालिकाः** विभिन्न ७ योजनाको लागत अनुमान रु.२३ करोड ७८ लाख भएकोमा रु. १८ करोड २४ लाखमा गर्ने गरी निर्माण व्यवसायीसंग सम्झौता भएकोमा हालसम्म रु १२ करोड ३६ लाख भुक्तानी भएको मध्ये यो वर्ष रु. ४ करोड २६ लाख भुक्तानी भएको छ। तर पेश भएको कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मुल्यांकन गरि कार्यतालिका अनुसार काम गर्ने गराउने तर्फ यथोचित प्रयास भएको देखिदैन ।

२० **नर्म्सः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम २ अनुसार डिजाइन एण्ड विल्ड प्रक्रियाबाट निर्माण गरिने पुलहरुको लागत अनुमान तयार गर्न सडक विभागले हालसम्म कुनै नर्म्स तयार गरेको देखिएन । नर्म्स वेगर डिजाइन एण्ड बिल्ड प्रकृयावाट ठेक्का पट्टा गरिनु उपयुक्त देखिएन यसमा सुधार हुनुपर्दछ ।

२१ **मूल्य समायोजनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) अनुसार योजनाले विगतमा सञ्चालित योजनामा रु७१ लाख ९२ हजार मूल्य समायोजन दिएको छ । न्यून प्रगति भएका पूलहरुको निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिदा ऐन तथा सम्झौताको शर्त अनुरुप विश्लेषण गरेको देखिदैंन ।

२२ **सवारी साधनः** निर्माण कार्यको बिल अफ क्वान्टिटिमा सवारी साधनको भाडा समावेश गर्दा लागत बढ्न गएको व्यहोरा उपर सार्वजनिक लेखा समितिले २०६९।९।१८ मा लागत वृद्धि नियन्त्रण

गर्न एक नीति बनाउने र यसको जानकारी दिने निर्णय गरेको छ । योजनाले सवारीसाधन उपलब्ध गराए वापतरु.२८ लाख ४० भुक्तानी गरेको छ ।

२३ **योजना हस्तान्तरण:** कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष सडक विभागको पत्रानुसार ९ आयोजनाको रेखदेख लगायतका कार्य गर्न हालसम्म भुक्तानी भएको रु १६ करोड ६५ लाखको कार्य र पेश्की रु ११ करोड ७९ लाख ५५ हजारको योजना हस्तान्तरण भै अन्यत्र हस्तान्तरण भएकोमा स्थिति विवरण पेश भएन ।

२४ **ठेक्कागत स्थिति:** पुल योजनाको रकम भुक्तानी गर्दा नक्सा स्वीकृत भएपछि २%, निर्माणमा ८७%, र नदीको अन्य कार्य गरेपछि ३% भुक्तानी गर्ने गरी निर्माण कार्यको रकम भुक्तानी गर्ने गरेको छ । यसरी कार्यको रनिंग विलको रकम भुक्तानी गर्दा पेश भएको ल्याव टेष्ट रिपोर्टले तोकिएको गुणस्तर पुरा गरेको छ छैन यकिन गरी प्रमाणीत गरी राख्नुपर्नेमा बिलमा मात्र उक्त रिपोर्ट पेश भएकोमा सुधार हुनुपर्दछ ।

२५ **पेश्कीको म्याद:**विभिन्न निर्माण आयोजनालाई ठेक्का स्वीकृत भएपछि ठेक्का सम्झौता अनुसार बैक जमानत पत्रको आधारमा पेश्की उपलव्ध गराएको मध्ये एक निर्माण व्यवसायीको पेश्की रु.२४ लाख ९० हजारको २०७३।१२।२९ सम्मको बैंक ग्यारेन्टी पत्रको म्याद रहेकोले पेश्कीको म्याद सकिने अवस्थामा रहेको हुदा आवश्यक कार्यवाही हुनुपर्ने व्यहोरा देखियो ।

२६ **भेरिएशन:** महेन्द्र राजमार्गमा पर्ने कैलाली जिल्लाको चौमालामा पर्ने शिवगंगा पुलको मर्मत सम्भार कार्य एक निर्माण व्यवसायीसंग २०७१/११/६ मा रु.२ करोड २३ लाख ८७ हजारको सम्झौता भई कार्यादेश दिएको देखिन्छ । उक्त काममा प्राविधिक दृष्टिकोणवाट खरिद सम्झौताको रकममा ७.६५ प्रतिशत मुल्य वढन जाने भनी भेरिएसन आदेश जारी गरेकोमा शुरु सम्झौता भन्दा रु.११ लाख ७७ हजार बढी खर्च भएको देखिएकोमा कारण स्पष्ट भएन ।

२७ **मोविलाइजेशन पेश्की:**योजनाले निर्माण कार्य सञ्चालनका लागि मोबिलाईजेशन पेश्की रु २८ करोड ९० लाख आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट गरेको देखिएन । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

## भूमिगत जलसिंचाइ विकास डिभिजन

१ **कार्यप्रगति:** कार्यालयले भुमिगत सिंचाइ सम्भाव्यता भएको जमिनमध्ये वाकेमा ४५८३२ हेक्टरमध्ये ९१४७ हेक्टर, बर्दियामा ३९५८२ हेक्टरमध्ये ११३१९ हेक्टर जमिनमा मात्र भूमिगत सिंचाइ पुगेकोमा हालसम्म २४ प्रतिशतमा मात्र सिंचाइ सुविधा पुगेबाट वांकी क्षेत्रमा समेत सिंचाइ सुविधा पुराउन थप प्रयास गर्नुपर्ने देखियो ।

२ **लक्ष्य तथा प्रगति:**कार्यालयबाट पेश भएको विवरण अनुसार ३ वटा कार्यक्रममा शुन्य र २ वटामा न्युन प्रगति देखिएकोले समयमा लक्षित समुह लाभान्वित हुनबाट वञ्चित हुने हुँदा वार्षिक कार्यक्रममा तोकिएका कार्य समयमानै सम्पन्नगर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ ।

३ **अख्तियारी :** कार्यालयलाई शुरु अख्तियारी नै ३ महिनासम्म ढिलो गरी पठाएको पाइयो । यसरी कार्यक्रम स्वीकृति तथा अख्तियारी प्राप्तिमा ढिलाइ हुँदा आर्थिक वर्षको प्रथम चौमासिकभित्र सम्पन्न गर्नुपर्ने लागत अनुमान स्वीकृति, ठेक्कापट्टा व्यवस्थापन, खरिद सम्झौतालगायतका सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु समयमा हुनसकेको छैन ।

४ **चौमासिक खर्च:** कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार आर्थिक वर्ष २०७२।७३ को पहिलो, दोस्रो तथा तेस्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा कार्यालयले तेस्रो चौमासिकमा विभिन्न कार्यक्रममा ४८.२९ प्रतिशतदेखि ७२.२१ प्रतिशतसम्म तथा असार महिनामा मात्र ९.८२ देखि ६६.३१ प्रतिशतसम्म खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक खर्च

गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा असर पर्ने स्थिति रहन्छ ।

५ **खरिदमा प्रतिस्पर्धा एवं म्याद थप** :कार्यालयले यो वर्ष गरेको ८ वटा खरिद सम्झौतामध्ये लागत अनुमानको तुलनामा ३२.५२ प्रतिशत देखि १.५६ प्रतिशतसम्म कममा ठेक्का संझौता भएको देखियो । प्रतिस्पर्धा सीमित नहुने गरी खरिदकार्य गर्दा मितव्ययी र गुणस्तरीय कार्यसमेत नहुने भएकोले यसतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथैसमय अभावको कारण देखाइ यो वर्ष भएका कुल ८ ठेक्का मध्ये एक ठेक्काको म्यादथप गरेको छ ।

६ **उपभोक्ता समिति**: जनसहभागिताबाट भएका कामहरुको विस्तृत विवरण सहित अभिलेख व्यवस्थित गराइ राख्नुपर्ने देखिन्छ । यो वर्ष उपभोक्ता समिति मार्फत ७३ वटा स्यालो ट्युववेल सम्वन्धी कार्य गराई रु ३ करोड २५ लाख भुक्तानी गरेको छ । कार्यालबाट प्राप्त विवरण अनुसार यो वर्षसम्पन्न गरेको भनिएकोमा योजना हस्तान्तरणका साथै योजनाको अनुगमन मुल्यांकन गरी अभिलेख अद्यावधिक गर्नुपर्ने देखियो ।

७ **क्रमागत योजना** :खास कुस्मा गाविसमा पावर ड्रिलर मेथडबाट स्यालो ट्युववेल ४० वटा जडान कार्य गर्न लागत अनुमान मूल्य अभिवृद्धि वाहेक रु ६४ लाख ५ हजार भएकोमा बोलपत्रबाट एक निर्माण सेवाको रु ४२ लाख ६ हजार (४१.८९) प्रतिशत घटीलाई स्वीकृत गरी २०७२।१२।४ बाट निर्माण शुरु गरी २०७३।३।३० सम्ममा सम्पन्न गर्नेगरी निर्माण कार्य गराएकोमा निर्माण सम्पन्न एवं म्याद थप गरेको पाइएन । बाकी योजना समेत समयमा सम्पन्न गर्नुपर्दछ ।

८ **विमा**: कार्यालयले बिभिन्न डिप ट्युबवेल निर्माण कार्यको लागि निर्माण व्यवसायीसंग सम्झौता गर्दा बिमाको प्रावधान राखी निर्माण व्यवसायीलाई बिमा प्रिमियम भुक्तानी गरेकोमा निर्माण व्यवसायीले त्रुटि सच्याउने अवधिसम्म बिमा नगरेको, निर्माण कार्यको ११५ प्रतिशतसम्म बिमा गराउनुपर्नेमा सम्झौता रकमको मात्र बिमा गराएको अवस्थामा पनि सम्झौतामा नियमानुसार हुनुपर्दछ ।

९ **कन्टिन्जेन्सी**: कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष कन्टिन्जेन्सीमा रु.३३ लाख ७६ हजार खर्च गरेको मध्ये चालु शीर्षकमा रु २० लाख २५ हजार खर्च गरेकोमा नीतिगत रुपमा बजेट वाडफाडगरी खर्च गर्नुपर्ने देखिएको छ ।

१० **विमा**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा रु १० लाख भन्दा माथिको निर्माण कार्य गराउदा वीमा गराउनुपर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था भए बमोजिम कार्यालयले ताराताल गाविसमा पम्प हाउस पानी वितरण प्रणाली तथा विद्युतीकरण कार्यको लागि विमासमेत रु ९ लाख ९९ हजार भुक्तानीगर्दा वीमा वापत भुक्तानी भएको रु १३ हजार को वीमा रसीद पेश भएको छैन ।

## भूमिगत जलश्रोत विकास समिति

१ **चौमासिक खर्च**: कार्यालयलाई प्रदान गरिएको वार्षिक कार्यक्रम तथा अख्तियारी अनुसार पहिलो, दोस्रो तथा तेस्रो चौमासिकमा सञ्चालन गरिने कार्यक्रम/ क्रियाकलाप तथा सोका लागि लाग्ने बजेट खर्चको सीमा निर्धारण गरिएकोमा कार्यालयले तेस्रो चौमासिकमा ७४.४६ प्रतिशत तथा असार महिनामा मात्र १४.९५ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहने हुदा ध्यान दिनुपर्दछ ।

२ **जिन्सी**: जिन्सी निरीक्षण प्रतिवेदन अनुसार पिकअप जीप समेत ३ थान, रक रोलर विट ८ वटा, स्टेड जाली २५० मीटर, ट्याक्टर लगायतका ८० प्रकारका मालसामान लिलाम गर्नुपर्ने र कम्प्रेशर एल्गी १ थान, जियोलगर मेशिन ४ थान, ल्यापटप १ थान, मोटर साइकल, ट्याक्टर लगायतका

विभिन्न १० थान मालसामान मर्मत गर्नुपर्ने औल्याएकोमा  लिलाम विक्री तथा मर्मत गरी जिन्सी श्रेस्ता अद्यावधिक गराउनुपर्ने देखिएको छ ।

## भेरी अञ्चल अस्पताल

१. **आन्तरिक नियन्त्रणः** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक मूल्याङ्कनबाट खरिदको गुरु योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको जस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन ।

२ **खरिद योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्बजनिक निकायले वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रुपैयाँको खरिद गर्नुपर्ने भएमा बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ।  कार्यालयले  उपर्युक्त नियम बमोजिम वार्षिक खरिद योजना बनाई खरिद गर्नुपर्दछ।

३ **कार्यक्रम खाताः** कार्यालयले यस आ.व.मा कार्यक्रम खाता राखेको छैन । कार्यालयले स्वीकृत ढाचामा बजेट तथा खर्च विवरण स्पष्ट देखिने गरी कार्यक्रम खाता राख्नु पर्दछ ।

४ **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले वर्षको एक पटक जिन्सी निरीक्षण गराई प्रतिवेदन लिखित रुपमा तयार गर्नुपर्ने व्यवस्था छ । अस्पतालको उपर्युक्त नियम वमोजिम जिन्सी प्रतिवेदन तयार गरेको छैन । खरिद आदेश विना औषधी तथा सामान मगाउने, दाखिला गरेर मात्र विना नियन्त्रण खर्च गर्ने गरेको छ। आफू खुसी औषधी मगाई खर्च गर्ने गरेको कारण जिन्सी खाता ऋणात्मक देखिउदै आएकोमा यस तर्फ सुधार हुनुपर्दछ ।

५ **खाता व्यवस्थापनः** खप्ने तथा खर्चभएर जाने जिन्सी सामान जिम्मेवारी सार्दै लानुपर्नेमा जिम्मेवारी सारेको छैन । केही सामानको जिन्सी खातामा आ.व. को वीच वीचमा जिम्मेवारी सारेको छ भने केही सामानको जिम्मेवारी सारेको छैन । खप्ने सामान तर्फको जिन्सीको मौज्दात वार्षिक विवरण तयार गरेको छैन । खप्ने सामान कुन सामान कसको जिम्मामा छ,  कुन विभाग/शाखामा  छ सो प्रष्ट देखिनेगरी सहायक खाता तयार गरी राख्नुपर्दछ ।

६ **खर्चको आधार नभएकोः** सामाजिक सेवा इकाई संचालन निर्देशिकामा सामाजिक सेवा इकाई प्रमुखलाई मासिक रु.७ हजार पारिश्रमिक दिन सकिने व्यवस्था गरेको छ । अस्पतालले मासिक रुपमा खाइपाई आएको तलबको ५० प्रतिशत हुनेगरी पारिश्रमिक भुक्तानी गरेको छ। निर्देशिकाले तोकेको पारिश्रमिक भन्दा वढी रकम असूल हुनुपर्दछ ।

७. **सिकलसेल एनिमिया अभिमुखीकरण कार्यक्रमः** अस्पतालले यस कार्यक्रमको लागि रु.९ लाख १२ हजार खर्च गरेकोमा कार्ययोजना बनाएको छैन । दोश्रो चौमासिकमा गर्नुपर्ने कार्यक्रम तेश्रो चौमासिकको अन्तमा गरेको  छ। सहभागि तथा प्रशिक्षक र सहयोगी कर्मचारीलाई यातायात खर्च र दैनिक भ्रमण भत्ता खर्च लेखेको छ। कार्यक्रम निर्देशिका बमोजिम सहभागी तथा प्रशिक्षक भत्ता लगायत कार्ययोजना विपरित भुक्तानी भएको रकम असूल हुनुपर्दछ।

८ **कार्य योजनाः**  अस्पतालले हात्तीपाइले रोग/हाइड्रोसिल तर्फ  र प्रकोपजन्य रोग अभिमुखीकरण कार्यक्रम गरी रु ४ लाख ५९ हजार खर्च गरेको छ । निर्देशिका वमोजिम कार्य योजना वनाई कार्यक्रम नगरेको तथा वढी रकम औषधी खरिदमा खर्च गरेको  छ। निर्देशिकाले तोकिए वमोजिम खर्च कार्यक्रम सञ्चालन गरिनुपर्दछ।

९. **कर समायोजनः** मुल्य अभिवृद्धिकर ऐन, २०५२ अनुसार मु.अ.करमा दर्ता भएको कर दाताले कर विजक केरमेट गर्न नहुने, हातले नम्वर राख्न नहुने व्यवस्था छ । अस्पतालले एक मेडिकल डिस्टिब्यूटर्ससंग क्रमशः रु.१२ लाख २४ हजार र रु.११ लाख ३६ हजार को औषधी खरिद गरेको विल केरमेट गरेको तथा कर विजकमा डवल छाप लगाएको देखिएकोले रु २ लाख ७० हजार मु.अ.कर समायोजन पत्र संलग्न गर्नुपर्दछ ।

१०. **औषधि खरिदः** सार्वजनिक खरिद ऐन तथा नियम वमोजिम रु १० लाख भन्दा वढीको खरिद कार्य वोलपत्रको माध्यमवाट गर्नुपर्दछ । अस्पतालले यो वर्ष विनियोजन तथा अस्पताल विकास समिति तर्फ गरी रु.१ करोड ७२ लाख वरावरको औषधी खरिद गरेको छ । अस्पतालले वजेटको आवश्यकता तथा कार्यक्रम अनुसार वोलपत्र गरेको छैन । विभिन्न फर्मसंग वोलपत्रको माध्यमवाट रु.८८ लाख ५४ हजार वरावर सम्झौता गरी रु.१ करोड १७ लाख ९८ हजार वरावरको औषधी खरिद गरेको छ । आवश्यकता र बजेट परिधि भित्र रही औषधी खरिद तथा व्यवस्थापन गर्नुपर्दछ ।

११. **दाखिला नभएकोः** अस्पतालले एनालाइजर मेशिन तथा टर्निकेट मेशिन क्रमश रु १ लाख २९ हजार र रु.१ लाख २४ हजारमा खरिद गरी भुक्तानी दिएकोमा जिन्सी दाखिला नभएकोले जन्सी दाखिला हुनुपर्दछ ।

१२. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम रु १० लाख भन्दा बढीको खरिद कार्य वोलपत्रको माध्यमवाट गर्नुपर्ने हुन्छ । अस्पतालले वायोकेमिकल एनालाइजर, एक्सरे मेशिन, इ.सि.जी. मेशिन तथा सेन्टरी मेशिन लगायतका मेशिनहरु सोझै खरिद गरी रु ११ लाख ५४ हजार भुक्तानी गरेको नियमित देखिएन ।

१५. **इको काडियोग्राफी मेशिन खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ मा इको कार्डियोग्राफि मेशीन सबै भन्दा घटीवालाको रु ६९ लाख ८४ हजार ( मू.अ.कर बाहेक) स्वीकृत नगरी वढीवाला एक प्रा.ली संग रु ८५ लाख ४३ हजारमा खरिद गरेको छ । मूल्यांकन समितिले न्यूनतम मूल्यांकित वोलपत्रहरु के कति कारणवाट अस्वीकार गरिएको हो स्पष्ट खुलाई प्रतिवेदन तयार गरेको छैन । वढी कवुल गर्ने पार्टीसंग खरिद सम्झौता गरी रु १७ लाख ६१ हजार वढी व्ययभार पारेको रकम अनियमित देखिन्छ ।

१६ **मेसिन खरिदः** ट्रेड मिल स्ट्रिड टेस्ट मेसिन खरिद कार्यमा समेत सवैभन्दा घटीवाला (ए.जी हेल्थ टेक्नोलोजी)को रु ४ लाख ८९ हजार (भ्याट बाहेक) स्वीकृत नगरी हिमशिखर वायोमेड संग रु.७ लाख ४३ हजार (भ्याट बाहेक) मा सम्झौता गरी खरिद गरेको छ, । मूल्यांकन समितिले के कति कारणवाट न्यूनतम कवुल गर्ने फर्मको वोलपत्र स्वीकृतनगरेको हो कारण पेश गर्नुपर्दछ ।

१७. **आवश्यक सामान खरिद गर्नुपर्नेः** अस्पतालले स्वीकृत वजेटको परिधिभित्र रही आवश्यकताको आधारमा सामान खरिद गर्नुपर्दछ । यो वर्ष केमेस्ट्री एनालाइजर लगायतका मेशिनरी औजार जिन्सी खातामा ल्याब डिपाडमेन्टमा गएको भनि जनाइएकोमा स्थलगत निरीक्षणवाट अन्य शाखाहरुमा समेत गएको देखिन्छ । त्यसै गरी रु ६ लाख ६० हजारमा खरिद गरिएको ए.वि.जि मेसिन ल्याब शाखामा आवश्यक पर्ने भनि खरिद भएकोमा इर्मेजेन्सि शाखामा विना प्रयोग रही रहेको छ यसैगरीवृद्धा वार्डको लागि आवश्यक पर्ने विभिन्न मेशिनरी औजार/मालसामानहरु रु २५ लाख ३६ हजार वरावरको खरिद गरिएको छ । खरिद सामानहरु सवै सम्बधित वार्डमा रहेको छैन जसवाट अस्पतालले आवश्यकताको आधारमा सामान खरिद गर्ने गरेको देखिएन

१८. **रसिद नियन्त्रणः** अस्पतालले आम्दानी रसिद नियन्त्रण खाता नराखेकोले गत विगत वर्षहरुको वाकि नगदी रसिद प्रयोग तथा खरिद गरिएका नगदी रसिदकोअवस्था एकिन गर्न सक्ने आधार भएन ।

१९. **सटर भाडा:** अस्पतालले चर्चेको घर जग्गाको अभिलेख प्राप्त हुन आएन । यो वर्ष सटर भाडा स्वरुप रु ५४ लाख १३ हजार प्राप्त गरेको छ। भने विगत वर्षहरु देखि वोलकवोल प्रणालीमा सटर भाडा लगाउदा सम्झौता गर्ने तथा नविकरण गर्ने गरेको देखिएन। सटरहरुको भाडा असुली विवरण देखिने गरी अभिलेख राखेको छैन। समितिले नेपाल मेडिकल एशोसिएसन र रेडक्रस नेपालगंजलाइ अस्पताल कम्पाउण्ड भित्र जोडिएको जग्गा उपलब्ध गराउदै आएको छ । अस्पतालको नाउँमा रहेको जग्गा संरक्षण गरि समितिले अस्पतालको आय वढाउने कार्य गर्नुपर्दछ ।

२०. **भाडाकर:** अस्पतालले यस वर्ष विभिन्न सटरको भाडा स्वरुप रु ५४ लाख १३ हजार आम्दानी गरेको छ । सो भाडा वापतको आयको नियमानुसार १० प्रतिशत भाडाकर कट्टा गरी दाखिला गर्नुपर्नेमा अस्पतालले भाडाकर कट्टा गरेको छैन । भाडा कर रु ५ लाख ४१ हजार कट्टा गरी राजस्व दाखिला गर्नुपर्ने पर्दछ । त्यसै गरी नेपाल मेडिकल एशोसिएकनले ६ वटा सटरको यो वर्षको भाडा रकम प्राप्त नभएको र प्राप्त भएको रु १३ लाख ५८ हजार मा १० प्रतिशत भाडा कर असुल भएको नदेखिएको ले सो रकम रु १ लाख ३५ हजार असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२१. **जिन्सी दाखिला:** अस्पतालले साझा पसल सेवा संग सझौता अनुसारको भाडा रकम कहिले नगद र कहिले औषधि खरिद मार्फत हिसाव मिलान गदै आएको छ । साझा पसल सेवासंग खरिद गरेको औषधि (भाडामा कट्टा हुने) को जिन्सी दाखिला गर्ने गरेको छैन । भाडा स्वरुप प्राप्त हुने सवै रकममा भाडा कर कट्टा नभएकोले हिसाव गरी हुने भाडाकर असुल गरी दाखिला गर्नुपर्दछ ।

२२. **खर्चको अनुमोदन:** समिति तर्फ कार्यरत कर्मचारीको तलव भत्ता स्वरुप रु.२ करोड ३१ लाख २ हजार खर्च भएको छ। समिति तर्फ स्थायी कर्मचारीको तलवी प्रतिवेदन पास गर्ने निकाय नभएको कारण तलव भत्तामा भएको खर्चमा यकिन हुन सक्ने अवस्था छैन । यस आर्थिक वर्षको लागि प्रस्तावित वजेट अनुसार खर्च भएको रकम अस्पताल विकास समितिवाट अनुमोदन भएको छैन । नियमानुसार खर्च अनुमोदन गराउनु पर्दछ ।

२३. **ओ.जे.टि शुल्क**: अस्पतालमा विभिन्न क्याम्पसहरुवाट ओ.जे.टि गर्न आउने विद्यार्थीहरुको ओ.जे.टि गरे वापत अस्पताललाई भुक्तानी गर्नुपर्ने सम्झौता वमोजिमको २ लाख १६ हजार रकम छात्रवृत्ति तर्फका विद्यार्थी भनी सम्झौता वमोजिम हुने रकम वुझाएको छैन ।प्राप्त हुन बाँकी रकम आम्दानी गरी दाखिला हुनुपर्दछ ।

२४. **धरौटी:** धरौटी खातामा दाखिला गर्नुपर्ने रु ८७ हजार ख ६ खातामा दाखिला भएकोले हिसाव मिलान गर्नुपर्ने, नामनामेशी नखुलेको धरौटी सदरस्याहा गर्नुपर्ने रु.३ लाख ४३ हजार देखिएको छ ।अघिल्लो आ.व.को लेखापरीक्षण नभएकोले गत वर्षको जिम्मेवारी सारेको देखिएको रु २२ लाख ६८ हजार रकम एकिन गरिनुपर्दछ ।

२५. **बढी खर्च:** पूँजीगत अनुदानमा मेसिनरी औजार शीर्षकमा रु १ करोड ४५ लाख बाँडफाँड भएकोमा उक्त शीर्षकमा रु ११ लाख ४५ हजार बढी खर्च गरेको अनियमित देखिन्छ । बजेट बांडफांड भएको आधारमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ ।

## भेरी प्राविधिक शिक्षालय

१. **आन्तरिक नियन्त्रण**: कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक मूल्याङ्कनबाट खरिदको योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा

म.ले.प.फा.नं. २ मा अभिलेख नराखेकोजस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

२. **बढी भुक्तानी**: एक कर्मचारीलाई आर्थिक नियमले दिएको भन्दा बेग्लै निर्णय गरि डिप्लोमा तहको कार्यक्रम पिच्छे थप रु ९ हजार भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु ९६ हजारअसुल गर्नुपर्दछ ।

३. **परिषदको स्वीकृती**: शिक्षालयको बार्षिक उत्सब मनाउन भनी संचालक समितिको मिति ०७२।१०।२९ को निर्णयबाट रु १ लाख ६० हजार परिषदको स्वीकृती बिना खर्च गरेकोमा परिषदबाट स्वीकृत गराई नियमित गराउनु पर्ने देखिन्छ ।

४. **दैनिक आम्दानी खाता**: परिषद र अर्न्तगत आर्जनकोषको लेखा नेपाल सरकारबाट तोकिएका ढाँचाहरु राख्नु पर्नेमा म.ले.प.फा.नं. १०९ दैनिक आम्दानी टिप्पणी र म.ले.प.फा.नं. १०८ तयार गरेको पाइएन । तोकिएको ढाँचामा आम्दानी अभिलेख राख्नुपर्दछ ।

५. **भ्याट भुक्तानी**: सफ्टवेर निर्माण गरेको भनी एक प्रा.लि लाई रु १ लाख ९४ हजार भुक्तानी गरेकोमा बिल रकम १ लाख ७२ हजार को १३ प्रतिशत भ्याट रु २२ हजार हुनेमा २४ हजार भुक्तानी भएकोले रु २ हजार प्रा.ली.बाट अशुल गर्नुपर्दछ ।

६. **विल नभएको**: आर्थिक कार्यविधि ऐन २०५५ को दफा ३६(३) वमोजिम विलभरपाई वेगर खर्च लेख्न नहुने व्यवस्था भएकोमा कार्यालयले नेपालगञ्ज औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड को नगदी रसिदको आधारमा विद्युत महशुल भुक्तानी गरेको देखिन्छ । विद्युत महशुल खर्च लेख्दा नेपाल विद्युत प्राधिकरणको विल भरपाई बमोजिम खर्च लेख्नु पर्ने देखिन्छ ।

७. **केन्द्रिय कोष**: प्राविधिक शिक्षा तथा तथा व्यवसायीक तालीम परिषदको आर्थिक विनियमावली २०६२ को नियम १३९ मा प्रत्येक आ.व. को अन्तमा आर्जन कोषको खातामा रहेको रकम मध्येवाट ७५ प्रतिशत रकम परिषदको केन्द्रिय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । २०७३ आषाढ मसान्तमा एक शिक्षालयको खातामा रु १ करोड ८१ लाख २५ हजार रहेको देखिएकोमा सो को ७५ प्रतिशतले हुन आउने रकम रु १ करोड ३५ लाख ९३ हजार परिषदको केन्द्रिय कोषमा पठाउनुपर्नेमा कार्यालयले मिति २०७३।८।२२ मा रु ४७ लाख ५० हजार मात्र पठाएको देखिएकोले बाँकी रु.८८ लाख ४३ हजार परिषदेको केन्द्रिय कोषमा पठाउनुपर्छ ।

८. **दोहोरो भुक्तानी**: परीक्षा शुल्क वापत पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय कोहलपुरलाई रु १९ हजारे र प्रशिक्षण सहायक लाई रु २२ हजार सोधभर्ना भुक्तानी दिदा परीक्षा शुल्क रु.१९८९०।- बैक भौचर मार्फत पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय कोहलपुरलाई भुक्तानी दिएको भनी सोध भर्ना लिएकोमा उक्त रकम रु १९ हजार क्षेत्रीय कार्यालयलाई दोहोरा भुक्तानी भएको देखिएकोले असुल उपर गर्नुपर्दछ ।

९ **जगेडा खाता**: कार्यालयले आ.व नं. २०७२।७३ मा रु ५० लाख वजेट विनियोजन भएकोमा मिति २०७३।३।३० मा एक निर्माण सेवा संग रु ३६ लाख २ हजार २०७३ मंसिर मसान्तमा कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा सम्बन्धित पार्टीलाई भुक्तानी नगरी निर्माण कार्यको लागि विनियोजन रकम विनियोजन खातावाट जगेडा खातामा ट्रान्सफर गरेको देखिएको छ ।बजेट फ्रिज नगराउने उद्देश्यले रकम ट्रान्सफर गर्ने प्रबृत्तिको अन्त्य हुनुपर्दछ ।

## सिंचाइ विकास डिभिजन

१ **अख्तियारी**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ अनुसार यस कार्यालयलाई २ कार्यक्रममा रु ३ करोड ३९ लाखको शुरु अख्तियारी नै ७ महिनासम्म ढिलो गरी पठाएको पाइयो । यसरी कार्यक्रम स्वीकृति तथा अख्तियारी प्राप्तिमा ढिलाइहुँदा आर्थिक वर्षको प्रथम चौमासिकभित्र

सम्पन्न गर्नुपर्ने लागत अनुमान स्वीकृति, ठेक्कापट्टा व्यवस्थापन, खरिद सम्झौतालगायतका सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु समयमा हुनसकेको छैन ।

२ **चौमासिक खर्च**: कार्यालयले तेस्रो चौमासिकमा विभिन्न कार्यक्रममा ६६.५२ प्रतिशतदेखि शतप्रतिशतसम्म तथा असार महिनामामात्र २.१५ देखि १०० प्रतिशतसम्म खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्तमा अधिक खर्चगरी योजना सञ्चालनगर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा असरपर्ने स्थिति रहनेहुदा समयमौ कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

३ **ठेक्का व्यवस्थापन**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० अनुसार ठेक्काकार्य प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्ने व्यवस्था भएकोमा यस वर्ष कार्यान्वयन भएका ३ ठेक्का रु ४ करोड ७६ लाख ६५ हजारको आषाढमा संझौता भएको देखिन्छ । ढिला गरी सम्झौता भएको कारण योजना सम्पन्न समेत समयमा हुन नसक्ने तथा स्थानीय जनताहरुले समयमा सिंचाइ सुविधा लिन पाउने अवसरवाट बञ्चित हुनुपरेको पाइयो ।

४ **अधुरो योजना**: एक सिंचाई योजनाको लागतअनुमान रु २ करोड ५० लाख ३८ हजार मध्ये बोलपत्रबाट एक निर्माण व्यवसायीबाट रु.१ करोड ९५ लाख ९९ हजार मा सम्पन्न गर्नेगरी २०७२।१।१७ मा शुरुगरी २०७३।३।३० भित्र सम्पन्नगर्ने व्यवस्था भएकोमा चौथो रनिंग विलबाटसमेत हालसम्म रु. १ करोड ७७ लाख ५६ हजार भुक्तानी भएकोमा म्यादभित्र कार्यसम्पन्न भएको पाईएन । समयमा काम सम्पन्न गर्नुपर्दछ ।

५ **विमा**: एक सिंचाई योजनामा निर्माण व्यवसायीलाई रु.१ करोड ६ लाख ५३ हजार भुक्तानी भएकोमा जनरल आधारमा रहेको विमा वापत रु.१ लाख १० हजार भुक्तानी भएकोमा रु. ९० हजार मात्रको प्रमाण पेश भएकोले वाकी रु.२० हजार को प्रमाणपेश नभएको, यसैगरी पुरुवा खोला सिंचाई आयोजनाको निर्माण कार्य वापत निर्माण व्यवसायीलाई रु.२५ लाख ४३ हजार भुक्तानीमध्ये विमावापत रु.२१ हजार भुक्तानी गरेकोमा विल वेगर विमा भुक्तानी गरेकोले विल पेश हुनुपर्दछ ।

६ **एज बिल्ट नक्सा**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्यसम्पन्न भएको तीन दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने प्रावधान छ । कार्यालयले एक सिंचाई योजनालाई रु१ करोड ७७ लाख ५६ हजार भुक्तानी गरि निर्माण कार्यसम्पन्न गरेकोमा नक्सा पेश नगरेकोल तयारगर्न लगाउनुपर्ने देखिन्छ ।

७ **योजना हस्तान्तरण**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ अनुसार डिभिजनले कुनै पनि सिंचाइ प्रणाली उपभोक्तालाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितिबाट निर्माण भएका सिंचाइ योजनाहरु सम्बन्धित समितिलाई संचालन गर्ने जिम्मेवारीसहित नियमले गरेको प्रक्रिया अपनाई सम्पन्न योजना हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

८ **खर्च अनुमोदन**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) अनुसार उपभोक्ता समिति मार्फत निर्माण भएका धेरैजसो सिंचाइ योजनाहरुको बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराएको र खर्च सार्वजनिक गरेको देखिएन ।

९ **पेश्की**: आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट हुन बाँकी रहेको पेश्की रु २० लाख ५० हजार नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१० **कार्य विवरण**: निजामती सेवा ऐन २०४९ को दफा ५ अनुसार कार्यालयले कार्यरत कर्मचारीहरुलाई ऐनमा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । ऐनमा व्यवस्था भए अनुसार कार्यविवरण बनाई लागु गर्नुपर्दछ ।

११ **स्थलगत निरीक्षण**: मकैवारी लिफ्ट सिचाइ योजनाको लागत अनुमान रु. ५१ लाख ४५ हजार मा पम्प हाउस जडान, नहर तथा स्टक्चर निर्माण कार्यको लागत तयारगरी निर्माण कार्य सम्पन्ननभै चालु अवस्थामा रहेको र केनल लाइनको साइडमा माटोराखि नहर व्यवस्थित नगरेको हुदा नहरमा

क्षति पुग्ने अवस्थामा देखियो । आगामी आर्थिक वर्षमा वाकीरहेको कार्य गराउदा सुधार गरिने कार्यालयको भनाईरहेको छ ।

## मध्यपश्चिम क्षेत्रीय प्रहरी तालीम केन्द्र

१ **खरिद योजना:** पुर्ननिर्माण तथा पूँजिगत कार्यक्रमबाट रु.२६ लाख खर्च गरेकोमा फर्निचर, मेशिनरी औजार, सार्वजनिक निर्माण, ट्रस निर्माण, मूलगेट निर्माण लगायतका कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ बमोजिम खरिद योजना बेगर खर्च गरेको पाइयो ।

२ **आन्तरिक लेखापरीक्षण** :कर्मचारी कल्याण कोष तर्फ निकासा भएको रु.२५ लाखको आन्तरिक लेखापरीक्षण भएको पाईएन । खर्च भएका सवै कारोवारको लेखापरीक्षण गराउनुपर्दछ ।

## मध्य पश्चिम क्षेत्रिय मेडिकल स्टोर

१. **अख्तियारी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३(२) मा स्वीकृत बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक बर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा केही शीर्षकको अख्तियारी आर्थिक बर्ष शुरु भएको ८/९ महिना पछिसम्म पठाएको देखिन्छ ।

३. **ढुवानी कार्यको वोलपत्र:** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम वमोजिम अत्यावश्यक औषधी भ्याक्सिन उपकरण रिप्याकिग तथा ढुवानी कार्यको लागि रु ४३ लाख वजेट व्यवस्था गरेको छ । यस आर्थिक वर्षको लागि मिति २०७२ पौस ५ मा सूचना प्रकाशन गरी ठेक्का व्यवथापन सम्झौता गरेकाले आर्थिक वर्षको अन्तमा मात्र औषधी ढुवानी गर्ने कार्य गरेको छ । कार्यालयले करिव ९ महिना सोझै औषधी ढुवानी गरेको र ३ महिनाको लागि मात्र वोलपत्रको माध्यवाट ढुवानी गरेको देखिन्छ । वोलपत्रको माध्यमवाट कवोल गरेको अंक भन्दा सोझै ढुवानी गरेको दर धेरै वढी पर्ने गरेको छ । वर्ष भरिमा ७५ प्रतिशत समय सोझै पार्टीसंग नेगोसिएकन गरी ढुवानी गरेको, कुनै कुनै जिल्लामा वोलपत्रको दरभन्दा ३०० प्रतिशत सम्म बढेर सोझै ढुवानी गरी भुक्तानी गरेको छ । आर्थिक वर्षको सुरुमै ठेक्का व्यवस्था गरी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## महेन्द्र बहुमुखी क्याम्पस, बाके

१ **धरौटी:** आर्थिक विवरण अनुसुचि २ धरौटी तथा दायित्व विवरण अनुसार वाँकी देखिएको रकम फरफारक गरी पुरानो धरौटीहरु आम्दानी जनाई धरौटी घटाउदै लानु पर्ने देखिन्छ ।

२ **भौतिक परीक्षण:** पूजीगत शीर्षक अन्तर्गत आ.वि अनुसुची १ अनुसार रु २ करोड ३३ लाख ४१ हजार को सम्पत्ति के कस्तो अवस्थामा छ निकाय प्रमुखबाट समिति गठन गरी प्रत्येक वर्ष भौतिक परीक्षण गरी सोको अध्यावधिक गरि अभिलेख तयार पारी प्रमाणित गरी राख्नुपर्दछ ।

३ **पेश्की:** पेश्की फछ्र्यौटको सम्वन्धमा त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्वन्धि नियम, २०५० मा स्पष्ट व्यवस्था गरेको साथै त्रि.वि. कार्यकारी परिषदको मिति २०६८।१२।९ को निर्णय नं. २३३ मा नियमानुसार असुल गर्ने भनि निर्णय गरि रु ४३ लाख ६७ हजार पेश्कीमा १२ प्रतिशत व्याज समेत असुल गर्ने भनी निर्णय गरि परिपत्र गरेकोमा सोही बमोजिमको पेश्कीमा ब्याज सहित हिसाब गरि असुल गर्नुपर्दछ ।

४ **हिसाब मिलान:** मासिक रुपमा बैंक सन्तुलन परीक्षण तयार गरी बैंक मौज्दात र बैक नगदी किताबको मौज्दात मिलान गर्नु पर्नेमा विगत वर्षहरुदेखि नै सो नगरेकोले यस तर्फ क्याम्पस प्रशासनले ध्यान दिनु पर्ने देखिएको ।

५ **विज्ञपन खर्च**: विज्ञापन तर्फ यस क्याम्पसमा विभिन्न एजेन्सीहरु लाई विज्ञापन वापतको भुक्तानी दिदा कति पटक प्रकाशित वा प्रशारण गर्ने सो को कार्यदेश नदिएको सिधै विल रकमको भुक्तानी दिने गरेको देखिएको छ । यसमा सुधार हुनुपर्दछ ।

६ **जिन्सीः** जिन्सी रेर्कडमा जोड जम्मा गरी मौज्दात निकाली  निकाय प्रमुखले आर्थिक वर्षको अन्तमा प्रमाणित गरी व्यवस्थित गर्नु पर्नेमा सो गर्ने गरेको कार्यालयले विभिन्न मितिमा इन्धन खर्च, सवारी मर्मत खर्च भुक्तानी गरेको छ । कार्यालयमा रहेका सवारी साधनको इन्धन खर्चको सवारी लगबुक म.ले.प.फा.नं. १, सवारी साधन मर्मतको म.ले.प.फा.नं. २ अद्यावधिक गरी खर्च लेख्नुपर्नेमा सो अनुरुप भएको पाइएन । अभिलेख अध्यवधिक  गर्नु पर्दछ ।

**बि.बि.ए.कार्यक्रम तर्फ**

७ **आर्थिक विवरणः** आर्थिक विवरण अनुसुचि २ धरौटी तथा दायित्व विवरण अनुसार रकम फरफारक गरी पुरानो धरौटीहरु आम्दानी जनाई धरौटी घटाउदै लानु पर्ने देखिन्छ ।

८ **भौतिक परीक्षणः** पूँजीगत शीर्षक अन्तर्गत  आ.वि. अनुसुचि १  अनुसार रु २० लाख ३३ हजारको सम्पत्ति के कस्तो अवस्थामा छ निकाय प्रमुखबाट समिति गठन गरी प्रत्येक वर्ष भौतिक परीक्षण गरी सो को लगत अध्यावधिक गरि राखेको नदेखिएकोले । सम्पत्तिको अभिलेख प्रमाणित गरी राख्नुपर्दछ ।

९ **पेश्की ब्याजः** त्रि.वि. आर्थिक व्यवस्थापन तथा संचयकोष सम्वन्धि नियम २०५० मा स्पष्ट व्यवस्था भए बमोजिम त्रि.वि. कार्यकारी परिषदको मिति २०६८।१२।९ को निर्णय न. २३३ मा नियमानुसार समयमा फछ्र्यौट नभएको रु १ लाख ६० हजार पेश्कीको १२ प्रतिशत ब्याज समेत असुल गर्ने भनी निर्णय गरी परिपत्र गरेकोले ब्याज सहित  असुल गर्नुपर्दछ ।

## मालपोत कार्यालय

१. **विवरणः** कार्यालयसंग लेखापरीक्षणको क्रममा मुद्धाको अवस्था देखिने विवरण र सरकारी सार्वजनिक एवं गुठी जग्गाको लगतमाग गरेकोमा प्राप्त नभएकोले मुल्याङ्कन गर्न सकिएन ।

२. **जग्गाको न्यूनतम मूल्यांकनः** मालपोत नियमावली २०३६(संशोधन सहित) को ५(ख) मा जग्गाको न्यूनतम मुल्य निर्धारण समितिको व्यवस्था गरिएको छ । प्रत्येक वर्ष जग्गाको लिखत रजिस्ट्रेशन पारित गर्दा थैली अंक कायम गर्ने प्रयोजनको लागि मुल्य निर्धारण समितिले आफ्नो क्षेत्र भित्रको जग्गाको न्यूनतम मुल्य निर्धारण गर्दछ । मिति २०७२।४।१ गते वाट लागु हुने गरी बाँके जिल्लाको उप- महानगरपालिका, नगरपालिका र गा.वि.स. हरुको लागि मिति २०७२।३।२२ र २५ गते समितिको वैठक वसी मुल्य निर्धारण गरिएको छ । जग्गाको न्यूनतम मुल्य निर्धारण गर्दा वास्तविक रुपमा चलन चल्तीको मूल्यको नजिक रहेर भएको देखिएन । मूल्य निर्धारण समितिले प्रति कठ्ठा रु १७ लाख ५० हजार मूल्य निर्धारण गरेको जग्गा रु १ करोड ३६ लाख ४० हजारमा खरिद विक्री भएको छ । प्रचलित मूल्यको नजिक रही मूल्य निर्धारण हुनुपर्दछ ।

मुल्य निर्धारण र स्थानीय निकायको सिफारिस यथार्थपरक हुनु पर्दछ । स्थानीय निकायको सिफारिस हचुवाको भरमा गर्ने गरिएको तथा सो सिफारिसको अनुगमन समेत मालपोत कार्यालयवाट हुने गरेको देखिएन ।

३. **पूजीगत लाभकर असुल गर्नुपर्नेः** आयकर ऐन, २०५८ वमोजिम निःसर्ग भएको गैर व्यावसायिक करयोग्य सम्पत्तिमा ऐनले तोके वमोजिम पूजीगत लाभकर गणनागरी असूल गर्नुपर्दछ । रझेना वडा नं. १(क) को जग्गा मिति २०७२।१०।२९ को निर्णय ले कि.नं. ५० २-१२-१० क्षेत्रफलवाट ३-४-२ क्षेत्रफल  कायम भएको छ । जग्गाधनीले सोही कित्ता नं. ५० र ५० को पुरै जग्गा मिति २०७३।१।२८ मा एवं आवास प्रा.लि. लाई रु ३ करोड ३७ लाख ७६ हजारमा विक्री गरेको छ । सोमा कार्यालयले २.५ प्रतिशतले रु ८४४३७५।- पूजीगत लाभकर असुल गरेको छ । हाल साविकवाट कि.नं. ५० मा क्षेत्रफल वढेको कारण र मिति २०७२।१०।२९ को निर्णयवाट वढेको जग्गा ५ वर्ष भित्र नै विक्री भएको कारण नियमानुसार ५ प्रतिशत पूजीगत लाभकर असूल गर्नुपर्नेमा कार्यालयले २.५ प्रतिशत मात्र असुल गरेको छ । कि.नं. ५० मा जग्गा वढेको कारण सोही जग्गको मात्र गणना गर्दा ५ प्रतिशतले रु १३ लाख ७८ हजार असूल गर्नुपर्नेमा कार्यालयले

रु ८ लाख ४४ हजार असुल गरेको नियमानुसार असुल गर्न वाँकी पूजीगत लाभकर रु ५ लाख ३३ हजार असूल गर्नुपर्दछ ।

४. **राजस्व वाडफाँडः** भुमि व्यवस्थापन सुद्धिढीकरण कार्यक्रम दफा ६(१२) अनुसार मालपोत कार्यालयवाट असुली भएको रजिष्ट्रेशन दस्तुर वापत तोकिएको रकम बाडफाँट गरि ३।२ महिनामा सम्वन्धित जि.वि.स. र नगरपालीकामा पठाउने व्यवस्था भएकोमा कार्यालयले चौमासिक रुपमा राजश्व वाडफाँड गरेको देखिन्छ । यस सम्वन्धमा सुधार आवश्यक छ ।

५. **भु-सूचना**: त्रिवर्षिय योजनामा नापी तथा मालपोत कार्यालयहरुलाई एकिकृत केन्द्रिय भु सचना प्रणालीको विकास गर्ने तथा नापी प्रवाह गर्ने रणनीति तय भएको छ । उक्त कार्यक्रम अनुरुप एकिकृत भुसूचना प्रणालीको कार्यान्वयनका लागि नापी कार्यालय र मालपोत कार्यालयवाट संयुक्त रुपमा जिल्लाका सबै गा.वि.स. र नगरपालीकाको घर जग्गाहरुको लगत लाई डिजिटाइजड र अद्यावधिक गर्ने तथा जग्गाहरुको मुल्यांकन पद्धतिलाई उक्त प्रणालीमा सामानजस्य गर्नका लागि उल्लेखनिय कार्य भएको देखिएन । मालपोत कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त वनाउनका लागि एक प्रणालीको कार्यान्वयन आवश्यक देखिन्छ ।

६. **निर्माण लागतः** पूँजीगत लाभकर निर्धारण गर्ने प्रयोजनको लागि आयकर ऐन, २०५८ को दफा ९५(क) ३ बमोजिम खुद पूँजीगत लाभ निर्धारण सम्वन्धमा खर्च दावी गर्ने प्रयोजनार्थ सम्वन्धित गा.वि.स तथा नगरपालीका सिफारिस गर्ने साथै स्पष्ट आधार खुल्ने प्रमाणवेगर निर्माण लागत खर्च कट्टी गरेको देखिन्छ । स्पष्ट प्रमाण र आधार वेगर खर्च कट्टी दिएको लागत रु १५ करोड ७५ लाख ७ हजार सम्वन्धमा थप छानविन गरी ५ प्रतिशत लाभकर रु ७ लाख ८७ हजार असुल गर्नुपर्ने देखिएको छ ।

७. **कारोवारः** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा कार्यालयले विभिन्न रियलस्टेट कम्पनीहरुको घर जग्गाको कारोवारको जानकारी आन्तरिक राजश्व कार्यालयमा पठाउनु पर्ने व्यवस्था भएकोमा कार्यालयले यो वर्ष ३ वटा रियल स्टेट कम्पनीहरुको कुनै पनि कारोवार सम्वन्धमा आन्तरिक राजश्व कार्यालयमा पत्राचार भएको देखिएन ।

८. **पूजिगत लाभकरः** आयकर ऐन, २०५८ दफा २ द(४) र दफा ९५ क(३) तथा पूँजीगत लाभकर सम्वन्धि निदेशिका २०७२ मा व्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु ३० लाख वा सो भन्दा वढिको जग्गा वा निजि भवन निसर्ग भएकोमा पूँजीगत लाभकर वापत मालपोत कार्यालयले रजिष्ट्रेशन वापत निसर्ग भएको सम्पत्तीको स्वामीत्व ५ वर्ष वा सो भन्दा वढि भएको छ भने २.५ प्रतिशत र ५ वर्षभन्दा कम भएमा ५ प्रतिशत पूजीगत लाभ कर तिर्नुपर्ने व्यवस्था भएकोमा २ विक्रेताको कारोवारमा पूँजीगत लाभकर घोषणा फाराम नभरी रष्ट्रिेशन पास भएको देखिएकोले यस सम्वन्धमा थप छानविन गरी छुट भएको लाभकर रु ४ लाख ८२ हजार असुल गरी दाखिला गर्नुपर्ने देखिएको छ । त्यसै गरी सम्वन्धि निर्देशिका २०७२ वमोजिम पूँजीगत लाभकर छुट भएको रु ४ लाख ३८ हजार थप दायित्व एकिन गरी असुल गर्नुपर्ने देखिएको छ ।

## सशस्त्र प्रहरी वल बागेश्वरी

१ **तलव भत्ताः** यस कार्यालयबाट प्राप्त विवरण अनुसार कूल ७६१ दरवन्दी रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय बाकेले २०७२।६।२३ मा पारित गरेको तलवी प्रतिवेदन अनुसार ३५ रिक्त भै ७२६ कर्मचारीको तलवी प्रतिवेदन पारित गरेको छ । तलवी प्रतिवेदन अनुसार कुल १६ करोड २९ लाख २० हजार बजेट रहेकोमा १६ करोड २८ लाख ९० हजार खर्च भएको छ । प्रतिमहिना रु१ करोड देखि रु १ करोड ३३ लाख ५ हजार सम्म तलव भत्तामा खर्च भएकोमा सवै कर्मचारीको तलव ग्रेड पारित गरेको नदेखिएकोले वाकी कर्मचारीको पनि तलव प्रतिवेदन पारित गरेर खर्च लेख्नुपर्दछ ।

२ **सम्पत्तिको व्यवस्था:** जिन्सी निरीक्षण प्रतिवेदन अनुसार कम्प्युटर, टायपराइटर लगायत कतिपय सामानहरु लिलाम तथा मर्मत गर्नुपर्ने अवस्थामा रहेकोले आवश्यक प्रकृया पुरा गरी नियमले तोके वमोजिम जिन्सी प्रतिवेदन कार्यान्वयन गरी जिन्सी लेखा अद्यावधिक हुनुपर्ने देखिन्छ ।

## सशस्त्र प्रहरी बल, सीमा सुरक्षा कायांलय

१ **रासन खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार सरकारी रकम खर्च गर्दा पर्याप्त प्रमाण संलग्न गरेर मात्र खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयमा सरुवा भई तथा काजमा आएका र सरुवा भई कार्यालय बाहिर गएका सशस्त्र प्रहरी कर्मचारीहरुको विवरण व्यवस्थित रुपमा नराखी रासन खर्च लेखेको देखिएकोले यसमा सुधार हुनु पर्दछ ।

२ **जिन्सी निरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३ मा जिन्सी निरीक्षण प्रतिवेदन र सोको कारवाही सम्बन्धमा उल्लेख छ । लेखापरीक्षणमा पेश भएको जिन्सी आम्दानी खातामा पुराना मालसामानहरुको मूल्य खुलेको पाइएन । चालु हालतमा नरहेका, मूल्य नखुलेका मालसामानहरुको अवस्था एकीन गरी नियमानुसार सदरस्याहा तथा लिलाम र मर्मत संभार एवं मूल्य कायम गरी भएको व्यवस्था वमोजिम कारवाही गरी जिन्सी अद्यावधिक गराउनु पर्दछ ।

३ **धरौटी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६६ बमोजिम कार्यालयले एक सप्लायर्सले २०६८।६९ मा राखेको धरौटी हालसम्म पनि फिर्ता नगरेकोमा धरौटी सम्वन्धी नियममा भएको प्रकृया अवलम्वन गरी सदरस्याहा गर्नुपर्दछ ।

## सशस्त्र प्रहरी तालिम केन्द्र, नौवस्ता

१ **अख्तियारी:** यस वर्ष कार्यालयको लागि पूंजिगत तर्फको खर्च गर्ने अख्तियारी मिति २०७१।०४।१८ मा प्राप्त हुन आएको र विभिन्न मितिमा २०७३।३।१९ सम्ममा थप अख्तियारी प्राप्त भई कुल निकासा रु. ८८ लाख ८६ हजार कायम भएको छ । यसरी समयमा अख्तियारी प्राप्त नहुंदा नियमको पालना नहुनाले सन्चालन गर्नु पर्ने कार्यक्रमहरु तोकिएको समयमा सन्चालन हुन सकेको देखिएन । अत तालुक निकायसंग समन्वय गरी समयमा अख्तियारी प्राप्त गर्ने र कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

२ **कार्यसम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार महिला भवन व्यारेक निर्माण कार्यको लागि रु ३४ लाख ४७ हजार भुक्तानी गरेकोमा कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ वमोजिम रु.१० लाख भन्दा वढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले प्रयोग गर्ने निर्माण सामाग्री मेसिन औजार, कामदार, प्लान्ट कामदारको विमा नगराएको, एज विल्ट नक्शा पेश नगरेको र गुणस्तर परीक्षण गरिएको प्रमाण संलग्न राखेको पाइएन । कार्यसम्पन्न भएको भनिएकोमा सोको प्रतिवेदन पेश हुनुपर्दछ ।

३ **कोटेशनबाट खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ अनुसार वीस लाख रुपैया सम्मको निर्माण कार्य सिलवन्दी दरभाउपत्रवाट आव्हान गरि खरिद गर्नुपर्ने, सोही नियमावलीको नियम ९ अनुसार खरिद सम्वन्धि सम्पुर्ण काम एउटै खरिद सम्झौताबाट हुनसक्नेमा कार्यालयले भवन रंगरोगन तथा मर्मत लगायतका कार्य गर्न विभिन्न ४ वटा कोटेशनबाट कार्य गराई रु १५ लाख ३५ हजार भुक्तानी गरेको छ । तोकिएको प्रकृया पुरा गरेरमात्र खरिद कार्य गर्नुपर्दछ ।

४ **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(१) बमोजिम कार्यालयमा प्राप्त हुन आएका सामानहरु मूल्य खुलाई आम्दानी वाध्नुपर्ने र नियम ५०(३) बमोजिम लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत संभार गर्नुपर्ने भए ३ महिनाभित्र गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार विभिन्न हेभी ट्रक, मारुती भेन, टाटा मिनि वस यामाहा मोटर साइकल लगायत ७ वटा सवारी साधन रहेकोमा मूल्य खुलाएको पाईएन । साथै भिडीयो क्यामरा, जेनेरेटेर, मेटल डिटेक्टर, ल्यापटप कम्प्यूटर लगायतका कतिपय सामानहरु वेसावुत रहेको उल्लेख भएकोमा सो अनुसार

मिन्हा वा लिलाम गरेको पाइएन । नियमानुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्दछ ।

## सशस्त्र प्रहरी वल त्रिपुरा

१ **तलव भत्ता:** यस कार्यालयबाट प्राप्त विवरण अनुसार कूल ७६१ दरवन्दी रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय बाकेले २०७२।६।२३ मा पारित गरेको तलवी प्रतिवेदन अनुसार ३५ पद रिक्त भै ७२६ कर्मचारीको तलवी प्रतिवेदन पारित गरेको छ । तलवी प्रतिवेदन अनुसार कुल १६ करोड ३० लाख २७ हजार बजेट रहेकोमा १६ करोड २९ लाख ९५ हजार खर्च भएको छ  पारित प्रतिवेदन अनुसार २२ कर्मचारीको तलाव ग्रेड पारित नभएको हुंदा सवै कर्मचारीको तलव तथा ग्रेड पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ ।

२. **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(३) बमोजिम लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिनाभित्र र मर्मत संभार गर्नुपर्ने भए ३ महिनाभित्र गरिसक्नु पर्नेमा जिन्सी निरीक्षण प्रतिवेदन अनुसार फ्याक्स मेशीन, टाइप राइटर, भिडियो क्यामरा लगायत कतिपय सामानहरु लिलाम तथा मर्मत गर्नुपर्ने अवस्थाको रहेकोले आवश्यक प्रकृया पुरा गरी नियमले तोके वमोजिम जिन्सी प्रतिवेदन अनुसार मर्मत तथा लिलाम कार्य गरी जिन्सी लेखा अद्यावधिक राखेको देखिएन ।  नियमानुसार जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ ।

## सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय

१ **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ अनुसार अर्थ मन्त्रालयको आर्थिक नीति अनुसार पूंजीगत खर्च तेश्रो चौमासिकमा कुल बजेट खर्चको ४० प्रतिशत र आषाढ महिनामा सो को २० प्रतिशतभन्दा वढी खर्च गर्न नपाउने व्यवस्था रहेकोमा सो बिपरितसमेत तेस्रो चौमासिकमा ७७.३८ र आषाढमा ४३ प्रतिशत खर्च भएको गरेको छ । यस्तो खर्च प्रक्रियाले कार्यक्रम संचालन गुणस्तरीय तथा प्रभावकारी हुन नसक्ने भएकोले सुधार हुनुपर्दछ ।

२ **अनुगमन मूल्याङ्कन:** कार्यालयवाट प्राप्त विवरण अनुसार कार्यालयको कार्यक्षेत्र वाके जिल्ला भित्र ०७२।०७३ मा १६ दर्ता भई जम्मा ४११ सहकारी रहेकोमा ३३ वटा खारेज भई ३७८ कायम रहेको देखिन्छ । ऐनको दफा ३४ र ३५ अनुसार वार्षिक ३३६ वटा सहकारी संघ संस्थाहरुमा लेखापरीक्षणको लागी स्वीकृत दिएकोमा १८९ ले मात्र लेखारीक्षण गराई कार्यालयमा प्रतिबेदन दिएको छ । कार्यालयले अनुगमनलाई प्रभावकारी वनाई नियमानुसार संचालन हुन नसकेका वा नगरेका सहकारीहरुलाई आवश्यक कारवाही गरी सर्वसाधारणको वचत तथा सुविधालाई सुरक्षा प्रदान गर्नेतर्फ अग्रसर हुनुपर्ने देखिन्छ ।

४ **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार मुल्य खुलाई आम्दानी वाध्ने तथा काममा आउन नसक्ने सामान लिलाम बिक्री गर्नुपर्ने देखिएकोले मुल्य नखुलाई आम्दानी वाधेका सामानको मुल्य खुलाई आम्दानी वाध्ने, मर्मत गर्नुपर्ने मालसामान समयमा नै मर्मत गर्नुपर्ने र मर्मत गरी प्रयोगमा ल्याउन नसकिने मालसामान लिलाम विक्री गरी जिन्सी व्यवस्थापन गरिनु पर्दछ ।

५ **पेश्की वाकी:** कार्यालयले प्रदान गरेको पेश्की मध्ये आर्थिक वर्षको अन्त्य सम्ममा पनि रु १० लाख ७१ हजार पेश्की फछ्र्यौट हुन वाकी रहेको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

६ **असुल:** तालिम हल तथा पुस्तकालय भवन निर्माण गर्न एक निर्माण व्यवसायी सेवालाई विमाको रकम विल भन्दा बढी भुक्तानी गरेको रु.३ हजार असुल गर्नुपर्दछ ।

## साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना

१ **लक्ष्य तथा प्रगति:** कार्यालयबाट यो वर्ष विभिन्न १०५ वटा कार्यक्रम संचालन गर्नेगरी रु.३१ करोड ६० लाख ५९ हजार बजेट व्यवस्था भएकोमा सोकेसिङ्ग तालिम, आलु, मसुरो, सेवाप्रदायक मार्फत पोष्ट र

हार्भेष्ट तालिम, लगायतका कार्यक्रम वाहेक अन्य कार्यक्रम संचालन गरी शत प्रतिशत प्रगति भएको वार्षिक प्रगति प्रतिवेदन पेश भएको छ ।

बजेट व्यवस्था अनुसार यो वर्ष भौतिक प्रगति ८७.७४ प्रतिशत वित्तिय तर्फ ७१.०२ प्रतिशत बार्षिक प्रगति प्रतिवेदन पेश भएको भएतापनि संचालित कार्यक्रममा लक्ष्य अनुसार भौतिक प्रगति हुन नसकेको र कतिपय कार्यक्रमहरु संचालन नै हुन नसकेको कारण स्पष्ट छैन । वार्षिक कार्यक्रम स्वीकृत भई वजेट व्यवस्था भएको अवस्थामा कार्यक्रम संचालन गरेर शत प्रतिशत प्रगति गर्ने व्यवस्था गरिनुपर्दछ ।

२ **कार्यप्रगती:** आयोजनाको हालसम्मको प्रगती सूचक अनुसार आयोजना अवधि ८० प्रतिशत व्यतित भैसकेको छ भने भौतिक प्रगतीतर्फ ६१.७ प्रतिशतमात्र प्रगति भएको छ । यसैगरी आयोजनाले सम्पन्न गर्नुपर्नेमध्ये ८४.५ प्रतिशत मात्र क्रियाकलापहरुको संभ्फौता गरेकोमा थप समयमा सवै कार्य सम्पन्न गर्नसक्ने अवस्था देखिएन ।

३ **बजेट निष्कृय:** यस आयोजनाको लागि बार्षिक स्वीकृत बजेट अनुसार चालु तथा पूजिगत खर्चमा स्वीकृत कार्यक्रम संचालन नगरी रु.११ करोड ३१ लाख ८४ हजार बजेट निष्कृय वनाएको देखियो । कृषकहरुको आयस्तर वृद्धि गर्ने कार्यको लागि अनुदान रकम निष्कृय हुन नदिने व्यवस्था गरिनुपर्दछ ।

५ **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० (१) अनुसार अनुसुची १ बमोजिम स्वीकृत कार्यक्रममा चौमासिकगत खर्च नगरेर पूजिगत खर्चतर्फको सम्पुर्णखर्च तेश्रो चौमासिकमा रु ११ लाख ९४ हजार खर्च गरेको देखियो । विनियोजित बजेट समानुपातिक रुपमा कार्यक्रम सञ्चालन हुने व्यवस्था गरिनुपर्दछ ।

६ **संस्थाको अनुगमन:** आयोजनाले यो वर्ष आयोजनालाई सहयोग पुऱ्याउने भनि नियुक्ति गरेका गैर सरकारी संस्थाहरुलाई रु.८ हरोड ७५ र गतवर्षको समेत हालसम्म रु.२८ करोड ४४ लाख ३६ हजारभुक्तानी दिएको छ । योजनालाई सफल पार्न सहजकारी भुमिका खेल्ने गैर सरकारी संस्थाले के कसरी योजनाको व्यवस्थापन गरेको हो सोको स्थिति प्रतिवेदन पेश नभएकोले प्रतिवेदन लिई स्थिति मुल्याङ्कन गरिनुपर्दछ ।

७ **असूली:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार विभिन्न १० वटा एफ एम स्टेशनहरुवाट प्रचार प्रसार गर्ने गरी रु.२ लाख २७ हजार भुक्तानी दिएकोमा ८ वटा एफ एमवाट मात्र कार्यक्रम प्रसारण गरेकोमा २ वटाको बढी भुक्तानी भएकोले रु ४५ हजार असूल गर्नुपर्दछ ।

८ **सयुक्त उपक्रमको वील:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८(६) अनुसार भ्यालु चेन मूल्यांकन गर्न एक परामर्शदाता संस्थासँग सम्झौता भएकोमा निजले भूक्तानीको लागि सयुक्त उपक्रमको वील पेश गर्नुपर्नेमा वील वेगर रु २८ लाख २० भुक्तानी गरेको छ । सम्झौता अनुसार विल पेश हुनु पर्दछ ।

९ **असूली:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) अनुसार विज्ञापन सेवा बापत बढी भुक्तानी भएको रु.२ हजार असूल गर्नुपर्दछ ।

१० **सवारी हस्तान्तरण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ बमोजिम एक दिगो विकास समाजलाई एक थान मोटरसाइकल खरीद गरी रु १ लाख ६८ हजार भुक्तानी भएकोले उक्त निकायलाई हस्तान्तरण गरिएको देखिएन । हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्दछ ।

११. **अभिलेख:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ अनुसार आर्थिक कारोबार प्रचलित कानून बमोजिम हुनुपर्ने आम्दानी खर्चका कलमहरुको प्रमाण पुगेपछि स्वीकृत लागत खर्चको सीमाभित्र रही कार्यक्रम सन्चालन गर्नुपर्नेमा खर्च फरक परेको, पेश्की फछ्र्योट, डलर खर्च फरक परेको भनि हिसाब मिलान गरेको हुदा यस्तो प्रवृत्तिमा नियन्त्रण गरी कारोवार गर्दा नै यकिन गरेरमात्र आर्थिक कारोबारको अभिलेख राख्नुपर्दछ ।

१३ **वील भरपाई:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार खर्चको बिल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले एक अधिकृतलाई दैनिक भत्ता वापत रु.७ हजार खर्च लेखेकोमा भुक्तानी भरपाई पेश भएन । खर्चको बिल भरपाई पेश गराउनुपर्दछ ।

१४ **प्रगति:** कार्यक्रम लागू भएका जिल्लामा कार्यरतलाई क्षमता अभिबृद्धिमा अनुशिक्षण कार्यक्रम सञ्चालन गरेवापत कार्यक्रम संयोजक भत्ता, श्रोत व्यक्ति प्रशिक्षण भत्ता, प्रशिक्षण भत्ता भुक्तानीमा करकट्टी गरेको दाखिला प्रमाण पेश नगरेको रकम रु.७ हजार असुल गर्नुपर्दछ । साथै सम्झौताको बुदा नं. ८ मा आर्थिक तथा अन्य प्रगति विवरण पेश गर्नुपर्ने व्यवस्था भएपनि अन्य प्रगति विवरण पेश भएन ।

१५ **असूली:** आयकर ऐन २०५८ को दफा ८९ भुक्तानिमा अग्रीम कर ट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा विज्ञापन तथा अन्य कार्य वापत रकम भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार लाग्ने १.५% अग्रिम कर रु ७२ हजार असुल हुनुपर्दछ ।

आयोजनाको बार्षिक समीक्षा गोष्ठी एक होटलमा सञ्चालन गरेबापत होटललाई रु.१ लाख ९८ हजार भूक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार लाग्ने १.५% अग्रिम कर कट्टी नगरेको रु ३ हजार असुल हुनुपर्दछ । साथै एक कर्मचारी काठमाण्डौ जादाको दैनिक भ्रमण भत्ता वापत खर्च लेखेकोमा बसभाडा दोब्बरभाडा भनी रु २ हजार बढी भुक्तानी भएकोले सो रकम असुल हुनुपर्दछ ।

१६ **जिन्सी दाखिला:** आयोजनाको गतिविधी सम्बन्धी वृत्त चित्र तयार गरे वापत एक चलचित्र निर्माण सेवालाई रु.३ लाख ९६ हजार भुक्तानी गरेकोमा जिन्सी दाखिला प्रतिवेदन पेश भएन ।

१७ **कर दाखिला:** एक व्यवसायिक योजनाको स्थलगत प्रमाणिकरणको क्रममा २०७२।०७।०७ देखि ०७।२२ गते सम्म २० संख्या स्थलगत प्रमाणितगरे वापत रु.५२ हजार खर्च लेख्दा अग्रिम कर ४ हजार कट्टी गरि भुक्तानी भएकोमा सो कर दाखिला नगरेको हुदा दाखिला नभएमा असूल हुनुपर्दछ ।

१८ **असूली:** सहकारी तथा ३ समुहलाई कार्यक्रम सञ्चालन गरेवापत रु ६ लाख ५७ हजार भुक्तानी गरेकोमा एक कृषक समुहलाई बढी भुक्तानी भएको रु.१ लाख ५५ हजार को असुल गर्नुपर्दछ ।

१९ **असूली:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार एक सामुदायिक विकास कार्यक्रमलाई रु.११ लाख १७ हजार अनुदान रकम भुक्तानी दिदाको विल भन्दा रु.५४ हजार बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

२० **प्रगति स्थिति:** बार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न ३ प्याकेजमा ३० जना फिलिपिन्स र ८ जना इन्डोनेशीया कृषि सम्बन्धी सुचना तथा जानकारी हासिल गर्न फिलिपिन्सको दैनिक भ्रमण भत्ता र फुटकर खर्च वापत रु.२० लाख ३१ हजार र इन्डोनेशिया जादाको दैनिक भ्रमण भत्ता तथा फुटकर खर्च वापत रु.१२ लाख ९० हजार हवाइ टिकट बापत रु.२८ लाख २ हजार समेत रु.६१ लाख ३१ हजार खर्च लेखेकोमा सो अनुसार अध्ययन तालिमबाट प्राप्तभएको सीप कार्यान्वयन हुनुपर्दछ ।

२१ **प्रतिवेदन:** सार्वजनिक खरीद ऐन २०६३ को दफा ४६ अनुसार परियोजना सञ्चालन म्यानुअल बनाई वेसलाईन अध्ययन गर्न एक परामर्शदातासंग २०७२/२/१८ सम्झौता भएको र सम्झौता अनुसार २ हप्तामा इन्सेप्सन रिपोर्ट दिने भनिए तापनि २०७२/५/६ मा ६३ दिन ढिलागरी प्रतिवेदन दिएकोले समयमा प्रतिवेदन पेश गर्न लगाउनुपर्दछ ।

२२ **करअसूली:** आयकर ऐन २०५८ अनुसार तालिममा पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था भए वमोजिम करकट्टा गरेको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा विभिन्न ४ भौचरवाट करकट्टी गरेको रु.२८ लाख  दाखिला हुनुपर्दछ ।

२३ **प्रमाण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) वमोजिम सरकारी रकम खर्चगर्दा वील भरपाई सहित लेखा राख्नुपर्नेमा आयोजनाले स्वतन्त्र समिक्षकहरु ५८ जनालाई रु.२१ लाख

३५ हजार भुक्तानी गरेकोमा प्रपोजलको रिभ्यूमा लिदा र फिर्ता गर्दा विभिन्न ५ स्वतन्त्र समीक्षकहरुलाई रु.१ लाख ४६ हजार भुक्तानी भएको प्रमाण कागजातका आधार बेगर भुक्तानी गरेकोमा प्रमाण पेश हुनुपर्दछ ।

२३ **पेस्की बाँकी:** गत आर्थिक वर्षको पेश्की वाकी रहेकोमा यो वर्ष पुन मिति २०७०/३/१७ मा रु ५ हजार एक कर्मचारीलाई दिएको पेश्की फछर्योट हुनुपर्दछ ।

२४ **सोधभर्ना नलिएको**: प्राप्त विवरण अनुसार आयोजनाले हालसम्म रु.७१ करोड ६६ लाख ४३ हजार खर्च गरेको मध्येरु.३ करोड ९८ लाख ४५ हजार सोधभर्ना प्राप्त गर्न बाँकी रहेको देखिन्छ । सोधभर्ना प्राप्त गर्न वाँकी रहेको दातृसंस्थावाट यथासिघ्र सोधभर्ना लिनुपर्ने देखिन्छ ।

## सिक्टा सिंचाइ आयोजना

१ **प्रगति स्थिति:** बांके जिल्लाको ४३ हजार हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको यस आयोजनाको सम्भाव्यता अध्ययनअनुसार सुरु लागत रु.७ अर्व ४४ करोड भएकोमा पछिल्लो तेस्रो पटक हेडवर्क्सको बायातर्फ समेत ९ हजार हेक्टर थप सिंचाइ क्षेत्र समावेश गरी २०७१ मा आयोजनाको कार्यान्वयन अवधि तथा लागत अनुमान संशोधन गरी रु.२५ अर्व २ करोड र २०७६।७७ सम्म आयोजना सम्पन्न हुने अनुमान गरिएको छ । तीन चरणमा पूरा हुने आयोजनाको पहिलो चरणमा हेडवर्क्स, डिसिल्टिग बेसिन र व्यारेज गेट निर्माण, दोस्रो चरणमा मूल नहर तथा शाखा नहरको काम र तेस्रो चरणमा कमाण्डक्षेत्र विकास सम्बन्धी काम गरिने योजना रहेको छ । आयोजनाको विवरण अनुसार हालसम्म रु.१२ अर्व १ करोड खर्च भएको छ । हालसम्म वित्तीय तर्फ ५२.४७ प्रतिशत र भौतिक तर्फ ४७.६९ प्रतिशत भौतिक प्रगति भएको छ । स्वीकृत गुरुयोजना अनुसार हालसम्म सम्पन्न गर्नुपर्ने कार्यहरु तोकिएको अवधिमा पुरा हुन सकेको देखिएन । निर्माण कार्यमा ढिलाइहुंदा वर्षेनी भएको मूल्यवृद्धि लगायतका कारण आयोजनाको लागत बृद्धि हुँदैजाने र सिंचाइ सुबिधा पुगेपछि प्राप्त हुने अपेक्षा गरिएको लाभवाट बञ्चित हुनपर्ने भएबाट दोहोरो नोक्सानी व्यहोर्नुपर्ने अवस्था सिर्जना हुन जाने देखिन्छ । अत: आयोजनाको बांकी काम सम्पन्न गर्न थप प्रयास हुनुपर्ने देखियो ।

२ **आषाढको खर्च:** कूल खर्चमध्ये तेस्रो चौमासिकमा ६९.०७ प्रतिशत खर्च र आषाढको खर्च मात्रै कुल खर्चको तुलनामा २२.२० प्रतिशत भएको छ । यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च नगरी स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

३ **निर्माण सम्झौता:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २० अनुसार यस वर्ष आयोजनाले गरेको कूल ६ ठेक्का सम्झौतामध्ये २ वटा दोस्रो चौमासिकमा र ४ वटा तेस्रो चौमासिकमा सम्झौता भएको देखिन्छ । ढिला गरी ठेक्का संझौता भएको कारण सो आर्थिक वर्षमा सम्झौता पछि पेश्की प्रदान गर्ने कार्यमात्र भई काम शुरु गरेको देखिएन ।

४ **कार्य विवरण:** कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार भएको देखिएन ।

५ **कार्यक्रम खर्च**: यो वर्ष क्षतिग्रस्त सिंचाई प्रणालीको निर्माण, स्वदेशी प्राविधिक सहयोग वातावरणीय प्रभाव, पार्टिशन मर्मत, मोटरसाइकल खरिद लगायतमा रु.७ करोड ५ लाख बजेट भएकोमा कुनै पनि कार्य गरेको छैन । बजेटमा रकम समावेश गर्ने तर खर्च नगरेको हुदा स्वीकृत कार्यक्रम समयमा सञ्चालन गर्नुपर्दछ ।

६ **बातावरणीय परीक्षण:** वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ मा तोकेअनुसार यस आयोजना १० वर्ष पहिले शुरुवात भएतापनि हालसम्म पुर्वि नहरको वातावरणीय मुल्यांकन नगर्दा आयोजना सञ्चालनमा ढिलाइ भएको छ ।

७ **विड डकुमेन्ट:** कार्यालयमै विड डकुमेन्ट खरिद गर्न इच्छुक वोलपत्रदातालाई बिक्री गर्नका लागि कार्यालयले तयार गरेको बोलपत्रमध्ये कति बिक्री भई कति बांकी छ अभिलेख राखेको देखिएन । कार्यालयले अभिलेख तयार गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

८ **डोर हाजिरी:** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता (म.ले.प.फा.नं. १७५) राख्ने गरेको छैन । प्राप्त डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा कार्यालयमा के कति डोर हाजिरी फारामहरु को–कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन ।

९ **कार्यतालिका**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार कार्यतालिका अनुसार प्रगति भए नभएको नियमित अनुगमन मुल्यांकन गरि कार्यतालिका अनुसार काम गर्ने गराउने तर्फ यथोचित प्रयास भएको देखिदैन ।

१० **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ५०(३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मोटरसाइकल, विविध मेजरिङ टेप, स्वाइल टेष्टिङ इक्यूपमेन्ट, वाकम ग्राफिक्स टेवलस, लिलाम तथा मर्मत सम्वन्धी कार्यवाही अघि नबढाएको कारण यो वर्षको जिन्सी निरीक्षण प्रतिवेदनको सुझावहरुको व्यहोरामा पुनरावृत्ति भएको छ ।

११ **खरिद कार्यमा प्रतिस्पर्धाको स्थिति:** आयोजनाले यो वर्ष गरेको ४ वटा खरिद सम्झौतामध्ये जीप खरिद कार्य र पिकअप खरिद कार्यमा लागत अनुमान कै हाराहारीमा ठेक्का सम्झौता भएको देखियो । प्रतिस्पर्धा सीमित नहुने गरी खरिद कार्य गर्दा मितव्ययी र गुणस्तरीय कार्यसमेत हुने भएकोले यसतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

१२ **सिंचाइ इन्भेन्ट्री खाता:** आयोजनाले आप्नो क्षेत्रभित्र निर्माणाधिन सिंचाइ आयोजना र सोसंग सम्वन्धित साइफन, ओभरहेड व्रिज लगायतको लगत अद्यावधिक गरी राख्नुपर्दछ । तर आयोजनाले यस प्रकारको लगत राखेको पाइएन । लगत दुरुस्त अवस्थामा राख्नुपर्ने देखिन्छ ।

१३ **कार्य विवरण:** निजामती सेवा ऐन २०४९ को दफा अनुसार आयोजनामा कार्यरत कर्मचारीहरुलाई ऐनमा व्यवस्था भए अनुसारको कार्य विवरण दिएको पाइएन । ऐनमा व्यवस्था भए अनुसार कार्य विवरण वनाई लागु गर्नुपर्दछ ।

१४ **मर्मत सम्भार**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३७(च) बमोजिम धरौटी फिर्ता दिंदा सम्बन्धित प्राविधिकबाट लेखी दिएको आधारमा भुक्तानी दिने गरेबाट वास्तविक मर्मत सम्भार गर्नुपर्ने काम समयमा नै निर्माण व्यवसायीले गरेको छ भन्ने अवस्था छैन । मर्मत सम्भार अवधिमा कुनकुन निर्माण कार्य गर्नुपर्ने हुन्छ सोको अभिलेख राखी समयमै अनुगमन मुल्याकन गरी त्रुटी देखिए मर्मत सम्भार गर्ने व्यवस्था गराउनु पर्ने देखिन्छ ।

१५ **म्याद थप:**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ बमोजिम यो वर्ष ३ ठेक्काको ५० प्रतिशत र २ ठेक्काको शतप्रतिशत म्याद थप गरेको छ । त्यसरी म्याद थप योजनाको लागि हालसम्म रु १ अर्व ३१ करोड भुक्तानी भएको हुदा कार्यतालिका अनुसार काम भए नभएको प्रगति अनुगमन गर्ने, गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्ने, सम्झौता कार्यान्वयनको आवधिक प्रतिवेदन एकतह माथिको अधिकारी समक्ष पेश गर्ने लगायतका कार्य गरेको पाईएन ।

१६ **गुणस्तर परीक्षण**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ अनुसार कार्यालयले गुणस्तर परीक्षणका प्रमाण लिएपनि प्राप्त रिपोर्टलाई कार्यालयले प्रमाणित गरेको पाईएन । अन्तर्राष्ट्रिय ठेक्कामा निर्माण स्थलमानै प्रयोगशाला स्थापना भएतापनि प्रयोगशालाबाट प्राप्त नतीजालाई अन्य प्रयोगशालाबाट छड्के परीक्षण गराएको देखिएन । गुणस्तर परीक्षणका नतिजा प्रमाणित गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

१७ **मुआब्जा**: आयोजनावाट प्राप्त विवरण अनुसार सिधनिया शाखा नहर र मुल नहरको जग्गा अधिग्रहण गर्न आयोजनाले कुल ४४० हेक्टर जग्गा अधिग्रहण गर्ने लक्ष्य रहेकोमा हालसम्म ९२.८ हेक्टर (२१.१ प्रतिशत) मात्र अधिग्रहण गरी जग्गा खरिद तथा मुआब्जा वितरणमा यो वर्ष रु ३७ करोड ४४ लाख समेत हालसम्म रु ५७ करोड ४४ लाख खर्च भएको छ । हालसम्म मुलनहरसम्म मुआब्जा वितरण भएतापनि ५२ कि.मि पूर्वीनहर तथा शाखा नहरको मुआब्जा वापत करोडौ रकम मुआव्जा वापत

तिर्नुपर्ने अवस्था छ । यो योजना निर्माण शुरु गरेपछि जग्गा किनवेचमा वृद्धि भै मुआव्जा दर बढाउने कार्य भएको अवस्थामा पनि यसतर्फ थप कुनै योजना लागु गरेको पाईएन ।

१८ **नहरमा क्षति:** ठेक्का सम्झौता अनुसारको काम भएपछि आयोजनालाई हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले २ वर्षसम्म डिएलपीमा राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यवसायी मार्फत नै सच्याई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए बमोजिम चेनेज १७+७०० देखि ३५+००० को मूल नहर तथा नहरमा पर्ने संरचनाको निर्माण कार्य एक निर्माण व्यवासायीसंग २ अर्ब ११ करोड ७६ लाखमा २०६८।९।६ मा शुरु गरी २०७१।९।१३ सम्ममा सम्पन्न गर्नुपर्नेमा २०७१।१२।५ मा सम्पन्न भएको छ । सम्झौता अनुसार २ वर्ष त्रुटि सच्याउने अवधिशुरु भएको छ । यसरी निर्माण गरिएको मूल नहरको परीक्षण२०७३ आषाढ १३ गते गर्ने क्रममा झिझरी खोला एक्वीडक्टको दाया भागको वाहिरी स्लोपको नहर लाईनिंग तथा साथै रहेको भि.आर.वि.को उत्तर तर्फको वाल समेत भत्किन गएको थियो । आयोजनाले २०७३ असार १४ मा मर्मत गर्न निर्देशन दिए अनुसार हाल पुन: निर्माण भएको छ । सो सम्वन्धमा स्थलगत निरीक्षण गर्दा हालसमेत टर्फिन उप्केको, नहरको अन्य संरचना चर्केको, साइड वाल थप क्षतिग्रस्त हुने अवस्थामा रहेको, ढलान तथा स्ट्रक्चरको अन्य क्षेत्रमा समेत मर्मत गर्नुपर्ने अवस्था देखियो । नहरका वांकी संरचनासमेत जोखिमयुक्त हुनसक्ने हुदा आवश्यक मर्मत तथा पुन: निर्माण गरेर नहर सञ्चालनमा ल्याउनुपर्दछ ।

१९ **भेरिएशन:** आयोजनाको हेडवर्क्समा गेट लगायत हाइड्रो मेकानिकल कार्यको लागत अनुमान रु १ अर्व ९६ करोड रहेको मध्ये अर्न्तराष्ट्रिय बोलपत्रबाट घटी कवोलवाला एक निर्माण व्यवसायीसंग रु ९६ करोड ६१ लाख ४९.३८ प्रतिशत घटीमा कार्य गर्ने गरी सम्झौता गरेको छ । २०६९।१२।७ मा भएको सम्झौताअनुसार ठेक्का अवधि कार्य शुरु गरेको दिनबाट ९०० दिन अर्थात् २३ सेप्टेम्वर, २०१५ सम्म ठेक्का म्याद राखी निर्माण कार्य गरेको छ । यस कार्यको लागि डिजाइन एण्ड विल्ड अवधारणा अर्न्तगत निर्माण व्यवसायीबाट ड्रइङ्ग गराइ परामर्शदाताबाट चेक गरी आयोजनाबाट स्वीकृत भएपछि मात्र निर्माण गर्ने गरी विभागबाट कार्यान्वयन गर्ने व्यवस्था भए अनुसार निर्माण कार्य गरेकोमा आइपिसि २३ सम्म रु ६३ करोड ९४ लाख भुक्तानी भएको देखिन्छ । डिजाइन एण्ड विल्ड अवधारणा अर्न्तगत निर्माण व्यवसायीबाट ड्रइङ्ग गराइ परामर्शदाताबाट चेक गरी आयोजनाबाट स्वीकृत भएपछि निर्माण कार्य भएकोमा पूर्वानुमान गर्न नसकिएको परिस्थितिको पर्याप्त पुष्ट्याई बेगर रु १३ करोड ६२ लाख ९७ हजार भुक्तानी खर्च लेखेको छ । सीमाभित्र रहेर भेरिएसन भएको कार्यालयको भनाईछ ।

२० **सटही दायित्व:** निर्माण व्यवसायीसंग भएको खरिद सम्झौता अनुसार बिल रकमको ६० प्रतिशत स्थानीय मुद्रामा र ४० प्रतिशत रकम विदेशी मुद्रा अमेरिकी डलरमा भुक्तानी दिने व्यवस्था भए अनुसार रु.८९।५० लाई आधार मानी विदेशी मुद्राको परिमाण हिसाव गर्ने गरिएको छ । विदेशी मुद्रा एक्सचेन्ज लस भुक्तानी गर्दा हालसम्म रु ३ करोड ५१ लाख ८६ हजार थप खर्च लेखिएको छ ।

२१ **विनिमय घाटा:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था भएकोमा विनिमय घाटाको रकमबाहेक जारी गरेको विलको आधारमा रु १ करोड ५१ लाख १२ हजार भुक्तानी दिएबाट खर्च रकम नियमित देखिएन ।

२२ **सवारी साधन:** हेडवर्क्स निर्माण कार्यको लागि रु २ करोड १ लाख ६० हजार भुक्तानी गर्ने गरी सम्झौता भएकोमा रु २ करोड २० लाख ५८ हजार भुक्तानी भएकोले सम्झौतामा उल्लेखित रकम भन्दा बढी भुक्तानी गर्न मिल्ने आधार पेश हुनुपर्दछ ।

२३ **भेरिएशनः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५३ अनुसार बमोजिम भेरिएशनको प्रयाप्त अवस्था र कारण वेगर विगत वर्ष देखि सञ्चालित विभिन्न ३ योजना सम्पन्न गर्न रु १ अर्व १२ करोडको सम्झौता भएकोमा रु १ अर्व ३० करोड भुक्तानी गरेको छ ।

२४ **मूल नहर निर्माणः** मूल नहरको चेनेज नं. ३५+००० देखी ४५+२५० सम्म मुल नहर निर्माण कार्यको लागि लागत अनुमान रु १ अर्व ४२ करोड ४९ लाख ६ हजार रहेकोमा सवैभन्दा घटी कवोलवाला एक निर्माण व्यवासायीको रु १ अर्व ४२ करोड १२ लाख ६५ हजार (०.२६ प्रतिशत घटी) लाई २०७२।२।२१ मा स्वीकृत भएको छ। सम्झौता अनुसार सम्झौता भएका मितिले ९०० दिन भित्र सम्पन्न गर्ने व्यवस्था भए अनुसार अन्तरिम भुक्तानी विलवाट कुल रु ४४ करोड ९६ लाख ५३ हजार भुक्तानी भएको छ। त्यस्तै निर्माण कार्य २०७२।२।३२ मा सम्झौता भई कार्य शुरु भएकोमा २०७३।१।२२ मा विल पेश गरी ढिला गरी पेश गरी पछाडीको मूल्य समायोजन वापतको रकम लिने अवस्था रहेको देखिन्छ। १० प्रतिशत भन्दा घटीको पनि मूल्य समायोजन भएको भनी भुक्तानी दावी रकम रु.६ लाख २४ हजार सम्वन्धमा कार्यालयले थप कारवाही गरेको पाइएन । साथै प्रथम रनिङ्ग बिलबाट सर्वे उपकरणको लागि रु.२२ लाख १७ हजार भुक्तानी भएकोमा रु.८ लाख ३० हजारको स्टोर दाखिला प्रमाण पेश भएन ।

२५ **निर्माण अवस्थाः** डुडुवा सिंचाई आयोजना अन्तर्गत मुल नहर चेनेज नं. ०+००० देखि २३+२०० सम्म र सिक्टा लिङ्क नहर निर्माण तथा मुहान मर्मत कायं गर्न एक निर्माण व्यवसायीसंग रु ९८ करोड ८१ लाख १८ हजार (३७.३९) प्रतिशत घटीमा कार्य गर्न २० जुन २०१६ मा भएको सम्झौतामा उक्त कार्य १८ अक्टोवर २०१८ भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था भए अनुसार रु ८ करोड ३२ लाख ७४ हजार पेश्की उपलब्ध गराएको छ। तरहालसम्म निर्माण कार्यको सम्झौता मितिले २३३ दिन वितिसकेकोमा माटो कटान कार्य मात्र गरेको छ । हाल रु.८ करोड भन्दा बढी पेश्की लगेको अवस्थामा कार्य शुरु नभएको कारण समेत उल्लेख नभएबाट नियमानुसार आवश्यक कारवाही हुनुपर्ने देखियो ।

२६ **परामर्श सेवाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(क) अनुसार ४ परामर्शदातावाट सेवा लिई गत वर्षसम्म रु ४ करोड ४२ लाख भुक्तानी गरेकोमा यो वर्ष रु २ करोड २२ लाख ५९ हजार भुक्तानी खर्च लेखेको छ । कार्यालयको जनशक्तिबाटै गर्न नसकिने आधार पेश नभएकोले पेश हुनुपर्दछ ।

२७ **कार्य तालिकाः** प्राप्त विवरण अनुसार ६ वटा ठेक्काको रु ४१ करोड १७ लाखको सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति समाप्त भैसकेकोमा २५ देखि ६० प्रतिशतसम्म मात्र कार्य सम्पन्न गरेको पाइयो। काम ढिलो हुँदा हेडवर्क्सको गेट निर्माण पश्चातपनि पानी संचालन नहुने स्थिति देखिन्छ। ढिला काम गर्ने निर्माण व्यवसायीलाई सम्झौताका शर्त अनुसार कारवाही गरी काम सम्पन्न गराउने तर्फ आयोजनाले सक्रियता अपनाउनु पर्ने देखिएको छ ।

२८ **परामर्श सेवातर्फः** एक परामर्शदातासंग ९ जुलाई २०१५ (२४ असार २०७२) मा भएको सम्झौता अनुसार मु.अ.कर समेत रु १९ लाख २६ हजार ३० महिना निर्माण अवधि र १२ महिना डिएलपी समयको लागि नियुक्त गरेको छ। यो वर्ष हालसम्म १० नं.बिलवाट तलव रु ३१ लाख ८० हजार र फिक्ड लमसपतर्फ रु २ लाख २९ हजार समेत रु. ५४ लाख ७२ हजारमा मु.अ.कर रु ७ लाख ११ हजार समेत रु ६१ लाख ८३ हजार भुक्तानी भएको छ। निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारी साधनको भाडा समावेश गरी सवारी साधन भाडावापत रु ११ लाख २० हजारभुक्तानी गरेको छ । स्वीकृत नीति भित्र रही खर्च गर्नुपर्दछ ।

२९ **असुलीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) अनुसार सरकारी रकम खर्च गर्दा वील भरपाई साथ लेखा राख्नुपर्ने भन्ने व्यवस्था रहेको छ। प्राप्त विल भरपाई अनुसार हवाई जहाज भाडा वापत रु २७ हजार दावी गरेकोमा टिकट पेश नभएको तथा विभिन्न परामर्श दाता ५ एक्सपोर्ट

र ५ सहयोगी स्टाफलाई मासिक रु ५० हजार देखि १ लाख २ हजारसम्म गरी यो वर्ष रु ३१ लाख ८१ हजार पारिश्रमिक भुक्तानी गरेकोमा आयकर ऐन २०५८ अनुसार पारिश्रमिक सामाजिक सुरक्षा कर रु ३ लाख १८ हजार र अर्को परामर्शदातालाई भुक्तानी गरेको रकममा अग्रिम कर रु ३ लाख ६७ हजार कट्टा गरेको प्रमाण पेश नभएको हुदा असुल हुनुपर्दछ ।

३० **परामर्शदाताः** यस आयोजनाको हेड वर्क्समा मेकानिकाल सम्वन्धी कार्य अन्तराष्ट्रिय स्तरको निर्माण व्यवसायीवाट गराउने कार्य एक निर्माण व्यवासायीबाट गराउने व्यवस्था भए अनुसार अर्थ मन्त्रालयको स्वीकृती वेगर सवारी साधन उपलब्ध गराए वापत आइ पि सी २० देखि २९ औ सम्म रु ९ लाख ५० हजार भुक्तानी गरेको छ । स्वीकृत सीमा भित्र रही खर्च गर्नुपर्दछ ।

३१ **भेरिएशनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ (१) (क) बमोजिम प्राविधिक पुष्टयाई गरी भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्था भएकोमा आयोजनाले पुष्टयाई वेगर सुरु सम्झौता रु २ करोड ४ लाख ५५ हजार भएकोमा रु २० लाख २६ हजार भेरिएशन गरी भुक्तानी गरेकोमा कारण पेश हुनुपर्दछ ।

३२ **प्राविधिक परीक्षणः** आयोजनाले मूलनहर, शाखा नहर एवं हेडवर्क्सको गेट निर्माणको अतिरिक्त कमाण्ड क्षेत्र संरक्षण लगायतका काम विभिन्न खरिद सम्झौता मार्फत गराउदै आएको छ । प्राविधिक परीक्षणको प्रतिवेदनले औल्याएका मध्ये हेडवर्क्सको गेट निर्माण गर्न भएको खरिद सम्झौता अनुसार निर्माण व्यवसायीले राप्ती नदीमा निर्माण गरेको स्पर नं २ तोकिएको स्पेसिफिकेशन अनुसार नभएको, गेट च्यानलको बाहिरी कंक्रिट कार्य तोकिए अनुसार सम्पन्न नगरेको, कमजोर कार्यक्षमता र कार्यमा हेलचेक्राई गरेको उल्लेख गरेबाट निर्मित संरचनाको दिगोपनमा असर पर्ने देखिएकोले यसमा सुधार हुनुपर्ने देखिन्छ ।

३३ **सहभागीः** डिप्लोमा इन्जिनियर एशोशियन नेपालले एक कार्यक्रममा सहभागीहरुको लागि प्रतिव्यक्ति रु.५०० का दरले सहभागिता शुल्क वापत ५० हजार र एक अर्को कार्यक्रममा भागलिन रु ४ हजार सिचाई विभागको पत्रको आधारमा सहभागीको विवरण वेगर भुक्तानी गरेको देखियो ।

३४ **पाइप उपयोगः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७(१) अनुसार आयोजनाले वागेश्वरी हयूम पाइप विद्युत पोल उद्योग प्रा.लीवाट १० थान एन पि ३ एम एमको पाइप भुक्तानी दिएको रु.६५ हजारको खरीद प्रयोजन एकिन भएन ।

३५ **असुलः** जिल्ला वन कार्यालय मातहतको एक इलाका वन कार्यालयको अतिक्रमित तथा खाली क्षेत्रमा वृक्षारोपण कार्य गर्नका लागि रु ४ लाख ७९ हजार भुक्तानी दिएकोमा दोहोरो इन्धन वापत खर्च लेखेको रु १०,०००।- असुल गर्नुपर्दछ ।

३६ **खर्च आधारः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(क) वमोजिम एक निर्माण व्यवासायीसंग भएको सम्झौताबाट वाढी पहिरोवाट मूल नहर भत्केकोले सो कार्य गर्नका लागि सम्झौता भई छैटौ विल भुक्तानी गर्दा थप पेश्की भनि रु ३८ हजार दिएकोमाथप पेश्की दिन मिल्ने स्पष्ट प्रमाण पेश भएन ।

३७ **कर विजकः** सार्वजनिक खरिद नियमावली २०६४ ले परामर्शदातावाट सेवा खरीद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । आयोजनाले एक परामर्श कार्य लिनका लागि रु ८ लाख १० हजार सम्झौता भई गत आर्थिक बर्षमा ४ लाख ३० हजार भुक्तानी भएकोमा यस वर्ष भुक्तानी भएको रु ३ लाख ८० हजारको मुल्य अभिवृद्धिकर विजक विल वेगर भुक्तानी दिएकोले मुल्य अभिवृद्धिकर समायोजन प्रमाण पेश हुनुपर्दछ ।

३८ **मूल्य समायोजनः** आयोजनाको पहिलो शाखा नहरको संरक्षण कार्य गर्न एक निर्माण व्यवसायीसंग रु १२ करोड ४२ लाख ३३ हजार ( मुल्य अभिवृद्किर सहित) सम्झौता भई २०७३ जेठ ३० गते सम्ममा कार्य सक्नेगरी कार्यदेश दिए अनुसार तेश्रो विलसम्ममा मुल्य समायोजन वापत रु १५ लाख ५२ हजार

भुक्तानी गरेको छ । त्यस्तै अर्को व्यवसायीलाई रु १ लाख ८४ हजार र रु १ लाख ९४ हजार भुक्तानी दिएकोमा निर्माण व्यवसायीले तोकिएको समय भित्र काम नगरेको अवस्थामा मूल्य समायोजन वापत भुक्तानी दिएको नियमित देखिएन ।

३९ **छुट भुक्तानी:** एक निर्माण व्यवसायीको भुक्तानि हुन छुटभएको भनि रु २ लाख मुल्य समायोजनको रकम भुक्तानी भएकोमा समयमा कार्य सम्पन्न नभएको अवस्थामा मूल्य समायोजन भुक्तानी गरेको नियमित देखिएन ।

४० **भुक्तानी:** आयोजनाको पहिलो नहर कार्यकोलागि एक निर्माण व्यवसायीसंग भएको सम्झौता वमोजिम एकमुष्ट वीमा वापतको रकम रु.८ लाख ६० हजार वि.ओ.क्यूमा समावेश भएको रकम निजले रु.४ लाख १२ हजार बिल पेश भै रु.८ लाख ६० हजार भुक्तानी भएकोमा नपुग बिलपेश गर्नुपर्दछ ।

४१ **असुल:** राप्ती, डुण्डुवा, परुवा लगायतका खोलाहरुमा संरक्षण कार्यको लागि एक निर्माण व्यवसायीसंग लागत अनुमान भन्दा २७.३० प्रतिशतले घटी रु ४ करोड १६ लाख ५५ हजार मा सम्झौता भएकोमा निर्माण व्यवसायीले वि.ओ क्यूमा समावेश भएको वीमा वापतको रकम रु ४ लाख ६५ हजार भएकोमा वीमा वापतको रकम समेत भुक्तानी भएकोमा निजले विमा तिरेको ३ लाख ७८ हजार वीमा बिल पेश भएकोमा वील भन्दा बढी भुक्तानी भएको रु ८७ हजार असुल गर्नुपर्दछ ।

४२ **बढी भुक्तानी:** कमाण्ड एरीया संरक्षण कार्यका लागि एक निर्माण व्यवासायीसंग भएको सम्झौता बमोजिम निजले मिति २०७३।०२।३० मा जारी गरेको बिजकबाट रु.९६ लाख ५८ हजार भुक्तानी हुनुपर्नेमा रु.९६ लाख ९४ हजार भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.३४ हजार असुल पर्दछ ।

४३ **आयोजनाको अवस्था:** आयोजनाको मूल नहर निर्माणको अवस्थाको स्थलगत निरीक्षण गर्दा नहरको माटोको संरचना कमजोर रहेको हुदा कंक्रिटका कार्य समेतमा असर पर्न सक्ने देखिएको छ । साथै एकुडक्टको एप्रोच फिलिङ, टर्फिङ र बायो इन्जिनियरिङको काम बाँकी रहेको, चटार एरियाको सर्भिस रोडमा ग्राभेलिङ नगरेको टर्फिङ र बायो इन्जिनियरिङको काम बाँकी रहेको देखियो । बायो इन्जिनियरीङ्ग भै सकेको भनिएकोमा हाल पानीले बगाएर लगेको, हेड वर्क्सको कार्य सम्पन्न भनिएता पनि अटोमेटेड मेशीन जडान कार्य भै रहेको अवस्थामा देखियो । नियमानुसार निर्माण एवं मर्मत कार्य सम्पन्न गर्नु पर्दछ ।

४४ **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार विगत वर्षको पेश्की पूजीगततर्फ म्याद नाघेको रु ४ करोड ६३ लाख २ हजार र म्याद ननाघेको रु ५१ करोड ५३ लाख ९ हजार र चालु तर्फ रु २९ हजार समेत रु ५६ करोड १६ लाख ४० हजार पेश्की वाकी छ । आर्थिक वर्षको अन्त्यसम्म रु ९ करोड ४१ लाख ९२ हजार पेश्की फछ्यौंट हुन बाँकी रहेकोले नियमावलीको व्यवस्था बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ ।

## स्थानीय विकास कोष समितिको सचिवालय

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक मूल्याङ्कनबाट खरिदको गुरु योजना तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, भुक्तानी भएका सबै बिल भपाईमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरीराख्नु पर्नेमा सो अनुसार नगरेको, तोकेको ढांचामा अर्थात अनुसूची ६ को ढांचामा भ्रमण अभिलेख नराखेको, चल्ती मेसिन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख नराखेको जस्ता व्यहोराहरु कार्यान्वयन भएको पाईएन ।

२. **हिसाव मिलान:** आ.व. को अन्त्यमा कर्मचारी कल्याण कोष शीर्षक अन्तर्गत वैंक नगदी किताव अनुसार रु २ लाख ५५ हजार बाँकी देखिन्छ भने बैंक स्टिम्मेट अनुसार रु २ लखा ५८ हजार देखिएकोले फरक रकम रु ३ हजार हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

३. **इन्धन खर्चः** कार्यालयले विभिन्न मितिमा इन्धन खर्च, सवारी मर्मत खर्च भुक्तानी गरेको छ । कार्यालयमा रहेका सवारी साधनको इन्धन खर्चको सवारी लगबुक म.ले.प.फा.नं. १, सवारी साधन मर्मतको म.ले.प.फा.नं. २ अद्यावधिक गरी खर्च लेख्नुपर्नेमा सो अनुरुप भएको पाइएन । सवारी साधनको लागि प्रयोग हुने मर्मत तथा इन्धन खर्च सम्वन्धी अद्यावधिक विवरण तयार गरी प्रमाणित गराई राख्नुपर्दछ ।

४ **अनुगमन खर्चः** स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६ मा खर्चको पुष्ट्याई र प्रमाण सहितको श्रेष्ता हेर्नुपर्ने व्यवस्था छ । कार्यालयले अनुगमन खर्च गर्दा वास्तविक खर्चमा आधारित भएर लेख्नुपर्दछ ।

**५** **गरीवी निवारण कोष :** यस कार्यक्रम उढरापुर, महादेवपुरी, बनकटि, बैजापुर, विनौना, गंगापुर र मटेहिया गाऊ विकास समितिमा गरीवी निवारण कोष कार्यक्रम कार्यान्वयन भएको देखिन्छ । कोषबाट सामाजिक परिचालन, क्षमता विकास र अनुगमन मूल्यांकन शीर्षकमा रु १९ लाख ५३ हजार बजेट स्वीकृत भई कार्यान्वयन भएको देखिन्छ । कार्यकम संचालनबाट देखिएको असरवारे मूल्यांकन गरी सो को आधारमा सुधार हुनुपर्दछ ।

६ **पेश्की :** लेखा व्यवस्थापन तालिमका लागि आ.व. २०७२।७३ मा उपलब्ध गराएको पेश्की आ.व.को अन्तसम्म पनि पेश्की फछ्र्यौट नगरेको हुदा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९० बमोजिम पेश्की फछ्र्योट गर्नुपर्ने देखिन्छ ।

७ **गरीवसँग विश्वेश्वर कार्यक्रम** : गत विगत आ.व. देखि हालसम्म ६ विभिन्न गा.वि.स.का समुहहरुको ऋणतर्फ लगानी गरिएको रकम हालसम्म पनि असुल उपर हुन नसकेकोले निजहरुबाट कोषको विनियमावली बमोजिम व्याज र हर्जाना ६ लाख ९२ हजार असुल गर्नुपर्दछ ।

## शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१ **खरिद योजनाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ उप नियम १ बमोजिम बार्षिक खरिद योजना तयार गरेको पाईएन । अतः नियमावली बमोजिम खरिद योजना तयार गरी खरिद गर्नुपर्ने देखिन्छ ।

२ **अख्तियारी तथा कार्यक्रम**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२(२) अनुसार १५ दिन भित्र अख्तियारी पठाउनु पर्ने व्यवस्था भएकोमा आषाढ महिनामा थप बजेटको अख्तियारी ढिलो गरी पठाइको देखियो ।

३ **चौमासिक खर्च विवरण:** तेस्रो चौमासिकमा मात्र ८ करोड ६४ लाख ५० हजार (६२.७३ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये असार महिनामा १.५३ देखि ९८.२८ प्रतिशतसम्म खर्च भएको छ । काममा गुणस्तरीयता नआउने, वर्षको अन्त्यमा कामको चाप बढ्ने देखिन्छ । यस्तो प्रवृत्तिलाई सुधार हुनुपर्दछ ।

४ **लक्ष्य तथा प्रगति:** यो वर्ष सन्चालित कार्यक्रमहरुमध्ये कतिपय कार्यक्रममा ७५ प्रतिशतभन्दा कम प्रगति भएकोमा सुधार हुनुपर्दछ ।

५ **कार्य सम्पन्न प्रतिवेदन**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार ३१ योजना सञ्चालन गर्न कूल रु. ५४ करोड ७८ लाख ४ हजारको सम्झौता भएको छ तर नियममा भएका उक्त व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन ।

६ **ठेक्का वन्दोवस्ती**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) अनुसार संचालित भएका ४ कार्यहरुको ठेक्का सम्झौता तेस्रो चौमासिकमा मात्र सम्पन्न गरेको छ । नियमको पालना गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

७ **पूर्वनिर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ वमोजिम एक स्वास्थ्य केन्द्र भवन निर्माणको अन्तिम रनिंग विलको रकम एक सयुक्त उपकमलाई भुक्तानी गर्दा रु.३४ लाख ६१ हजारको २४ दिनको ०.०५ प्रतिशतले हुने रकम रु.४ लाख १५ हजार म्यादथप प्रमाण पेश नभएकोले असुल गर्नुपर्ने देखिएको छ ।

८ **असुल:** एक स्वास्थ्य केन्द्र भवन निर्माणकार्यको एक निर्माण सेवालाई छैठौ रनिंग विल भुक्तानी गर्दा वढी भुक्तानी भएको रु १ लाख ३० हजार रकम असुल गर्नुपर्दछ ।

९ **विमा विल:** एक स्वास्थ्य केन्द्र भवन निर्माणकार्यको अन्तिम रनिंग विलबाट एक सयुक्त उपकमलाई बिमा वापत रु १ लाख भुक्तानी गर्दा विमाको विल समावेश भएको देखिएन ।

१० **बिमा अवधि:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम ठेक्का सम्झौता गर्दा विमा सम्बन्धि प्रावधान राखेको तर विगत बर्षदेखि संचालनमा रहेका ३ आयोजनाको वीमानै गरेको छैन भने वीमा गरेको आयोजनाहरुको पनि सम्झौता अवधि थप गर्दा विमा अवधि थप गराउने गरेको देखिएन ।

११ **जिन्सी:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० अनुसार जिन्सी सामानहरु लिलाम तथा मर्मत गर्ने र मूल्य नखुलेका जिन्सी सामानको मूल्य खुलाउनु पर्ने भनी औंल्याएकामो सो कार्यान्वयन नभएकोले यस तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

१२ **जनता आवास कार्यक्रम**: जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०६८ को परिच्छेद ३ दफा ६(३) मा व्यवस्था भए बमोजिम यो वर्ष रु १ करोड १७ लाख ३० हजार आवास निर्माणमा खर्च गरेकोमा आवास सम्पन्न भएपछि मात्र एकमुष्ट विल भरपाई तथा मूल्यांकन गर्ने गरेको पाईयो । तर कार्यक्रमको प्रगति प्रतिवेदन तयार गरी नियमित रुपमा विवरण पेश गर्नुपर्ने र डिभिजन कार्यालयबाट प्रभावकारी रुपमा अनुगमनको व्यवस्था हुनुपर्दछ ।

१३ **भेरिएशन:** एक स्वास्थ्य चौकी भवन निर्माण गर्न एक सयुक्त उपकमलाई लागत अनुमान रु.४ करोड १० लाख ९५ हजार मध्ये रु.३ करोड १४ लाख ८२ हजार मिति २०६८।०३।०६ वाट शुरुगरी २०६९।४।२६ मा सम्पन्न गर्नेगरी निर्माण कार्य गराएको छ । उक्त कार्यमा पटक पटक म्याद थप गर्दै अन्तिम पटक कार्यालयलाई थप भार नपर्ने गरी २०७३।०३।२९ सम्म म्यादथप गरेकोमा दुई भवन जडानको व्यवस्था नगरेको कारण भेरीएशन गरी रु.३ करोड ४६ लाख १२ हजारमा अन्तिम विलवाट रु.३ करोड ३७ लाख ५२ हजार भुक्तानी गरेको छ । यसमा शुरु संझौता भन्दा रु २२ लाख ७० हजार वढी भेरीयशन गरी भुक्तानी भएको छ ।

१४ **म्याद थप:** एक स्थानको जग्गाको संरक्षण गर्न रु.२५ लाख २८ हजारको लगत अनुमान तयार गरी एक निर्माण सेवाले रु २० लाख २२ हजारमा काम गर्नका लागी २०७२ चैत्र २६ गते संझौता भई कार्यादेश दिएकोमा २०७३।०३।२० सम्म काम सम्पन्न गर्नेगरी सम्झौता गरिएकोमा निजलाई २ वटा रनिंग विलवाट रु.१२ लाख ३५ हजार भुक्तानी भएको छ । निजले २०७३।०३।१२ मा म्यादथपको लागी निवेदन दिएकोमा म्यादथप नगरी दोश्रो रनिंग विलको रकम रु.५२ लाख ८६ हजार भुक्तानी दिएकोछ । म्याद थपको प्रकृयामा रहेको कार्यालयले जनाएको छ ।

१५ **मुआव्जा वितरण:** जिल्ला प्रशासन कार्यालयबाट मुआव्जा वितरण गरी वचत हुन गएको रकम रु.४० लाख ९६ हजार डिभिजन कार्यालयमा फिर्ता पठाएकोमा उक्त रकम ख ६ समुह खातामा दाखिला भएको छ । सो रकम संचितकोषमा दाखिला गर्नु पर्दछ ।

१६ **विल:**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) वमोजिम उपभोक्ता समितिलाई रु.३ लाख ७२ हजार भुक्तानी दिएकोमा निज उपभोक्ता समितिहरुको विल भरपाई पेश भएन ।

१७ **अग्रिम कर:**विभिन्न कर्मचारीले यस आर्थिक वर्षमा नगर विकास कोष नेपालगञ्ज तथा कोहलपुरबाट समेत प्रोत्साहन भत्ता रकम पाएकोमा आयकर ऐन २०५८ अनुसार लाग्ने अग्रिम कर रु १८ हजार असूल गर्नुपर्दछ ।

१८ **बोर्डिङ्ग पास:**एक कर्मचारी ३० जुन २०१६ मा काठमाण्डौबाट नेपालगञ्ज आउदा प्लेन टिकट वापत रु ५ हजार भुक्तानी भएकोमा वोर्डिग पास पेश भएन ।

१९ **असुल:** एक कर्मचारीलाई दैनिक भ्रमण भत्ता वापत रु ७६ हजार भुक्तानी गर्नुपर्नेमा रु ७८ हजार भुक्तानी गरेकोले बढी भुक्तानी रु २ हजार असूल गर्नुपर्दछ । साथैकार्यालयले विभिन्न ५ प्रशिक्षकलाई

प्रतिकक्षा वापत रु १ हजार का दरले २२ वटा कक्षाको रु २६ हजार भुक्तानी गरेकोमा अर्थमन्त्रालय बजेट तथा कार्यक्रम सञ्चालन निर्देशिका अनुसार प्रति कक्षा रु १ हजार पाउने व्यवस्था भएकोमा बढी भुक्तानी रु २ हजार असूल गर्नुपर्दछ ।

२० **पेश्की बांकी**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७७ बमोजिम आर्थिक बर्षको अन्त्यसम्म बांकी रहेको मोविलाइजेशन पेश्की रु १ करोड २३ लाख ३३ हजार नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

## हुलाकी राजमार्ग आयोजना

१ **वित्तिय प्रगतिः** आयोजनाले यसवर्ष, पुल निर्माण, सडक मर्मत र पुल संरक्षण कार्यक्रम तर्फ कुल वित्तिय प्रगती ७४.२३ देखिएको यस योजनाको मुख्य उद्देश्य हुलाकी राजमार्गमा पर्ने पुलहरु निर्माण तथा सडक मर्मतगर्ने रहेकोमा पुल निर्माण तर्फ ५१.२६ र मुआब्जातर्फ ४४.५७ मात्र खर्च भएको देखिएको छ ।

२ **भौतिक प्रगतिः** वार्षिक प्रगति प्रतिवेदन अनुसार यो वर्ष २३ वटा योजना सञ्चालनमा रहेकोमध्ये ११ वटा योजनाको प्रगति ५० प्रतिशतसम्म र १२ वटा योजनाको प्रगति ७५ प्रतिशत भन्दा कम रहेको देखिन्छ। समयमै कार्यक्रम स्वीकृत गर्ने, ठेक्का व्यवस्था गर्ने र कार्य सम्पन्न गरी सतप्रतिशत प्रगति हासिलगर्ने व्यवस्था मिलाउनुपर्ने देखिएको छ ।

३ **चौमासिक खर्चः** कार्यालयले तेस्रो चौमासिकमा मात्र ८४.३७ प्रतिशत तथा असार महिनामा मात्र ६३.४६ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असरपर्ने स्थिति रहन्छ ।

